सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

९ साउन २०८२, शुक्रबार (25 July 2025, Friday) ■ नेपाल संवत् ११४५ ■ वर्ष १९ ■ अंक १०३ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

पाँच आधार देखाउँदै राष्ट्रपतिले संसद्मा फिर्ता पठाए संवैधानिक परिषद्सम्बन्धी विधेयक



अल्पमतको निर्णयले कार्यकारीको स्वेच्छाचारितालाई प्रश्रय दिने भन्दै पुनर्विचार गर्न आग्रह

(विस्तृत पृष्ठ ३)

संयुक्त सीमा व्यवस्थापन समितिको खल्लो बैठक



अग्रलेख

● बुद्धिनारायण श्रेष्ठ

सनातनी एजेन्डा राखेर सनातनी तरिकाले नै बैठक टुंग्याइएकाले यसपटकको संयुक्त सीमा व्यवस्थापन समितिको बैठक निकै खल्लो साबित भयो

(विस्तृत पृष्ठ ४)

नागढुंगा सुरुङमार्गमा पुसबाट गाडी गुड्ने



फूलाई ओभर निर्माणको सबै काम सकियो, १२ वटै संरचना तयार

(विस्तृत पृष्ठ ६)

थाइल्यान्ड-कम्बोडिया सिमानामा झडप, कम्तीमा १२ जनाको मृत्यु



(विस्तृत पृष्ठ ५)

कर्नर किक

● रवि मिश्र



■ ६४ लाख पासपोर्ट छाप्ने ठेक्कामा 'सेटिङ'

प्राविधिक मापदण्डमै 'अयोग्य' कम्पनीलाई दिइयो आठ अर्बको ठेक्का

नवराज मैनाली / नयाँ पत्रिका

राहदानी विभागले आफैंले बनाएको प्राविधिक मापदण्डविपरीत 'अयोग्य' कम्पनीलाई ६४ लाख ई-पासपोर्ट छपाइका लागि आठ अर्ब रुपैयाँको ठेक्का लगाएको छ। विभागले अन्तर्राष्ट्रिय बोलपत्रमा 'ब्लेड सर्भर' माग गरेकामा 'च्याक सर्भर' प्रस्ताव गर्ने दुई जर्मन कम्पनी म्युहलबाउर आइडी सर्भिस र भेरिडासलाई आठ अर्ब ६ करोड ३२ लाख १३ हजार ११७ रुपैयाँको ठेक्का दिएको हो। म्युहलबाउरले प्याकेज १ र भेरिडासले प्याकेज २ को ठेक्का पाएका छन्।

'ब्लेड सर्भर'को तुलनामा 'च्याक सर्भर' पुरानो प्रविधि हो भने ब्लेड सर्भर तीन गुणा महँगो पर्छ। तर, च्याक सर्भरले पनि विभागको भार थेग्ने भनेर सो कम्पनीलाई योग्य ठहर गरेपछि विभागकै कतिपय प्राविधिकले समेत पछि काममा समस्या आउन सक्ने भन्दै प्रश्न उठाएका छन्। त्यस्तै, प्राविधिक मूल्यांकनमै अयोग्य कम्पनीलाई ठेक्का दिएको भन्दै प्रतिस्पर्धी फ्रान्सेली कम्पनी आइडिमिया आइडेन्टिटी एन्ड सेक्युरिटीले उजुरीसमेत दिएको छ। आइडिमिया १५ वर्षदेखि नेपालको पासपोर्ट छाप्दै आएको कम्पनी पनि हो।

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २५(३) मा सानातिना फरक मूल्यले तात्विक रूपमा असर नपार्ने उल्लेख छ। तर, तीन गुणा महँगो पर्ने प्रविधि उल्लेख गरेर ठेक्काको दररेट तोकेको विभागले सस्तो प्रविधि प्रस्ताव गर्ने कम्पनीलाई यही दफाको व्याख्या गरी योग्य ठहर गरेको छ। यसले चलखेलको स्पष्ट दिशानिर्देश गरेको छ।

विभागका महानिर्देशक तीर्थराज अर्याल भने दुई किसिमका सर्भरमा खासै ठुलो भिन्नता नभएकाले स्वीकार गरिएको तर्क गर्छन्। 'च्याक सर्भर र ब्लेड सर्भर भनेका कम्प्युटर र ल्यापटप

» पृष्ठ २ मा क्रमशः



■ ठेक्कामा छ राजनीतिक 'कनेक्सन'

पासपोर्ट छपाइको ठेक्कामा जर्मन कम्पनी भेरिडासको नेपालस्थित एजेन्टका रूपमा राष्ट्रपति रामचन्द्र पौडेलका राजनीतिक सल्लाहकार एवं कांग्रेस नेता सुनील थापाका छोरा सिद्धार्थ थापाको कम्पनी छ। यसमा परराष्ट्रमन्त्री आरजु राणाको समेत ठुलो चासो जोडिएको स्रोतको दाबी छ। यस विषयमा प्रतिक्रिया लिन खोज्दा मन्त्री राणाले फोन उठाइनन्।



● **तीर्थराज अर्याल,** महानिर्देशक, राहदानी विभाग

च्याक सर्भर र ब्लेड सर्भर भनेका कम्प्युटर र ल्यापटप भनेजस्तै हुन्, जुन सर्भर भए पनि हाम्रा लागि उपयुक्त हुने भएकाले योग्य मानिएको हो।

■ नवीन प्रविधिको ब्लेड सर्भर अनिवार्य भनिएको थियो, १९९० को च्याक सर्भर स्वीकृत गरियो

पासपोर्टको ठेक्कामा सर्भर पनि मुख्य हो। त्यसैले यसलाई अनिवार्य मापदण्डमा राखिएको थियो। टेक्निकल स्पेसिफिकेसनको दफा ३.१.२३ मा ब्लेड सर्भरलाई अनिवार्य प्राविधिक आवश्यकतामा राखिएको थियो। तर, मिलेमतोमा जर्मन कम्पनीले प्रस्ताव गरेको च्याक सर्भरलाई स्वीकार गरियो। यसले प्राविधिक मूल्यांकनमै गम्भीर प्रश्न उठेको छ। जानकारहरूका अनुसार च्याक सर्भर सन् १९९० को प्रविधि हो भने ब्लेड सर्भर २००३ तिरको नयाँ प्रविधि हो। क्षमता र मूल्यमा पनि यसको ठुलो भिन्नता हुन्छ।

■ प्राविधिक उपसमितिमा विवाद भएपछि सदस्यहरूले गरेनन् हस्ताक्षर, मूल समितिबाट सिधै गरिएको थियो निर्णय

बोलपत्रको मूल्यांकनका लागि राहदानी विभागले १२ सदस्यीय उपसमिति गठन गरेको थियो। जसरी पनि जर्मन कम्पनीको प्रस्ताव स्वीकृत गराउन उपसमितिलाई दबाब दिइएको थियो। तर, सर्भर स्पेसिफिकेसनमा भएकोभन्दा फरक परेको तथा आइएसओ प्रमाणपत्रसमेत नभएपछि उपसमितिका ६ सदस्य प्राविधिक रूपमा योग्य मान्न तयार भएनन्। उपसमितिले एकमतले निर्णय दिन नसकेपछि महानिर्देशक तीर्थराज अर्याल नेतृत्वको मूल्यांकन समितिले नै 'सानातिना फरक' भन्दै टेक्निकल स्पेसिफिकेसनको मापदण्ड पूरा हुने निर्णय गरेको थियो। यसका लागि अर्यालले बोलपत्र मूल्यांकन समितिका सदस्य सुनीलकुमार केसीको संयोजकत्वमा कम्प्युटर इन्जिनियर विपिन प्रसाईं तथा सूचना प्रविधि अधिकृत नवीन चौलागाईं रहेको अर्को प्राविधिक समिति गठन गरेका थिए। जुन समितिले ब्लेड सर्भरको तुलनामा च्याक सर्भर ५० हजार ८२ डलर मात्र सस्तो हुने प्रतिवेदन दियो। सोही प्रतिवेदनलाई आधार बनाएर मूल मूल्यांकन समितिले 'सारभूत रूपमा फरक नपर्ने' भन्दै जर्मन कम्पनीको प्रस्ताव स्वीकार गर्ने निर्णय गऱ्यो। यो विषयमा अहिले पनि विभागभित्रै विवाद रहेको स्रोत बताउँछ।

■ विदेशी मुद्राको मूल्यांकन पनि सार्वजनिक खरिद ऐनको मर्मविपरीत गरियो, कम्तीमा २९ करोड नोक्सान

यो ठेक्का दिँदा विदेशी मुद्राको मूल्यांकन पनि सार्वजनिक खरिद ऐनको मर्मविपरीत गरिएको छ। प्राविधिक प्रस्ताव खोलिएको मितिलाई आधार बनाएर मूल्यांकन गरिएको छ। सामान्यतः आर्थिक प्रस्ताव खोलिएको मितिको विनिमय दरलाई आधार बनाएर मूल्यांकन गरिन्छ। प्राविधिक प्रस्ताव ९ फागुन ०८१ मा खोलिएको थियो भने आर्थिक प्रस्ताव १४ जेठ ०८२ खोलिएको छ। आर्थिक प्रस्ताव खोलिएको मितिको आधारमा मूल्यांकन गर्दा जर्मन कम्पनीको दररेट महँगो हुने भएकाले सार्वजनिक खरिद ऐनको मर्मविपरीत अनुकूल व्याख्या गरेर प्राविधिक प्रस्ताव खोलिएको मितिको दररेटका आधारमा निर्णय गरिएको छ। किनकि यसमा प्रतिस्पर्धी फ्रान्सेली कम्पनी आइडिमियाले अमेरिकी डलरअनुसार र जर्मन कम्पनीले युरोअनुसार प्रस्ताव गरेको थियो। फागुनको तुलनामा जेठमा युरोको भाउ उच्च भएको थियो। त्यसैले फागुनकै मितिलाई आधार बनाइयो। ९ फागुन ०८१ मा बिक्रीदर युरो १४६.६० रुपैयाँ र अमेरिकी डलर १३९.६० थियो। आर्थिक बोलपत्र खोलिएको दिन १४ जेठमा डलरको दररेट खस्किएर १३७.०५ रुपैयाँ थियो भने युरो बढेर १५५.७४ पुगेको थियो। योजनाबद्ध रूपमै अनुकूल कम्पनीलाई फाइदा हुने गरी प्राविधिक प्रस्ताव खोलिएको मितिको दररेटअनुसार हिसाब गरेर ठेक्का दिइएको छ। आर्थिक प्रस्ताव खोलिएको मितिअनुसार निर्णय गरिएको भए आइडिमियाको प्रस्ताव २८ करोड ९५ लाख ३१ हजार ५४५ रुपैयाँ सस्तो पर्थ्यो।

कर्णाली विकास बैंकमा सवा तीन अर्ब हिनामिना भएको सिआइबीको निष्कर्ष

■ १११ जनाविरुद्ध मुद्दा चलाउन सिफारिस, राष्ट्र बैंकका कर्मचारीमाथिको अनुसन्धानमा सिआइबी नरम

नयाँ पत्रिका

कर्णाली विकास बैंकका सञ्चालक र कर्मचारीको मिलेमतोमा तीन अर्ब २० करोड हिनामिना भएको निष्कर्ष प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)ले निकालेको छ। जसमा सिआइबीले १११ जनाको संलग्नता देखिएको भन्दै उनीहरूविरुद्ध मुद्दा चलाउन सिफारिस गरेको छ।

उच्च सरकारी वकिल कार्यालय, नेपालगन्जमा प्रारम्भिक अनुसन्धान प्रतिवेदन बुझाउँदै

» पृष्ठ २ मा क्रमशः



राजेन्द्रवीर राय (अध्यक्ष) पशुपतिदयाल मिश्र (पूर्वअध्यक्ष)

नीरजविक्रम शाह (सिइओ) दिनेशकुमार रावत (पूर्वसिइओ)

भूमि विधेयक 'फास्ट ट्र्याक'मा पारित गर्ने प्रधानमन्त्रीको प्रयास असफल

प्रतिपक्षी मात्रै होइन, सत्तासाझेदार कांग्रेसकै सांसदले प्रतिवाद गरेपछि प्रतिनिधिसभाले दफावार छलफलका लागि समितिमा पठायो विधेयक



कमलराज भट्ट / नयाँ पत्रिका

निहित स्वार्थमा संसदीय समितिलाई नै छलेर भूमि विधेयक 'फास्ट ट्र्याक'मा पारित गराउने प्रधानमन्त्री केपी ओलीको जोडबल असफल भएको छ। प्रतिपक्षी मात्रै होइन, सत्तारूढ कांग्रेसकै सांसदहरूले प्रतिवाद गरेपछि प्रतिनिधिसभाले भूमिसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक दफावार छलफलका लागि कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिमा पठाएको हो।

घरजग्गा व्यवसायीले हदबन्दीभन्दा धेरै जग्गा बिक्री गर्न पाउने, अव्यवस्थित बसोबासीका नाममा सार्वजनिक जमिन पनि बाँड्न मिल्ने र कृषि

» पृष्ठ २ मा क्रमशः

■ घुसकाण्डमा मुछिएका मन्त्री अधिकारीमाथि निरन्तर कारबाहीको माग



पोखराको लिचीघारी जग्गा हिनामिनाका लागि भएको घुस डिलमा मुछिएका भूमि व्यवस्थामन्त्री बलराम अधिकारीमाथि कारबाही गर्न संसद्मा दिनदिनैजसो आवाज उठिरहेको छ। तर, न त प्रधानमन्त्रीले चासो दिएका छन्, न अख्तियारले नै अनुसन्धानको दायरामा ल्याएको छ।

रसुवागढी-केरुङमा भदौभित्र बेलिब्रिज बनाइदिने चीनको प्रस्ताव

नेपालले औपचारिक सहमति दिएपछि पुल निर्माण अघि बढ्ने, परराष्ट्र मन्त्रालयमा पुगेको छ फाइल



● **अर्जुन पौडेल,** सिडिओ, रसुवा

चीनले बेलिब्रिज निर्माणका लागि आवश्यक सामग्री केरुङसम्म ल्याइरहेको छ, पारिपट्टि साइट क्लियरेन्सको कामसमेत सुरु गरिसकेको छ। नेपाल सरकारले सीमामा संरचना निर्माणको सहमति दिएपछि उनीहरूले धमाधम काम अघि बढाउनेछन्।

कृष्ण रिजाल / नयाँ पत्रिका

असार अन्तिम साताको बाढीले नेपाल-चीन जोड्ने सीमापुल बगाएपछि सडक-सम्पर्क विच्छेद भएको रसुवा-केरुङ नाकामा एक महिनाभित्रै बेलिब्रिज निर्माण गरिने भएको छ। ३० भदौ (१५ सेप्टेम्बर) भित्र बेलिब्रिज निर्माण गरेर सञ्चालनमा ल्याउने प्रस्ताव चीनले गरेको छ। यसमा नेपालले मौखिक सहमति जनाइसकेको छ। औपचारिक सहमति दिएपछि पुल निर्माण अघि बढ्नेछ।

प्रधानमन्त्री केपी ओली नेतृत्वको विपत् जोखिम

» पृष्ठ २ मा क्रमशः



रसुवागढी नाकाबाट कति हुन्छ व्यापार ?

नेपाल र चीनबिच वार्षिक सवा तीन खर्ब रुपैयाँहाराहारीको व्यापार हुँदै आएको छ। ०८१/८२ मा नेपालमा चीनबाट तीन खर्ब ४१ अर्ब १० करोड ४५ लाख रुपैयाँबराबरको आयात भएको छ। यस अवधिमा निर्यात भने दुई अर्ब ६३ करोड रुपैयाँबराबरको भएको भन्सार विभागको तथ्यांक छ। नेपाल-चीनबिच सबैभन्दा बढी आयात-निर्यात हुने प्रमुख व्यापारिक नाका रसुवागढी-केरुङ हो। ०८१/८२ मा रसुवा नाका हुँदै ८५ अर्ब २३ करोड २३ लाखबराबरको आयात भएको छ। जुन कुल आयातको ४.७२ प्रतिशत हो। यस अवधिमा रसुवा हुँदै दुई अर्ब चार करोड ५२ लाखबराबरको निर्यात भएको छ। यो कुल निर्यातको ०.७४ प्रतिशतबराबर हो।

ओलीले सदस्यता नवीकरण रोकेपछि काउन्टरको तयारीमा विद्या

आज पत्रकार सम्मेलनमार्फत औपचारिक धारणा सार्वजनिक गर्दै

काठमाडौं / एमाले अध्यक्ष केपी ओलीले केन्द्रीय कमिटी बैठकबाट निर्णय गराएर आफूलाई सदस्यता नवीकरणमा प्रतिबन्ध लगाएपछि पूर्वराष्ट्रपति विद्या भण्डारीले काउन्टरको तयारी गरेकी छिन्। उनले शुक्रबार पत्रकार सम्मेलनमार्फत औपचारिक धारणा सार्वजनिक गर्न लागेकी हुन्।



भण्डारीले अपराह्न ३ बजे पत्रकार सम्मेलन राखेकी छिन्। सोही सम्मेलनबाट आफ्नो आगामी कदमबारे थप प्रस्ट पार्ने तयारी गरेको उनको सचिवालयले जनाएको छ। भण्डारीनिकट एक नेताले शुक्रबारको पत्रकार सम्मेलनमा धेरै विषय स्पष्ट हुने बताए। भण्डारीले पछि नहट्ने अडान कायम राखेको उनको भनाइ छ।

गत मंगलबार मध्यरात एमाले केन्द्रीय कमिटी बैठकले भण्डारीलाई पार्टीको सक्रिय राजनीतिमा फर्किन रोक लगाउने निर्णय गरेको थियो। तर, त्यसै दिन दिउँसो सीमित पत्रकारहरूसँगको भेटमा भण्डारीले आफू राजनीतिमा अगाडि बढिसकेकाले पछि नहट्ने जनाउ दिएकी थिइन्। एमाले केन्द्रीय कमिटीले गरेको निर्णयमा उपाध्यक्षद्वय सुरेन्द्र पाण्डे र युवराज ज्ञवाली तथा नेता कर्ण थापाले असहमति राखेका थिए।

प्राविधिक मापदण्डमै...

पृष्ठ १ बाट क्रमशः

भनेजस्तै हुन्, जुन सर्भर भए पनि हाम्रा लागि उपयुक्त हुने भएकाले योग्य मानिएको हो,' उनको जवाफ छ।

तर, फ्रान्सेली प्रतिस्पर्धी कम्पनी आइडिमियाका अधिवक्ता राष्ट्रविमोचन तिमल्सिना भने ब्लेड र ऱ्याक सर्भर उस्तै नभएको दाबी गर्छन्। 'ऱ्याक सर्भर भनेको सन् १९९० को प्रविधि हो, ब्लेड सर्भर २००३/००४ मा आएको नयाँ प्रविधि हो,' उनले भने, 'क्षमता र मूल्यमा पनि यसको ठुलो भिन्नता छ।'

पासपोर्टको ठेक्कामा सर्भर अभिन्न अंग भएकाले यसलाई अनिवार्य मापदण्डका रूपमा राखिएको थियो। टेक्निकल स्पेसिफिकेसनको दफा ३.१.२३ मा ब्लेड सर्भरलाई अनिवार्य प्राविधिक आवश्यकताका रूपमा राखिए पनि पछि ऱ्याक सर्भरलाई स्वीकार गर्नुले प्राविधिक मूल्यांकनमै गम्भीर प्रश्न उठेको छ। विभागले युरोको रेटअनुसार पासपोर्ट छपाइको ठेक्का दिएकाले देशलाई अतिरिक्त आर्थिक भारसमेत पर्ने अवस्था छ।

यो ठेक्कामा दोस्रो गम्भीर विषय विदेशी मुद्रा सटहीसम्बन्धी छ। यसमा प्राविधिक प्रस्ताव खोलिएको मितिलाई आधार बनाएर मूल्यांकन गरिएको छ। सामान्यतः आर्थिक प्रस्ताव खोलिएको मितिको विनिमय दरलाई आधार बनाएर मूल्यांकन गरिन्छ। प्राविधिक प्रस्ताव ९ फागुन ०८१ मा खोलिएको थियो भने आर्थिक प्रस्ताव १४ जेठ ०८२ खोलिएको छ। आर्थिक प्रस्ताव खोलिएको मितिको आधारमा मूल्यांकन गर्दा जर्मन कम्पनीको दररेट महँगो हुने भएकाले यसरी सार्वजनिक खरिद ऐनको मर्मविपरीत अनुकूल व्याख्या गरेर पुरानो मिति (आर्थिक प्रस्ताव खोलिएको)को दररेटका आधारमा निर्णय लिएको देखिन्छ। किनकि यसमा प्रतिस्पर्धी अर्को कम्पनी आइडिमियाले अमेरिकी डलरअनुसार प्रस्ताव गरेकोमा जर्मन कम्पनीले युरोअनुसार प्रस्ताव गरेको थियो। फागुनको तुलनामा जेठमा युरोको भाउ उच्च भएको थियो। जसकारण फागुनकै मितिलाई आधार बनाइएको हो।

९ फागुन ०८१ मा युरोको बिक्रीदर १४६.६० रुपैयाँ थियो भने अमेरिकी डलर १३९.६० थियो। आर्थिक बोलपत्र खोलिएको दिन १४ जेठमा अमेरिकी डलरको दररेट खस्किएर १३७.०५ रुपैयाँ थियो भने युरो बढेर १५५.७४ पुगेको थियो। जसकारण नियोजित रूपमा आफूअनुकूल कम्पनीलाई फाइदा हुने गरी प्राविधिक प्रस्ताव खोलिएको मितिको दररेटअनुसार हिसाब गरेर ठेक्का दिइएको छ। आर्थिक प्रस्ताव खोलिएको मितिअनुसार निर्णय गरेको भए आइडिमियाको प्रस्ताव २८ करोड ९५ लाख ३१ हजार ५४५ रुपैयाँ सस्तो पर्थ्यो।

विभागका महानिर्देशक अर्याल आफ्नो प्रस्ताव सस्तो रहेको भन्ने आइडिमियाको दाबी अनुकूल व्याख्या र भुलभुलैया मात्रै भएको टिप्पणी गर्छन्। आर्थिक मूल्यांकनमा जर्मन कम्पनीकै सस्तो भएकाले उसलाई दिइएको उनको भनाइ छ। 'कुन मितिको दररेट मान्य हुने विषयमा सार्वजनिक खरिद अनुगमनको कार्यालयले फैसला दिइसकेकाले यसमा विवाद छैन,' महानिर्देशक अर्यालले भने। तर, आइडिमियाले आफूले प्रस्ताव गरेको क्रस-प्याकेज छुटको विषयलाई नजरअन्दाज गरी पक्षपाती भएर मूल्यांकन गरिएको दाबी गरेको छ।

बोलपत्र डकुमेन्टको ३७.१ मा पनि प्रस्टसँग बोलपत्र खोलिएको दिनको नेपाल राष्ट्र बैंकले तय गर्ने विदेशी विनिमयको बिक्रीदरअनुसार हुने भनेर उल्लेख छ। बोलपत्र खोलिने दिन भन्नाले आर्थिक प्रस्ताव खोलिने दिनका लागि अभ्यास हुँदै आएकोमा यसमा भने फरक शैली अपनाइएपछि गम्भीर प्रश्न उठेको छ। सार्वजनिक खरिद ऐनविपरीत पुरानो मितिको दररेटअनुसार आर्थिक मूल्यांकन गरेर जर्मन कम्पनीलाई ठेक्का दिएपछि गम्भीर प्रश्न उठेको हो।

यसले देशलाई नै ठुलो आर्थिक भार पर्ने अवस्थासमेत देखिएको छ। हाल प्रतियुरोको रेट १६२ रुपैयाँ पुगिसकेको छ। जर्मन कम्पनीलाई भुक्तानी दिँदा पछिल्लो रेटअनुसार नै दिनुपर्ने भएकाले यसमा देशलाई ठुलो भार पर्ने निश्चित छ। विभागका महानिर्देशक अर्याल यो विषय भने स्वीकार गर्छन्। अहिले युरोको रेट बढेकाले लागत केही बढ्न सक्ने उनको भनाइ छ। 'नियमले नै तीन विदेशी मुद्रासँग कोट गर्न पाइन्छ भनेको छ। त्यहीअनुसार बोलपत्रमा छुट दिएका हौँ,' उनले भने, 'एउटाले युरोमा गऱ्यो, अर्कोले डलरमा। युरोको भाउ बढ्यो भने यसमा घाटा हुने भयो। भविष्यको कुरा हामीले कसरी थाहा पाउने ? अहिले युरो बढेको छ भने हामीले परिवर्तन गर्न मिल्दैन।'

मूल्यांकनका क्रममा प्राविधिक उपसमितिमै भएको थियो विवाद, कतिपय सदस्यले हस्ताक्षर नै गरेनन्

बोलपत्र मूल्यांकनको क्रममा विभागको प्राविधिक उपसमितिमा समेत सर्भर र ठेक्का दररेटको विषयलाई लिएर विवाद भएको थियो। स्रोतका अनुसार १२ सदस्यीय उपसमितिले ६२ कैफियत निकालेको थियो। जसकारण उपसमितिका सदस्यहरू विभाजित भएका थिए। भ्रष्टाचारमा पर्न सकिने डरले केहीले हस्ताक्षर नै नगरेको स्रोतले बतायो। पछि मूल समितिले यस विषयमा निर्णय गरेको थियो। मूल मूल्यांकन समिति विभागका महानिर्देशकको अध्यक्षतामा बनाइएको थियो।

विभागले १३ मंसिर ०८१ मा पासपोर्ट छपाइसम्बन्धी बोलपत्रको सूचना प्रकाशन गरेको थियो। जसमा २९ जेठ ०८२ मा बोलपत्र स्वीकृत गरेको थियो। जर्मन कम्पनीका पछाडि राज्यसंयन्त्रका उच्च पदमा बसेका र शक्तिकेन्द्रका निकट व्यक्तिहरू लागेकाले नियम मिचेर देशलाई ठुलो घाटा हुने गरी पासपोर्ट छपाइमा निर्णय गरिएको विभागकै अधिकारीहरू बताउँछन्। यो ठेक्कामा जर्मन कम्पनी भेरिडासको नेपालस्थित एजेन्टका रुपमा राष्ट्रपति रामचन्द्र पौडेलका राजनीतिक सल्लाहकार एवम् कांग्रेस नेता सुनिल थापाका छोरा सिद्धार्थको कम्पनी छ। यसमा परराष्ट्रमन्त्री आरजु राणाको समेत चासो जोडिएको स्रोत बताउँछ। यस विषयमा प्रतिक्रिया लिन खोज्दा मन्त्री राणासँग सम्पर्क हुन सकेन।

अदालत पुग्यो विवाद

पासपोर्ट छपाइ ठेक्काको विवाद सार्वजनिक खरिद अनुगमन कार्यालयदेखि अदालतसम्म पुगिसकेको छ। सार्वजनिक खरिद अनुगमन कार्यालयले विभागकै पक्षमा निर्णय गरेपछि आइडिमिया सो फैसलाविरुद्ध अदालत जाने तयारीमा छ। गत ५ साउनमा अनुगमन कार्यालयको पुनरावलोकन समितिले विभागको पक्षमा फैसला गरेको हो। ठेक्का पाउने कम्पनीको आइकाओको मापदण्डअनुसारको क्षमतासमेत नभएको आइडिमियाको तर्फबाट बहस गरेका अधिवक्ता राष्ट्रविमोचन तिमल्सिना बताउँछन्। बोलपत्रसम्बन्धी प्रक्रियाको निष्पक्षता र पारदर्शितालगायत समान प्रतिस्पर्धासम्बन्धी अवधारणाको गम्भीर उल्लंघन भएको आइडिमियाका अधिकारीको दाबी छ। यसअघि आइडिमिया रिट लिएर सर्वोच्च गएकामा मुद्दा विचाराधीन छ।

भूमि विधेयक...

पृष्ठ १ बाट क्रमशः

क्षेत्रको जग्गासमेत कित्ताकाट गर्न दिनेलगायत खुकुला र विवादास्पद प्रावधान राखिएको विधेयक सरकारले २३ वैशाखमा प्रतिनिधिसभामा दर्ता गरेको थियो। प्रधानमन्त्री ओलीको जोडबलमा सिधै सदनबाट पारित गराउन विधेयकलाई १४ जेठ र २५ असारमा दुईपटक प्रतिनिधिसभाको कार्यसूचीमा राखिएको थियो। भूमि व्यवस्थामन्त्री बलराम अधिकारीसमेत पोखराको लिचीधारी जग्गा हिनामिनाका लागि भएको घुस डिलमा मुछिएका वेला प्रधानमन्त्रीले देखाएको अस्वाभाविक सक्रियतालाई सांसदहरूले थप शंकास्पद ठानेका थिए।

उनी भूमि व्यवस्थामन्त्री अधिकारीले बिहीबार प्रतिनिधिसभा बैठकमा विधेयक दफावार छलफलका लागि समितिमा पठाइयोस् भनेर प्रस्ताव लगे। मन्त्री अधिकारीको प्रस्तावलाई सभाले सर्वसम्मत स्वीकृत गरेसँगै विधेयक समितिमा पुगेको छ।

स्वार्थका व्यवस्था घुसाएर भूमि ऐन ल्याउने प्रधानमन्त्री ओलीको जोडबल नयाँ होइन। यसअघि अध्यादेश ल्याइएको थियो। तर, सरकारलाई समर्थन दिएको जसपा नेपाल र लोसपाले विरोध गरेपछि फिर्ता लिन बाध्य भएको थियो। खासगरी राष्ट्रिय सभामा बहुमत नपुग्ने भएपछि पछि हटेको सरकारले अध्यादेश फिर्ता लिएर विधेयक ल्याएको थियो। अध्यादेशमा राष्ट्रपति रामचन्द्र पौडेलले समेत चासो राखेका थिए। अध्यादेश निष्क्रिय पारेर हुबहु प्रावधानसहित विधेयक ल्याएको सरकारले सदनमै छलफल गरेर एकैदिनमा फास्ट ट्र्याकमा पारित गर्न कसरत गरेको थियो। त्यसका लागि प्रधानमन्त्री ओलीले कांग्रेस सभापति शेरबहादुर देउवा, जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवलगायतसँग संवाद गरेका थिए। तर, कांग्रेसकै महामन्त्रीसहित संशोधनकर्ता सांसदले सार्वजनिक रूपमै विरोध गरेपछि सरकार समितिमा पठाउन बाध्य भएको हो।

२५ असारमा सदनबाट पारित गर्न कार्यसूचीमा राख्दा कांग्रेस महामन्त्री विश्वप्रकाश शर्माले सामाजिक सञ्जालमार्फत प्रतिवाद गरेका थिए भने सदनभित्र फ्लोर क्रस गर्ने चेतावनी दिएका थिए। ५ साउनमा भूमि व्यवस्थामन्त्रीसँगको छलफलमा अर्का महामन्त्री गगन थापासहित सांसदहरूले समितिमै पठाउनुपर्ने अडान लिएका थिए। भूमि व्यवस्थामन्त्री अधिकारीले कांग्रेसले राखेका संशोधनहरू स्वीकार गर्ने भन्दै सदनबाटै पारित गर्न अनुरोध गरेकोमा महामन्त्री थापाले सार्वजनिक रूपमा प्रश्न उठेकाले त्यसको निरूपणका लागि पनि समितिमै पठाउनुपर्ने अडान लिएका थिए। कांग्रेससँगको सल्लाहमा सरकारले विधेयक समितिमा पठाएको कांग्रेस प्रमुख सचेतक श्याम घिमिरेले बताए। समितिबाट विधेयक समृद्ध बनाउने उनको भनाइ छ।

अब समितिमा के हुन्छ ?

विधेयकमा ५५ संशोधन परेका छन्। अब समितिमा संशोधनकर्ताहरूसँग छलफल हुनेछ। भूमिसँग सम्बन्धित विज्ञहरू र सरोकारवालासँग पनि छलफल हुनेछ। कांग्रेस महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्मासहित कांग्रेस सांसदहरूले विधेयकमा हदबन्दी छुटको जग्गा बिक्री-वितरण गर्न नपाउने संशोधन राखेका छन्।

महामन्त्रीद्वय थापा र शर्माले राखेको संशोधन प्रस्तावमा भनिएको छ, 'प्रचलित कानुनबमोजिम हदबन्दीको छुट लिँदा कुनै कृषि फार्म, चिया उद्योगजस्ता व्यावसायिक कृषि उद्योग, प्रतिष्ठान, शिक्षण संस्था, स्वास्थ्य संस्था आदि प्रयोजनको लागि भनी छुट लिएको वा स्वीकृति लिएको जग्गा सोही प्रयोजनका लागि तोकिएको सर्तबमोजिम उपयोग नगरी खाली (बाँझो) राखेको वा फरक प्रयोजनमा प्रयोग गरेको वा पछि घर जग्गा व्यवसायको कम्पनी खडा गरी सो कम्पनीको नामबाट उक्त जग्गामा घरजग्गा व्यवसाय गरेको वा त्यस्तो व्यवसाय गर्न स्वीकृति लिएको वा स्वीकृतिका लागि निवेदन दिएको रहेछ भने पनि पहिले कृषि, उद्योगलगायत अन्य प्रयोजनका लागि छुट वा स्वीकृति लिएको सो जग्गामा घरजग्गा व्यवसाय गर्न, घडेरी वा त्यस्तो घडेरीमा घर-आवास इकाइ (अपार्टमेन्ट) निर्माण गरी यस दफाबमोजिम बेचबिखन गर्न पाइनेछैन।'

दफा २ मा घरजग्गा व्यवसायको जग्गा बिक्रीसम्बन्धी व्यवस्था छ। उपदफा ४ मा '...सम्बन्धित निकायबाट घरजग्गा व्यवसाय गर्ने अनुमति लिएको कम्पनीको नाममा रहेको जग्गा कानुनबमोजिम स्वीकृति प्राप्त गरेको भएमा जग्गा विकास गरी विकसित घडेरी वा त्यस्तो घडेरीमा घर वा आवास इकाइ (अपार्टमेन्ट) निर्माण गरी बिक्री गर्न कुनै बाधा पर्नेछैन' भनिएको छ। यो प्रावधानले हदबन्दी छुटको जग्गा दुरुपयोगको जोखिम रहेको भन्दै चौतर्फी विरोध भइरहेको छ।

महामन्त्रीद्वय थापा र शर्माले 'जग्गाको प्रकृति, क्षेत्रफल, मूल्यांकन, आवाद कमोतको अवधि र अन्य सहरी क्षेत्रमा घर, घडेरी भए-नभएकोसमेत हेरेर मात्र अव्यवस्थित बसोबासीलाई जग्गा दिनुपर्ने' संशोधन राखेका छन्। तर, सरकारले 'अव्यव्यस्थित बसोबासीलाई जग्गा उपलब्ध गराउँदा जग्गाको प्रकृति, क्षेत्रफल र मूल्यांकनलाई समेत हेरी तोकिएबमोजिम दस्तुर लिई जग्गाको स्वामित्व उपलब्ध गराउन सक्ने' प्रावधान विधेयकमा प्रस्ताव गरिएको छ। महामन्त्रीद्वय थापा र शर्माले अव्यवस्थित बसोबासीको नाममा वन क्षेत्रको जग्गा दुरुपयोग हुन सक्ने आशयसहित सच्याउनुपर्ने प्रस्ताव गरेका छन्। सरकारले वन क्षेत्रको जग्गा पनि अव्यवस्थित बसोबासीलाई दिन सक्ने खुकुलो प्रावधान विधेयकमा राखेकोमा उनीहरूले वन/निकुञ्ज क्षेत्र जनिएको जग्गा खाली भए पनि वन र निकुञ्ज क्षेत्रमै कायम गर्नुपर्ने संशोधन राखेका छन्। तर, विधेयकमा यस्तो जग्गा नेपाल सरकारको नाममा ल्याउने प्रस्ताव छ।

संसद् सचिवालयका अनुसार विधेयकमा एमाले, माओवादी, रास्वपा, राप्रपा, एकीकृत समाजवादी, जसपा नेपाल, जनमत, लोसपा, जनमोर्चा, नेमकिपासहितका सांसदहरूले एकल र सामूहिक संशोधन प्रस्ताव दर्ता गराएका छन्। यसमा दफावार छलफल हुनेछ।

घुसकाण्डमा मुछिएका मन्त्री अधिकारीमाथि निरन्तर कारबाहीको माग



पोखराको लिचीधारी जग्गा हिनामिनाका लागि भएको घुस डिलमा मुछिएका भूमि व्यवस्थामन्त्री बलराम अधिकारीमाथि कारबाही गर्न संसद्मा दिनदिनैजसो आवाज उठिरहेको छ। तर, न त प्रधानमन्त्रीले चासो दिएका छन्, न अख्तियारले नै अनुसन्धानको दायरामा ल्याएको छ। बिहीबारको प्रतिनिधिसभा बैठकमा पनि अधिकारीमाथि कारबाहीको माग भयो। माओवादी सांसद पूर्णबहादुर घर्तीले घुस अडियो प्रकरणमा मुछिएका मन्त्री अधिकारीमाथि कारबाहीको माग गरे। अधिकारीलाई जोगाउन प्रधानमन्त्री केपी ओलीले 'बोलेकै आधारमा कारबाही हुँदैन' भनेर दिएको अभिव्यक्ति गैरजिम्मेवार मात्र नभएर लोकतन्त्रको उपहास र लज्जास्पद भएको उनले बताए।

जसपा अध्यक्ष उपेन्द्र यादवले संसद्मा भने-

वन फँडानी गर्न र भूमाफियालाई पोस्न भूमि विधेयक ल्याइयो

जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवले वन फँडानी गर्ने र भूमाफियालाई जग्गा प्रदान गर्ने गरी सरकारले भूमि विधेयक ल्याएको संसद्मा टिप्पणी गरे। चुरेमा बस्ती



र सडक निर्माणलगायतका दोहन कार्यले तराई-मधेशका जिल्लामा खडेरीको संकट परेको उल्लेख गर्दै उनले भने, 'यो समस्या विगत वर्षमा पनि थियो र सरकारलाई पटक-पटक सचेत पनि गराइएको थियो। तर, त्यसको वास्ता गरिएन।' तराई-मधेश मरुभूमीकरण भइरहँदा सरकारले वन फँडानी गर्ने र भूमाफियालाई जग्गा दिने गरी भूमि विधेयक ल्याएको यादवको आरोप छ। 'तराई-मधेशमा भइरहेको मरुभूमीकरण रोक्नुपर्छ। तर, विडम्बना! सरकारले एकातर्फ सगरमाथा संवाद गरेको छ, जलवायु परिवर्तनमाथि। अर्कोतर्फ वन फँडानी गर्ने र भूमाफियालाई जग्गा प्रदान गर्ने गरी कानुन पनि ल्याएको छ विधेयकको रूपमा। यो कस्तो नीति हामी अँगाल्दै छौँ ?' उनले प्रश्न गरे।

कर्णाली विकास...

पृष्ठ १ बाट क्रमशः

सिआइबीले यसमा नेपाल राष्ट्र बैंकको समेत शंकास्पद भूमिका औँल्याएको छ। राष्ट्र बैंकका पूर्वकर्मचारी भुवन बस्नेतलाई समेत प्रतिवादी बनाउन सिआइबीले सिफारिस गरेको छ। बस्नेतसहित चारजनालाई प्रहरीले थुनामा राखेर अनुसन्धान गरेको हो।

सिआइबी स्रोतका अनुसार मुद्दा चलाउन सिफारिस गरिएका अधिकांश सञ्चालक र कर्मचारी छन्। हिनामिनामा संलग्नमध्ये चारजनाको मृत्यु भइसकेको छ। उक्त बैंकको मुख्य कार्यालय नेपालगन्जमा भएकाले उच्च अदालत नेपालगन्जमा मुद्दा चलाउन प्रारम्भिक अनुसन्धान प्रतिवेदन बुझाइएको सिआइबीका एसएसपी होबिन्द्र बोगटीले बताए। हिनामिनामा संलग्नमध्ये सञ्चालक र कर्मचारीको संख्या ठुलो रहेको उनको भनाइ छ। मिलेमतोमा कर्जा लिएर नतिर्ने ऋणीहरूलाई पनि सिआइबीले मुद्दा चलाउन सिफारिस गरेको छ।

सिआइबीले बैंकका संस्थापक अध्यक्ष राजेन्द्रवीर राय, पूर्वअध्यक्ष पशुपतिदयाल मिश्रा, वित्त विभागका प्रमुख देवप्रकाशसिंह ठकुरी र राष्ट्र बैंकका पूर्वकर्मचारी बस्नेतलाई थुनामा राखेर अनुसन्धान गरेको हो।



बैंकमा एक लाख एक हजार सर्वसाधारणको चार अर्ब ९० करोड बचत थियो। त्यसमध्ये अधिकांश रकम सञ्चालकले नै दुरुपयोग गरेका छन्।

सहायक निर्देशक पदबाट गत वर्ष अवकाश पाएका राष्ट्र बैंकका पूर्वकर्मचारी बस्नेतको खातामा बैंकबाट १० लाख रुपैयाँ गएको देखिएको थियो। बैंकको बदमासी लुकाएबापत नै उनले सो लाभ लिएको प्रहरी दाबी छ। बस्नेतले भने तालिम दिएबापत सो रकम लिएको दाबी गरेका छन्।

सुपरिवेक्षणमा खटिने कर्मचारीले बैंक तथा वित्तीय संस्थाबाट तालिमका नाममा ठुलो रकम लिने गरेकोसमेत सिआइबीको अनुसन्धानमा देखिएको छ। 'यो अप्रत्यक्ष रूपमा घुस नै हो,' सिआइबीका एक अधिकारीले भने, 'एउटै कक्षाको २ लाख रुपैयाँसम्म दिएको देखिन्छ, सुपरिवेक्षणमै खटिएका कर्मचारीलाई यसरी तालिमका नाममा पैसा दिने वर्षौंदेखिको परम्परा देखियो।' यो प्रणालीले सुपरिवेक्षण कमजोर हुने र बैंक तथा वित्तीय संस्था नै धराशयी हुने भएपछि सिआइबीले राष्ट्र बैंकका कर्मचारीलाई समेत अनुसन्धानको दायरामा ल्याएको थियो।

तर, राष्ट्र बैंकका बहालवाला कर्मचारी भने बयान दिन गएनन्। सिआइबीले पत्र लेखेपछि मंगलबार गृह मन्त्रालयमा गृहमन्त्री रमेश लेखक, गभर्नर विश्व पौडेल, प्रहरी महानिरीक्षक दीपक थापा तथा सिआइबीका अधिकारीसहितको छलफल भएको थियो। जसमा गभर्नर पौडेलले विगतमा भएका कमजोरीलाई सच्याउँदै लैजाने बताएका छन्। अबदेखि सुपरिवेक्षणमा खटिएका कर्मचारीलाई तालिमका नाममा भत्ता लिने प्रवृत्ति आफूले रोकेकोसमेत उनले जानकारी गराएका थिए। उनको आग्रहमा बहालवाला कर्मचारीमाथिको अनुसन्धानमा सिआइबी नरम बनेको स्रोतको भनाइ छ।

विगतमा पनि धेरै बैंकमा भएको हिनामिनामा सिआइबीले अनुसन्धान गरेको थियो। तर, राष्ट्र बैंकको भूमिकामाथि अनुसन्धान गरेको थिएन। यो लाखौँ जनताको निक्षेपको सुरक्षासँग जोडिएको विषय भएकाले पनि यसमा सुपरिवेक्षणको पाटोमा पनि अनुसन्धान गरिएको सिआइबीका अधिकारी बताउँछन्। कर्णाली विकास बैंकमा वर्षौंदेखि ठुलो हिनामिना हुँदै आएपछि राष्ट्र बैंकले त्यसलाई ढाकछोप गर्दा बैंक एक्कासि धराशयी हुने अवस्थामा पुगेको सिआइबीको निष्कर्ष छ। हाल केन्द्रीय बैंकले नै कर्णालीको व्यवस्थापन हातमा लिएर अनुसन्धान गरिरहेको छ।

कर्णाली विकास बैंकमा ०७० देखि नै रकम हिनामिना हुँदै आएको थियो। तर, १० वर्षसम्म पनि केन्द्रीय बैंकले सुपरिवेक्षणमा सो तथ्य लुकाएको आरोप छ। बैंकको वित्तीय अवस्था राम्रो रहेको भन्दै राष्ट्र बैंकले सुपरिवेक्षण प्रतिवेदन दिएकै वेला एक्कासि सर्वसाधारणको निक्षेप नै फिर्ता गर्न नसक्ने अवस्थामा संस्था पुगेको थियो। राष्ट्र बैंकले स्थलगत सुपरिवेक्षण गरी तयार गरेको प्रतिवेदनमा आर्थिक वर्ष ०८०/८१ सम्म कर्णालीमा सामान्य कमजोरीबाहेक 'राम्रो अवस्था' रहेको उल्लेख गरेको थियो। पछि बैंकले सर्वसाधारणको निक्षेप नै फिर्ता गर्न नसक्ने अवस्था आएपछि मात्र राष्ट्र बैंकले हस्तक्षेप गरेको हो।

बैंकमा एक लाख एक हजार सर्वसाधारणको चार अर्ब ९० करोड बचत थियो। त्यसमध्ये अधिकांश रकम सञ्चालकले नै दुरुपयोग गरेका हुन्। सर्वसाधारणलाई निक्षेप पनि फिर्ता दिन नसकेको र खराब कर्जा ४० प्रतिशत पुगेपछि मात्र राष्ट्र बैंकले हस्तक्षेप गरेको थियो। यसअघिका प्रतिवेदनमा कर्जा असुलीमा ध्यान दिनुपर्नेलगायत सामान्य कमजोरी मात्र सुपरिवेक्षकले औँल्याएका थिए। सोही कारण बैंकको सेयरसमेत उच्च मूल्यमा पुगेको थियो। सिआइबीले पछिल्लोपटक स्थलगत सुपरिवेक्षणमा खटिएका राष्ट्र बैंकका कर्मचारीलाई पनि अनुसन्धानको दायरामा ल्याएको हो। राष्ट्र बैंकका कर्मचारीको संरक्षणकै कारण कर्णाली विकास बैंकमा सहकारीको शैलीमा हिनामिना भएको हो। संस्थापक अध्यक्ष राय पहिला काठमाडौँमा सहकारीका सञ्चालक थिए। पछि नेपालगन्ज गएर उनले बैंक खोले। बैंक पनि सहकारीकै शैलीमा चलाएर पैसा आफ्ना निजी व्यवसायमा खन्याए। यसमा राष्ट्र बैंकले पनि चुस्त सुपरिवेक्षण नगर्दा समस्या आएको हो।

रसुवागढी...

पृष्ठ १ बाट क्रमशः

न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद्को मंगलबार साँझ बसेको बैठकले नेपाल-चीन जोड्ने मितेरी पुल र सडकको पुनर्निर्माण गरी रसुवागढी नाका सञ्चालन गर्न परराष्ट्र मन्त्रालयमार्फत चीनसँग समन्वय गर्ने निर्णय गरिसकेको छ।

२४ असारको बाढीले रसुवागढीको मितेरी पुल बगाएपछि चीनबाट हुने दुई देशबिचको व्यापार पूर्ण रूपमा रोकिएको मात्र होइन, अनिश्चितसमेत बनेको थियो। त्यसलगत्तै चीनले बेलिब्रिज र सडक निर्माण तथा बन्दरगाह मर्मत-सम्भारलगायतका प्रस्ताव गरेको उद्योग मन्त्रालयका एक अधिकारीले बताए। 'बाढीले रसुवा-केरुङ नाकालाई क्षतिग्रस्त बनाइदियो। मितेरी पुल बगायो। चीनले बाढी गएको केही दिनमै त्यहाँ आफैँले बेलिब्रिज निर्माण गर्ने प्रस्ताव गरेको थियो,' ती अधिकारीले भने, 'अहिले उक्त प्रस्ताव परराष्ट्र मन्त्रालयमा पुगेको छ। परराष्ट्रले अर्थ, भौतिक पूर्वाधार, कानुनलगायत मन्त्रालयको राय लिएर आवश्यक निर्णय गर्दै समझदारी गरेपछि मात्रै पुल निर्माण अघि बढ्नेछ।'

रसुवाका सिडिओ अर्जुन पौडेलले चिनियाँ पक्षले रसुवा-केरुङमा ३० भदौसम्ममा बेलिब्रिज निर्माण गरेर सञ्चालनमा ल्याउने प्रस्ताव गरेको र नेपालले त्यसमा औपचारिक समझदारी जनाउन बाँकी रहेको बताए। 'चीनले बेलिब्रिज निर्माणका लागि आवश्यक सामग्री केरुङसम्म ल्याइरहेको छ, पारिपट्टि साइट क्लियरेन्सको कामसमेत सुरु गरिसकेको छ,' उनले भने, 'नेपाल सरकारले सीमामा संरचना निर्माणको सहमति दिएपछि उनीहरूले धमाधम काम अघि बढाउनेछन्।' जिल्ला प्रशासनले टिप्पणीसहितको सुझाव गृह मन्त्रालयमार्फत परराष्ट्रमा समेत पठाइसकेको उनले बताए। भदौभित्रै बेलिब्रिज निर्माण भएर सञ्चालनमा आउनेमा आफू आशावादी रहको पौडेलले बताए।

परराष्ट्र मन्त्रालयका प्रवक्ता लोकबहादुर पौडेल क्षेत्रीले दुई देशबिचको विकास निर्माणको सहकार्य निरन्तर हुँदै आएको बताए। 'कुन ठाउँमा के-के संरचना बन्ने, कसरी अघि बढ्ने भन्ने कुरा नितान्त आन्तरिक हुन्छन्, त्यो वेला आएपछि मात्रै सार्वजनिक हुन्छन्,' उनले भने, 'नेपाल-चीनबिच विकास निर्माण र सहयोग आदान-प्रदान निरन्तर भइरहन्छ, यो प्रक्रिया अहिले पनि चलिरहेको छ। रसुवा-केरुङ नाकामा हुने संरचना निर्माणलगायतका विषयमा उपयुक्त समय आएपछि औपचारिक जानकारी गरिन्छ।'

सांग्रिला डेभलपमेन्ट बैंक लि.
Shangri-la Development Bank Ltd.
स्थानीय विकासको आधार
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजत प्राप्त संस्था)

केन्द्रीय कार्यालय :
बालुवाटार, काठमाण्डौ
फोनः ०१-४५२१८६१/६२/६३

कर्जा चुक्ता गर्ने बारे ३५ दिने अत्यन्त जरूरी सूचना

सूचना प्रकाशित मिति : २०८२/०४/०९ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस डेभलपमेन्ट बैंकबाट कर्जा सुरक्षण वापत तपसिलमा उल्लेखित सम्पत्ति धितो जमानतमा राखी तपसिलको ऋणीले यस डेभलपमेन्ट बैंकको निम्न शाखा कार्यालयबाट विविध कर्जा शीर्षक अन्तर्गत लिनु भएको कर्जाको साँवा, व्याज तथा हर्जाना रकम समेत शर्त बमोजिम यस डेभलपमेन्ट बैंकमा समय समयमा दाखिला गर्नु पर्नेमा हाल सम्म नतिरी नबुझाई कर्जा सम्बन्धी शर्त वन्देज उल्लंघन गर्नु भएको र सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत वक्यौता रकम चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गर्नु भएको हुनाले यो सूचना प्रकाशित भएको मितिले **३५ (पैतिस) दिन** भित्र यस डेभलपमेन्ट बैंकमा सम्पर्क राखी यस डेभलपमेन्ट बैंकलाई तिर्न बुझाउनु पर्ने बाँकी ऋणको साँवा, व्याज, हर्जाना व्याज तथा अन्य दै-दस्तूर रकमसमेत चुक्ता भुक्तान गर्नु हुन सम्बन्धित ऋणी तथा जमानीकर्तालाई यसै सूचना मार्फत सूचित गरिन्छ। अन्यथा यस डेभलपमेन्ट बैंकको नीति नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंकिङ्ग कसूर ऐन २०६४, यस बैंकको ऋण असुली नीति २०८० एवं प्रचलित कानून बमोजिम धितो लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी यस डेभलपमेन्ट बैंकको लेना बाँकी रकम असुल उपर गर्ने तर्फ कारवाही गरिने र सो धितोबाट यस डेभलपमेन्ट बैंकको सम्पूर्ण रकम असुल उपर हुन नसकेमा प्रचलित कानून बमोजिम सम्बन्धित ऋणी तथा जमानीकर्ताको अन्य चलअचल जायजेथा सम्पत्तिबाट समेत असुल उपर गरिने र ऋणी तथा जमानीकर्तालाई कालोसूचीमा समेत सूचिकृत गरी आवश्यक कानुनी कारवाही भई जाने व्यहोरा समेत सम्बन्धित सबैलाई सूचित गरिन्छ।

तपसिल

ऋणीको विवरण	सुरक्षणमा रहेको धितोको विवरण
१) ऋणीः इन्द्रेणी बिल्डर्स प्रा.लि. (अख्तियार प्राप्त व्यक्तिः प्रेम लामा) दर्ता नं.: ३६११/०४६/०४७, दर्ता मितिः २०४६/०४/१२ दर्ता गर्ने कार्यालयः कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाण्डौं स्थायी लेखा नं. : ५०००७२३९८ ठेगानाः काठमाण्डौं मा.न.पा वडा नं. ३१, बागवजार, काठमाण्डौं **कर्जा लिएको शाखा कार्यालय : बालुवाटार, काठमाण्डौ**	१. मालपोत कार्यालय लगनखेल, ललितपुरमा प्रेम लामाको नाममा दर्ता कायम रहेको जिल्ला ललितपुर ललितपुर-०५, सिट नं ५ग१, स्थित कित्ता नं ९१ को क्षेत्रफल ३४९.६९ व.मि को घर/जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

जमानीकर्ताको विवरण

१. नामः प्रेम लामा (अध्यक्ष/प्रवन्ध संचालक/शेयरधनी) बाबुको नामः भलमान लामा बाजेको नामः नरमान लामा ठेगानाः ललितपुर-१५, ललितपुर ना.प्र.नं : २८ १५०२/११८, जारी मिति : २०३७/११/०२ जारी गर्ने कार्यालय : जि.प्र.का. ललितपुर	**६. नामः शिवहरि चगुठी (शेयरधनी)** बाबुको नाम : कृष्ण गोविन्द चगुठी बाजेको नामः शंखलाल चगुठी ठेगानाः भक्तपुर-१६, भक्तपुर ना.प्र.नं: २९-०१-०६६-०२०२५, जारी मितिः २०६६/०४/११ जारी गर्ने कार्यालय : जि.प्र.का, भक्तपुर
२. नामः कमला राई बाबुको नामः लाल बहादुर राई पतिको नामः प्रेम लामा ससुराको नाम : भलमान लामा ठेगानाः सित्तलपाटी-०६, संखुवासभा हालः ललितपुर-१५, ललितपुर ना.प्र.नं : १३०२/२८२९४ जारी गर्न कार्यालय : जि.प्र.का, संखुवासभा	**७. नामः कृष्ण हरि चगुठी** बाबुको नामः कृष्ण गोविन्द चगुठी बाजेको नामः शंखलाल चगुठी ठेगानाः भक्तपुर-१६, भक्तपुर ना.प्र.नं : ०२५३८, जारी मिति : २०५८/०६/२६ जारी गर्ने कार्यालय : जि.प्र.का. भक्तपुर,
३. नाम : प्रेरक लामा बाबुको नाम : प्रेम लामा बाजेको नाम : भलमान लामा ठेगाना : ललितपुर-१५, ललितपुर ना.प्र.नं: २८१-०१५/५१३०४, जारी मितिः २०६४/०३/१५ जारी गर्ने कार्यालय : जि.प्र.का, ललितपुर	**८. नामः रुविना चौगुठी** बाबुको नामः हरीचन्द्र दास श्रेष्ठ ससुराको नामः कृष्ण गोविन्द चौगुठी पतिको नामः रामहरी चौगुठी ठेगानाः भक्तपुर-१६, भक्तपुर ना.प्र.नं: २९-०१-०६७-०५९११, जारी मितिः २०६७/०७/१६ जारी गर्ने कार्यालय : जि.प्र.का, भक्तपुर
४. नामः कृष्ण गोबिन्द चगुठी बाबुको नामः संख लाल चगुठी बाजेको नामः मना चगुठी ठेगानाः भक्तपुर-१६, भक्तपुर ना.प्र.नं : ४८८, जारी मिति : २०३३/०९/०६ जारी गर्ने कार्यालय : जि.प्र.का, भक्तपुर	**९. नामः वालु थुलुङ (शेयरधनी/संचालक)** बाबुको नामः तारामान राई पतिको नामः बम थुलुङ ससुराको नामः अंगद बहादुर थुलुङ्ग ठेगानाः काठमाण्डौं-०७, काठमाण्डौं ना.प्र.नं. : १३९११९/८८५/१९०६/३१२०९ जारी मिति : २०५७/०२/०८ जारी गर्ने कार्यालयः जि.प्र.का, काठमाण्डौं
५. नामः रामहरी चौगुठी (शेयरधनी/संचालक) बाबुको नामः कृष्ण गोविन्द चौगुठी बाजेको नामः शंखलाल चौगुठी ठेगानाः भक्तपुर-१६, भक्तपुर ना.प्र.नं : २९ १५६६२, जारी मिति : २०६०/०९/११ जारी गर्ने कार्यालय : जि.प्र.का, भक्तपुर	**१०. नामः बिराज थुलुङ** बाबुको नामः बम थुलुङ आमाको नामः बालु थुलुङ ठेगानाः रुपाकोट मझुवागढी-०१, खोटाङ हालः काठमाण्डौं-०७, काठमाण्डौं ना.प्र.नं: १२-०१-७४-०१००८, जारी मिति : २०७४/०२/३१ जारी गर्ने कार्यालय : जि.प्र.का, खोटाङ

UAE मा बैदेशिक रोजगार | कम्पनी : NINE BY BLONDE LLC शहर : UAE

पूर्व स्वीकृत मिति : २०८२/०४/०७ चलानी नं. ६०२४१४०६ LT. No.: 327541

सि.नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब AED	मासिक तलब ने.रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना/ बस्ने सुविधा	करार अवधि
2	Beautician/Manicurist/ Pedicurist/ Maker up/ Hair Stylist/Waxing/ Hena	0	13	स. काममा दक्ष	1500	५६,८३५	क.नि. अनुसार	८ घण्टा	६ दिन	क. नि. अनुसार	छ	२ वर्ष

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८२ साउन १६ गते (1 Aug. 2025) मा हुने छ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने म्याद्दे जीवन बिमा कस्ले व्यहोर्ने/ कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्टाम्पिङ कति लाग्ने र कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले व्यहोर्ने	रोजगारदाता कम्पनीले व्यहोर्ने	कामदारले व्यहोर्ने	बिमा हुने/ प्रिमियम रोजगारदाताले	रोजगारदाताले दिने	रोजगारदाताले व्यहोर्ने	कामदारले व्यहोर्ने	रु. ७००/- कामदारले तिर्ने	रु. १५००/- कामदारले तिर्ने	रु. १०,०००/-

वैदेशिक रोजगार विभागबाट गराईएको जानकारी: १. आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भरपाई अनिवार्यरुपमा लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला। आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला। ४. विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, तथा सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला। सोको १ (एक) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे वैदेशिक रोजगार विभाग, चाहबहिलमा सम्पर्क गर्नुहोला।

Rainbow Overseas Pvt. Ltd.
Nepal Govt. Labour Lic No 352/ 059/060, **Mitrapark-07, Chabahil** KTM, Nepal
Phone : 01- 5910277 / 5910278, 9801199802 / 9801199803

Invitation for Bids

Proposal for Supply of Four Wheel Vehicle

Issue Date: July 25, 2025
Deadline for Submission: July 31, 2025 (within 5:30 PM)

Citizens Bank International Limited established under the Bank and Financial Institution Act 2063, having its Head Office at Narayanhiti Path, Kathmandu invites sealed Bid for "Proposal for Supply of Four Wheel Vehicle" from Nepal Registered Suppliers.

Bids will be opened in the presence of Bidder's representatives who choose to attend on 11:00 hours of August 1, 2025. In case of holiday on the mentioned date; the bids will be opened on the same time on the next working date. Bidders who have submitted their proposals are expected to make their presence on a date and time allocated by the Bank. The Bank, at its sole discretion; reserves all the rights to accept or reject the tender process, wholly or partly; any or all at any time without assigning any reason whatsoever.

Citizens Bank

General Service Department (GSD)
P.O.Box 19681
Narayanhiti path, Kathmandu, Nepal
Telephone : +977-01-4527842,+977-01-4527843
Fax 977-01-4527044, Email: gsd@ctznbank.com

THE BANKER BANK OF THE YEAR 2024 NEPAL

www.ctznbank.com

पाँच आधार देखाउँदै राष्ट्रपतिले संसद्मा फिर्ता पठाए संवैधानिक परिषद्सम्बन्धी विधेयक

अल्पमतको निर्णयले कार्यकारीको स्वेच्छाचारितालाई प्रश्रय दिने भन्दै पुनर्विचार गर्न आग्रह

कमलराज भट्ट/नयाँ पत्रिका

राष्ट्रपति रामचन्द्र पौडेलले संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि)सम्बन्धी ऐन, २०६६ लाई संशोधन गर्न बनेको विधेयक प्रतिनिधिसभामा फिर्ता पठाएका छन्। अल्पमतको निर्णयले कार्यकारीको स्वेच्छाचारितालाई प्रश्रय दिने भन्दै उनले विधेयकलाई पुनर्विचार गर्न आग्रह गरेका छन्।

विधेयकमार्फत गरिएको संशोधन संविधानको मर्म र भावना तथा लोकतान्त्रिक मूल्य, मान्यता र विश्वव्यापी अभ्यास प्रतिकूल भएकाले संविधानको धारा ११३ (३) बमोजिम पुनर्विचारका लागि बिहीबार फिर्ता पठाएको राष्ट्रपतिका प्रेस सल्लाहकार किरण पोखरेलले जानकारी दिए। दुवै सदनबाट पारित भएको विधेयक सभामुख देवराज घिमिरेले प्रमाणीकरणका लागि ३१ असारमा राष्ट्रपति कार्यालय पठाएका थिए।

१२ फागुन ०७९ मा प्रतिनिधिसभामा दर्ता भई १८ चैत ०८१ मा पारित भएको विधेयकमा 'अध्यक्ष र तत्काल बहाल रहेका कम्तीमा ५० प्रतिशत सदस्य उपस्थित भएमा परिषद्को बैठकका लागि गणपूरक संख्या पुगेको मानिने र सर्वसम्मतिबाट निर्णय हुन नसकेमा अध्यक्ष र तत्काल बहाल रहेका कम्तीमा ५० प्रतिशत सदस्यको बहुमतबाट निर्णय गरिने' व्यवस्था गरिएकोमा राष्ट्रिय सभाले दुईजनाले समेत निर्णय गर्न सक्ने गरी बाटो खोलेपछि राष्ट्रपति पौडेलले पुनर्विचार गर्न फिर्ता पठाएका हुन्। १९ चैत ०८१ मा प्रतिनिधिसभाले सन्देशसहित पठाएको विधेयक राष्ट्रिय सभाले ३० जेठ ०८२ मा पारित गरेको थियो।

राष्ट्रिय सभाले गरेको यो संशोधनलाई २५ असार ०८२ मा बसेको प्रतिनिधिसभाले स्वीकार गरेर सभामुखले ३१ असारमा विधेयक प्रमाणीकरणका लागि राष्ट्रपतिकहाँ पठाएका थिए। राष्ट्रपतिका प्रेस सल्लाहकार पोखरेलका अनुसार पाँच कारण देखाउँदै राष्ट्रपति पौडेलले विधेयक फिर्ता गरेका हुन्।

०७७ मा तत्कालीन प्रधानमन्त्री केपी ओलीले अध्यादेश ल्याउँदा निष्क्रिय बनेको संवैधानिक परिषद्सम्बन्धी ऐनको दफा ६ मा उल्लेखित परिषद्को बैठकसम्बन्धी कार्यविधि ब्युँताउन संशोधन विधेयक १२ फागुन ०७९ मा प्रतिनिधिसभामा दर्ता भएको थियो। प्रतिनिधिसभाले मूल ऐनको दफा ६ मा उल्लेखित परिषद्को बैठकसम्बन्धी कार्यविधि संशोधन गरेर दफा ६ (१०) मा 'परिषद्को बैठकमा कुनै विषयमा सर्वसम्मतबाट निर्णय हुन नसकेमा अध्यक्ष र तत्काल बहाल रहेका कम्तीमा ५० प्रतिशत सदस्यको बहुमतबाट निर्णय गरिने' उल्लेख गरेको थियो। राष्ट्रिय सभाले यसलाई व्याख्या गरेर उदाहरणसहित उल्लेख गरेको थियो। राष्ट्रपति पौडेलले यो प्रावधानबाट अल्पमतबाट पनि निर्णय हुन सक्ने र यसले कार्यकारीको स्वेच्छाचारितालाई प्रश्रय दिने भन्दै पुनर्विचार गर्न भनेका हुन्।

राष्ट्रपतिले देखाएका पाँच आधार



- संविधानको धारा १२९ (२) र २८३ बमोजिमका नियुक्ति सिफारिसका क्रममा हुन सक्ने स्वेच्छाचारिता नियन्त्रण गर्न, सुशासन एवं कानुनी शासन कायम गर्न एवं राज्य सञ्चालनमा शक्तिको पृथकीकरण, नियन्त्रण र सन्तुलनलाई संस्थागत गर्ने उद्देश्यका साथ संविधानले परिकल्पना गरेको संवैधानिक निकायका प्रमुख तथा पदाधिकारीका लागि नियुक्तिको सिफारिस गरी संविधानको कार्यान्वयन गर्ने अहं भूमिका संवैधानिक परिषद्मा रहेको।
- संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि)सम्बन्धी ऐन, २०६६ को व्यवस्था र अहिले प्रस्तुत संशोधन विधेयकलाई तुलनात्मक रूपमा अध्ययन गर्दा प्रथमदृष्टिमै संविधानको धारा २८४ को भावना र मर्म एवं विश्वव्यापी लोकतान्त्रिक अभ्यास र मान्यता प्रतिकूल हुने देखिएको तथा यस्तो अभ्यासले संवैधानिकतालाई सीमित र संकुचित बनाउने।
- संविधानको धारा २८४ (१) मा उल्लिखित संवैधानिक परिषद्को अध्यक्ष र अन्य सदस्यलाई स्थायी रूपमा नै राखेको तर बहाल रहेका सदस्य पनि कुनै अमुक वेलामा बहाल रहँदैनन् वा अनुपस्थित हुन सक्छन् भनी कल्पनातीत अवस्थालाई लक्षित गरी कानुन बनाउँदा त्यसले गम्भीर र जटिल परिस्थितिको सिर्जना हुने।
- संवैधानिक परिषद्मा उल्लेखित कुल संख्याको सर्वसम्मतिबाटै सिफारिस र निर्णय हुनुपर्ने र कथंकदाचित सर्वसम्मति हुन नसकेमा कुनै पनि तरहले कुल संख्याको बहुमत ओझेलमा पर्नुहुँदैन र बहुमतका आधार नै निर्णयको अन्तिम आधार स्तम्भ मानिनुपर्ने उल्लेख गरेका छन्।
- शासकीय सुविधा र व्यावहारिक आवश्यकतालाई बढी प्राथमिकतामा राखी संवैधानिक र कानुनी शासन व्यवस्थालाई प्रतिस्थापन गर्ने मनसाय देखिने गरी संविधान र कानुनका व्यवस्थालाई अनादर गरिए प्रकारान्तरमा यसले स्वेच्छाचारितालाई प्रश्रय दिने।

■ राष्ट्रिय सभाबाट पारित विधेयकको व्यवस्था

अध्यक्ष र तत्काल बहाल रहेका कम्तीमा ५० प्रतिशत सदस्यको व्याख्या। परिषद्मा अध्यक्ष र पाँचजना सदस्य बहाल रहेको अवस्थामा अध्यक्ष र कम्तीमा तीनजना सदस्यसहित कम्तीमा चारजना। अध्यक्ष र चारजना सदस्य बहाल रहेको अवस्थामा अध्यक्ष र कम्तीमा दुईजना सदस्यसहित कम्तीमा तीनजना। अध्यक्ष र तीनजना सदस्य बहाल रहेको अवस्थामा अध्यक्ष र कम्तीमा दुईजना सदस्यसहित कम्तीमा तीनजना। अध्यक्ष र दुईजना सदस्य बहाल रहेको अवस्थामा अध्यक्ष र कम्तीमा एकजना सदस्यसहित कम्तीमा दुईजना उपस्थित भएमा गणपूरक संख्या पुगेको मानिनेछ।

■ प्रतिनिधिसभाबाट पारित विधेयकको व्यवस्था

प्रतिनिधिसभाबाट पारित संशोधन विधेयकमा 'अध्यक्ष र तत्काल बहाल रहेका कम्तीमा ५० प्रतिशत सदस्यहरू उपस्थित भएमा परिषद्को बैठकको लागि गणपूरक संख्या पुगेको मानिने' उल्लेख छ। साथै सर्वसम्मतिबाट निर्णय हुन नसकेमा अध्यक्ष र तत्काल बहाल रहेका कम्तीमा ५० प्रतिशत सदस्यको बहुमतबाट निर्णय गरिने प्रावधान छ।

■ अध्यादेशमा गरिएको व्यवस्था

पुरानो ऐनलाई संशोधन गर्दै ५ पुस ०७७ मा तत्कालीन प्रधानमन्त्री केपी ओलीले ल्याएको अध्यादेशमा 'अध्यक्षसहित तत्काल बहाल रहेका बहुमत सदस्य उपस्थित भएमा परिषद्को बैठकको लागि गणपूरक संख्या पुगेको मानिने र सर्वसम्मति कायम हुन नसकेमा अध्यक्षसहित तत्काल बहाल रहेका सदस्यको बहुमतबाट निर्णय हुन सक्ने' व्यवस्था थियो।

■ यस्तो छ पुरानो ऐनको व्यवस्था

संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि)सम्बन्धी ऐन, २०६६ को दफा ६ (३) मा 'अध्यक्ष र कम्तीमा चारजना अन्य सदस्यहरू उपस्थित भएमा परिषद्को बैठकको लागि गणपूरक संख्या पुगेको मानिने' र 'सहमतिबाट निर्णय हुन नसकेमा परिषद्का सम्पूर्ण सदस्यको बहुमतबाट निर्णय गरिने' व्यवस्था थियो।

अबको प्रक्रिया

संविधानको धारा ११३ मा प्रमाणीकरणका लागि आएको विधेयक राष्ट्रपतिले १५ दिनभित्र पुनर्विचारका लागि उत्पत्ति भएको सदनमा फिर्ता पठाउन सक्ने व्यवस्था छ। संवैधानिक परिषद् विधेयक राष्ट्रपतिले नवौं दिनमा पाँच बुँदे सन्देशसहित फिर्ता पठाएका छन्। धारा ११३(४) अनुसार राष्ट्रपतिले सन्देशसहित फिर्ता गरेको विधेयक दुबै सदनले पुनर्विचार वा संशोधनसहित पारित गरेर पठाउनुपर्छ। दोस्रोपटक पठाएको विधेयक भने राष्ट्रपति प्रमाणीकरण गर्नैपर्छ। 'राष्ट्रपतिले कुनै विधेयक सन्देशसहित फिर्ता गरेमा त्यस्तो विधेयकमाथि दुवै सदनले पुनर्विचार गरी त्यस्तो विधेयक प्रस्तुत रूपमा वा संशोधनसहित पारित गरी पुनः पेस गरेमा त्यसरी पेस भएको पन्ध्र दिनभित्र राष्ट्रपतिले प्रमाणीकरण गर्नेछ,' धारा ११३(४) मा भनिएको छ। प्रतिनिधिसभा नियमावलीअनुसार पनि फिर्ता भएको विधेयकमाथि सबै संसदीय प्रक्रिया (सैद्धान्तिक छलफल, संशोधन प्रस्ताव, समिति वा सभामा दफावार छलफल र पारित) पूरा गरेर पुनः पठाउनुपर्नेछ। पुनः पठाएको १५ दिनभत्र राष्ट्रपतिले प्रमाणीकरण गर्नुपर्छ।

अख्तियार प्रमुखको उच्च नैतिक चरित्रमाथि अदालतको प्रश्न

वाइडबडी प्रकरणमा 'चयनमुखी अभियोजन' भएको विशेषको ठहर, अख्तियार प्रमुख राईमाथि अनुसन्धान नभएको भन्दै प्रश्न

शिल्पा कर्ण/नयाँ पत्रिका



अख्तियार दुरुपयोग अनुसन्धान आयोगको प्रमुख आयुक्त तथा आयुक्त नियुक्तिका लागि उच्च नैतिक चरित्र भएको योग्यता चाहिने कानुनी व्यवस्था छ। तर, अख्तियारका प्रमुख आयुक्त प्रेमकुमार राईको यससम्बन्धी योग्यतामा प्रश्न उठ्ने गरी अदालतले टिप्पणी गरेको छ। वाइडबडी खरिद भ्रष्टाचार प्रकरणमा अख्तियारले गरेको अभियोजनको निष्पक्षतामाथि प्रश्न उठाउँदै विशेष अदालतले चयनमुखी अभियोजन भएको र निर्णय प्रक्रियामा संलग्न केही व्यक्तिमाथि मागदाबी नलिएको उल्लेख छ।

'एउटै कार्यमा संलग्न कसैलाई अभियोजन नै नगर्ने र कसैलाई अभियोजन गर्नेजस्तो चयनमुखी अभियोजन (सेलेक्टिभ प्रोसेक्युसन) दृष्टिकोण अवलम्बन गरिएको देखिन्छ। चयनमुखी अभियोजन गर्नु समान न्यायको सिद्धान्तविरुद्ध हुन्छ। यस्तो कार्यले कानुन सबैका लागि बराबर हो भन्ने भावनामा आघात पुऱ्याउँछ र न्यायपालिकाप्रतिको विश्वास कमजोर बनाउँछ,' गत २५ असारमा प्रमाणीकरण भएको फैसलामा छ।

नेपाल वायुसेवा निगमको जहाज खरिदमा एक अर्ब ४७ करोड रुपैयाँभन्दा बढी भ्रष्टाचार भएको भन्दै ०८० चैत तेस्रो साता मुद्दा दायर भएको थियो। यसमाथि विशेषका अध्यक्ष टेकनारायण कुँवर तथा सदस्यहरू तेजनारायणसिंह राई र रितेन्द्र थापाको इजलासले आंशिक ठहरको फैसला गर्दै ३२ प्रतिवादीमध्ये ११ माथि कसुर कायमको फैसला गरेको थियो। २० मंसिर ०८१ मा फैसला भएको थियो।

■ वाइडबडीमा अख्तियार प्रमुखबारे सरकारसँग जवाफ माग

माओवादी सांसद पूर्णबहादुर घर्तीले अख्तियारले व्यक्ति छानेर कारबाही गरेको विषयमा सरकारसँग जवाफ मागेका छन्। प्रतिनिधिसभाको बिहीबारको बैठकमा उनले भने, 'अख्तियार प्रमुखले व्यक्ति छनोट गरेर कारबाही गरेको गलत भएको भन्ने अदालतको निर्णयसम्बन्धी समाचारमा धारणा सार्वजनिक गर्न सभामुखमार्फत सरकारको ध्यानाकर्षण गराउन चाहन्छु।'

यसअघि अख्तियारका तत्कालीन प्रमुख आयुक्त लोकमानसिंह कार्कीको हकमा सर्वोच्च अदाललते उच्च नैतिक चरित्र नभएको भन्दै उनलाई पदमुक्त हुने फैसला गरेको थियो। विशेषको टिप्पणीले राईलाई समेत नैतिक समस्या परेको छ।

तत्कालीन पर्यटनमन्त्री जीवनबहादुर शाहीलगायतले सफाइ पाएका थिए भने पर्यटन मन्त्रालयका तत्कालीन सचिव शंकरप्रसाद अधिकारी, सहसचिव बुद्धिसागर लामिछाने, निगमका तत्कालीन महाप्रबन्धक सुगतरत्न कंसाकार र भन्सार विभागका तत्कालीन महानिर्देशक शिशिरकुमार ढुंगानालाई दोषी ठहर गरिएको थियो। जनही डेढ वर्ष कैद तथा १२ करोड २५ लाख रुपैयाँ जरिवानाको फैसला विशेषले सुनाएको थियो। नेपाली मूलका बेलायती नागरिक दीपक शर्मा, हाइफ्लाई एक्स आयरल्यान्डका क्रिस्चियन निल्हेनलगायत सातजना विदेशीलाई पनि उही सजाय सुनाइएको थियो।

संक्षेप

भारत हुँदै कुवेत जान लागेका ९४ जना नेपाली महिला फर्काइए

काठमाडौं/ भारत हुँदै घरेलु कामदारका रूपमा कुवेत जान लागेका ९४ जना नेपाली महिलालाई भारतीय प्रहरी र नेपाली दूतावासको प्रयासमा नेपाल फर्काइएको छ। भारतको नयाँदिल्लीस्थित इन्दिरा गान्धी अन्तर्राष्ट्रिय विमानस्थलबाट सोमबार कुवेत जान लागेका ४७ जनाको समूहलाई नेपालतर्फ डिपोर्ट गरिएको छ। बुधबार ४७ जनाको अर्को समूहलाई दिल्लीस्थित विमानस्थलबाट बाहिर निकालेर बसमा रुपन्देही पठाइएको छ।

कुवेत जाने प्रयोजनका लागि दुवै समूह दिल्ली पुगेको थियो। दूतावासद्वारा बिहीबार जारी विज्ञप्तिअनुसार उनीहरूले कुवेत जाने नक्कली नो अब्जेक्सन लेटर (एनओसी) बोकेको फेला परेको छ। सोमबार उनीहरूसँग कुवेत जान आवश्यक पर्ने एनओसी नक्कली भएपछि स्वदेश फर्काइएको छ।

दूतावासका अनुसार गैरकानुनी रूपमा विदेश जाने नेपालीको संख्या बढ्दै गएको छ। मानव तस्करीसँग सम्बन्धित हुन सक्ने चिन्ता बढेको भन्दै दूतावासले एनओसी यकिन भएर मात्रै विदेश यात्रा गर्न अनुरोध गरेको छ। दूतावासले नेपाल सरकारको नीतिअनुसार पासपोर्ट, भिसा र एनओसीजस्ता कागजात देखाएर मात्र विदेश जान आग्रह गरेको छ। स्वीकृत कानुनी प्रक्रिया पूरा नगरी विदेश जान खोज्नेहरू जोखिममा पर्न सक्ने भन्दै दूतावासले सचेत रहन अनुरोध गरेको छ।

अनुदान लिन जीवित व्यक्तिलाई मृत भएको कागजात बनाएको आरोपमा दुई कर्मचारी पक्राउ

धनगढी/ कृषि अनुदानको रकम हत्याउन जीवित व्यक्तिलाई मृत्यु भइसकेको भनेर कागजात बनाएको आरोपमा दुई जनाकर्मचारी पक्राउ परेका छन्। दार्चुलाको शैल्यशिखर नगरपालिकाको कृषि शाखा प्रमुख दीपकराज विष्ट र भेटेरिनरी प्राविधिक जनकसिंह धामीलाई बुधबार पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ। जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी प्रहरी निरीक्षक छत्रबहादुर रावतले अदालतबाट दुवैजनालाई सात दिन थुनामा राख्ने अनुमति लिएर नक्कली कागजात तयार पारेकोबारे अनुसन्धान अगाडि बढाइएको बताए।

पक्राउ परेकामध्ये धामी सोही नगरपालिकाका प्रमुख विजयसिंह धामीका छोरा हुन्। दुवैजना मिलेर ओखर पकेट क्षेत्रअन्तर्गत दुई लाख २० हजार रुपैयाँ सरकारी अनुदान लिन अनुदान पाउने कृषक समूहका सचिव मञ्जु धामी र कोषाध्यक्ष जानकी धामीको मृत्यु भइसकेको कागजात बनाएर बैंक खाताको हस्ताक्षर परिवर्तनका लागि ग्लोबल आइएमइ बैंक गोकुलेश्वर शाखालाई पत्राचार गरेका थिए। तर, अनुदान दिनुअघि बैंककै कर्मचारीले मृत भइसकेको भनिएका व्यक्ति जीवित रहेको थाहा पाएपछि किर्ते गरेको खुलेको हो।

सटरको टेन्डर गर्न रोकिएपछि अस्पतालका मेसुले दिए राजीनामा

दाङ/ दाङको तुलसीपुरस्थित राप्ती प्रादेशिक अस्पतालका निमित्त प्रमुख मेडिकल सुपरिटेन्डेन्ट (मेसु) डा. पदमराज अधिकारीले पदबाट राजीनामा दिएका छन्। अधिकारीले लुम्बिनी प्रदेश मुख्यमन्त्री कार्यालयका सचिवमार्फत स्वास्थ्यसचिवलाई राजीनामा बुझाएका हुन्। उनले अस्पतालभित्र काम गर्ने सहज वातावरण नभएपछि राजीनामा दिएको बताए। 'जिम्मेवारी लिएको दुई वर्ष पनि भयो, अरू साथीहरूलाई पनि काम गर्ने अवसर दिनुपऱ्यो,' उनले भने, 'काम गर्ने सहज वातावरण पनि भएन, काम नै गर्ने वातावरण नभएपछि पदमा बस्नु पनि उचित हुँदैन भनेर राजीनामा दिएँ।'

अस्पतालको हाताभित्र १५ भन्दा बढी सटर छन्। ती सटरको सम्झौता मिति असार मसान्तमा सकिएको छ। त्यसलाई पुनः टेन्डर गर्ने तथा अस्पतालको हाताभित्र रहेको साझा फार्मेसीलाई पनि हटाउने गरी अस्पताल विकास समितिले निर्णय गरेको थियो। महेन्द्र लामिछाने अध्यक्ष आएपछि पनि त्यो निर्णय भयो। त्यसभन्दा अघि दुई-तीनपटक यस्तो निर्णय भएको अधिकारीले बताए। तर, म्याद पनि सकिएको र पटक-पटक भएका निर्णय कार्यान्वयन गर्न खोज्दा अवरोध देखिएपछि उनले राजीनामा दिएको स्रोतले जनाएको छ। 'केही व्यक्तिहरू टेन्डर नगरेर अहिले सम्झौता भएर भाडामा लिएकाहरूलाई नै नवीकरण गर्ने गरी बहस चलेपछि त्यसलाई डाक्टरसाबले थेग्न सक्नुभएन,' स्रोतले भन्यो, 'अनि राजीनामा दिनुभयो।' सटरको विषयमा निकै चलखेल हुने गरेको छ।

बाजुरामा जिप दुर्घटना हुँदा तीनको मृत्यु, १८ जना घाइते

धनगढीमा **तेजराज भट्ट**

बाजुराको हिमाली गाउँपालिका- ५ मा जिप दुर्घटना हुँदा तीनजनाको मृत्यु भएको छ। १८ जना घाइते भएका छन्। मृत्यु हुनेमा ६० वर्षीया बाचा रोकाया, ६५ वर्षीया बिजौरा रोकाया र ३५ वर्षीया जुनेली रोकाया रहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ। प्रहरीका अनुसार दुईजनाको घटनास्थलमै र दुर्घटनामा गम्भीर घाइते भएकी जुनेलीको पनि उद्धार गर्नेक्रममा मृत्यु भएको हो।

दुर्घटनामा १८ जना घाइते भएको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी प्रहरी निरीक्षक देवबहादुर चौधरीले बताए। त्यसमध्ये १३ जनाको अवस्था गम्भीर, चारजनाको मध्यम र एकजनाको अवस्था सामान्य रहेको उनको भनाइ छ। गम्भीर घाइते सातजनालाई नेपाली सेनाको हेलिकोप्टरबाट थप उपचारका लागि कर्णाली प्रादेशिक अस्पताल सुर्खेत पुऱ्याइएको छ। अन्य १० जना घाइतेको कोल्टी अस्पतालमा र एकजनाको स्थानीय मेडिकलमा उपचार भइरहेको चौधरीले जानकारी दिए।

हिमाली- ५ को क्युडीबाट कुवाडीतर्फ जाँदै गरेको बा.प्र.०३-००१ ज ०३३८ नम्बरको जिप टुनीगडामा बिहीबार दिउँसो दुर्घटना भएको हो। जिप सडकबाट करिब साढे दुई सय मिटर तल खसेको स्थानीयले बताएका छन्। साँघुरो कच्ची सडक र क्षमताभन्दा बढी यात्रु सवार जिप अनियन्त्रित भएर दुर्घटना भएको बुझिएको प्रहरीले जनाएको छ।

स्थानीयका अनुसार मृतक दुई वृद्धासहित जिपमा सवार केही स्थानीय सामाजिक सुरक्षा परिचयपत्र नवीकरण गर्न तथा केही राष्ट्रिय परिचयपत्र बनाउन वडा कार्यालयतर्फ जाँदै गरेका थिए। अगाडि पाँचजना बस्ने र पछाडि सामान राख्ने डालो भएको जिपमा २१ जना यात्रु सवार रहेको बुझिएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ। भर्खरै ट्र्याक खोलेको सडक गाडी चलाउन लायक नरहेको बताइएको छ। चालक हिमाली गाउँपालिका- २ का गौरी बुढा पनि गम्भीर घाइते भएका छन्। उनीसहित गम्भीर घाइते हिमाली- ५ का बाचलाल रोकाया, राजबहादुर बुढथापा, हुम्लाको ताजकोट गाउँपालिका- ३ का सुरेन्द्र शाहीलाई थप उपचारका लागि सुर्खेत लगिएको छ। गम्भीर घाइते हिमाली- ५ का धनसिंह रोकाया, रनसुर सुनार र वीरबहादुर बुढालाई थप उपचारका लागि सुर्खेत लगिएको प्रहरीले जनाएको छ।

■ दुर्घटनामा एकजनाको मृत्यु



सल्यान/ सल्यानमा गाडी दुर्घटना हुँदा एकजनाको मृत्यु भएको छ। मृत्यु हुनेमा कुमाख गाउँपालिका- ४ का ७३ वर्षीय कालीभान राना छन्। गम्भीर घाइते रानाको बाँकेस्थित कोहलपुर मेडिकल कलेजमा उपचारका क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सल्यानका सूचना अधिकारी प्रहरी निरीक्षक बाबुराम बस्नेतले जानकारी दिए। नेपालगन्जबाट सल्यानको रागेचौर हुँदै रुकुम पश्चिमको चौरजहारी जाँदै गरेको भे.१ख ३९९४ नम्बरको फोर्स गाडी कुमाख गाउँपालिका- २ बराई जिउला मोडमा अनियन्त्रित भई दुर्घटना भएको थियो।

दुर्घटनामा चालकसहित १५ जना घाइते भएका थिए। घाइते हुनेमा सल्यान कुमाख गाउँपालिका- ४ का चालक पारस आचार्य, भूपेन्द्र बस्नेत, टीकाराम आचार्य, सुर्खेत भेरीगंगा नगरपालिका- ९ की तुलसा सुनार, सल्यान कुमाख गाउँपालिका- २ की दीपा बुढाथोकी, उनकी छोरी कोपिला बुढाथोकी, कुमाख गाउँपालिका- १ का इन्द्र रावत, कुमाख- ४ का डोले बस्नेत, रुकुम पश्चिम चौरजहारी नगरपालिका- १ का चन्द्री बस्नेत, कुन्ता विष्ट, सल्यान कुमाख गाउँपालिका- ४ का निर्मला बुढाथोकी, जेनिसा राना, महेन्द्र बस्नेत र भुवन लामिछाने रहेको प्रहरीको भनाइ छ।

देउवाले बोलाए पदाधिकारी बैठक

काठमाडौं/ कांग्रेस सभापति शेरबहादुर देउवाले पदाधिकारी बैठक बोलाएका छन्। बैठकमा पूर्वपदाधिकारी, नेता शेखर कोइराला र संघीय सरकारका मन्त्रीसमेतलाई बोलाइएको छ। देउवानिवास बुढानीलकण्ठमा शुक्रबार बिहान ९ बजे बस्ने गरी बैठक बोलाइएको कांग्रेस मुख्यसचिव कृष्णप्रसाद पौडेलले जानकारी दिए।

संघीय निजामती विधेयकमा राखिएको दुईवर्षे कुलिङ पिरियड, एमालेले राष्ट्रिय सभामा राखेको संशोधन, भूमि विधेयकलगायत विषयमा पनि बैठकमा छलफल हुने भएको छ। 'सरकारको कामकारबाही, संसद्मा रहेका विभिन्न विधेयकसहित समसामयिक राजनीतिक घटनाक्रममाथि छलफल हुन्छ,' उनले भने।

यसअघि कांग्रेसका सात पूर्वपदाधिकारीले सरकार प्रभावकारी नभएको र प्रधानमन्त्री केपी ओलीले एकलौटी गरेको भन्दै सभापति देउवाको ध्यानाकर्षण गराएका थिए। गठबन्धन सरकार प्रभावकारी नभएको, भ्रष्टाचार मौलाएको, विभिन्न काण्ड सार्वजनिक भएको र प्रधानमन्त्रीले एकलौटी गरेको गुनासो पूर्वपदाधिकारीको थियो। छलफलमा सभापति देउवाले आफूले पनि सरकारका काम प्रभावकारी हुन नसकेको महसुस गरेको बताएका थिए। नेता शेखर कोइरालाले आफूनिकट सांसद र मन्त्रीका साथै अन्य दलका नेताहरूसँग पनि छलफल गरेर दबाब बढाएका छन्। कोइरालाले गठबन्धन सरकारको औचित्यमाथि नै प्रश्न उठाउँदै आएका छन्। सरकारको भूमिका प्रभावकारी नभएको, नियुक्ति, सरुवा र बढुवामा प्रधानमन्त्रीले एकलौटी गरेकोलगायत आरोप कांग्रेस नेताहरूको छ।

मुम्बईबाट 'हराएका' दुई किशोरी भक्तपुरमा मृत अवस्थामा फेला

भारतबाट कसरी भक्तपुरसम्म आए भन्ने विषयमा अनुसन्धान भइरहेको प्रहरीको भनाइ

नयाँ पत्रिका

भारतको मुम्बईबाट तीन सातादेखि हराएका दुई किशोरी भक्तपुरमा एउटै डोरीमा झुन्डिएको अवस्थामा मृत भेटिएका छन्। सुर्खेतको पञ्चपुरी- ८ स्थायी घर भएका १७ वर्षीया मेनुका कँडेल र उनकी बहिनी १५ वर्षीया सिर्जना बिहीबार बिहान मृत भेटिएका हुन्।

भक्तपुरको मध्यपुर ठिमी नगरपालिका- ८, बोडे सिन्टीटारस्थित एक घरमा डेरामा बस्दै आएका उनीहरू नाइलनको डोरीमा झुन्डिएको अवस्थामा भेटिएको जिल्ला प्रहरी कार्यालय भक्तपुरका डिएसपी ढुण्डीराज न्यौपानेले बताए। घरको प्यासेजमा रहेको फलामको डन्डीमा झुन्डिएको अवस्थामा शव भेटिएको हो। डोरीको दुई भागमा दुईजना झुन्डिएको अवस्थामा शव भेटिएको प्रहरीले जनाएको छ।

प्रहरीका अनुसार उनीहरूको परिवार भारतको मुम्बईमा बस्दै आएका छन्। दिदीबहिनी दुई साताअघि भक्तपुर आएर डेरामा बस्दै आएका थिए। उनीहरू हराएको भन्दै परिवारले प्रहरीमा उजुरी दिनेदेखि सञ्चारमाध्यमबाट खोजीका लागि हारगुहार गर्दै आएका थिए।



प्रहरीका अनुसार मृतक दिदीबहिनीले बुधबार राति करिब २ बजे टिकटक बनाएर त्यसमा नाइलनको डोरीसमेत देखाएका थिए। 'मरेर गए पनि नतोडिने बन्धन माया हो' बोलको गीतमा टिकटक बनाउँदै त्यसमा डोरीको फोटोसमेत देखाएका थिए। उनीहरूको मोबाइलमा पनि आफूहरू मर्न लागेको भनेर भिडियो बनाएको प्रहरीले जनाएको छ। मृतकका बुवा वासुदेव कँडेलले आफू आएपछि मात्र शव उठाउन आग्रह गरेका छन्।

दुईमध्ये दिदी नेपालमै बसेर पढेकामा बहिनी भने मुम्बईमा आमाबुबासँगै बस्दै आएकी थिइन्। दिदी केही महिनाअघि मात्र मुम्बई गएको प्रहरीले जनाएको छ। मुम्बईबाट कम्प्युटर क्लास जान भनेर उनीहरू सम्पर्कविहीन भएका थिए। उनीहरू हराएपछि आमाबुवाले खोजीका लागि हारगुहार गर्दै आएको अवस्थामा भक्तपुरमा मृत भेटिएका हुन्। मुम्बईबाट कसरी भक्तपुरसम्म आए भन्ने विषयमा अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ। साथै, घटना आत्महत्या हो वा होइन भन्ने विषयमा पनि पोस्टमार्टम गरेपछि प्रस्ट हुने प्रहरीको भनाइ छ।

संयुक्त सीमा व्यवस्थापन समितिको खल्लो बैठक

सनातनी एजेन्डा राखेर सनातनी तरिकाले नै बैठक टुंग्याइएकाले यसपटकको संयुक्त सीमा व्यवस्थापन समितिको बैठक निकै खल्लो साबित भयो



● बुद्धिनारायण श्रेष्ठ

अग्रलेख

नेपाल र भारतको गृहसचिवस्तरीय सीमा व्यवस्थापन समितिको सोह्रौं बैठक यही साउन ६-७ मा नयाँ दिल्लीमा सम्पन्न भएको छ। दुई देशबिचको सीमा व्यवस्थापन समितिको संयुक्त बैठक दुवै देशका गृहसचिवको नेतृत्वमा वर्षैपिच्छे काठमाडौं र नयाँदिल्लीमा आलोपालो हुने प्रावधान रहेको छ। अहिलेको बैठक ९ वर्षपछि भएको हो। यत्रो अन्तराल रहनुमा कोभिड महामारीको कारण देखाइएको छ, तापनि भारतको अरुचिका कारण यो ढिलाइ भएको हो भन्छन् विज्ञहरू। यत्तिका वर्षपछिको संयुक्त सीमा व्यवस्थापन समिति बैठकमा नयाँ समसामयिक बुँदामा नभई सनातनी विषयमा मात्र बहस हुनुले यो बैठक निकै खल्लो साबित हुन गएको महसुस हुन्छ।

यो बैठक छोटो समयको जानकारीमा आयोजना किन गरियो भन्ने जिज्ञासा पनि रहेको छ। भारतको जम्मु-कस्मिर पहलगाममा यही ९ वैशाखमा भएको आतंकवादी हमलामा एक नेपालीसहित छब्बीस पर्यटक मारिएको घटनाका सन्दर्भमा नेपालका सबै पक्षले आतंकवादविरुद्ध र भारतले त्यस सम्बन्धमा लिएको पक्षमा समर्थन खोज्नु हो। दोस्रो, पहलगामको हमलामा सरिक आतंककारी खुला सीमाको फाइदा उठाउँदै नेपाल पसी नेपालमा योजना बनाएर फेरि भारततर्फ जान नसकून् भन्ने सुरक्षा चिन्ता र चासोबारे पनि छलफलका लगि हुन सक्छ। तेस्रो, भारतले नयाँदिल्लीस्थित पाकिस्तानी दूतावासका रक्षा सल्लाहकार र अन्य सैन्य अधिकारीलाई एक साताभित्र भारत छोड्न दिएको निर्देशन र पाकिस्तानमा रहेका आफ्ना रक्षा, नौसेना र वायुसेना सल्लाहकारलाई पनि फिर्ता बोलाउँदै भारतमा रहेका सबै पाकिस्तानी नागरिकलाई भारत छाड्न ४८ घण्टाको म्याद दिएको भू-राजनीतिक चालबाजीमा नेपालको समर्थन खोज्नु पनि रहेको हुन सक्छ।

समितिको गठन : नेपाल र भारतबिच सीमा व्यवस्थापनसम्बन्धी नयाँ कामकुरो गर्न 'नेपाल-भारत संयुक्त सीमा व्यवस्थापन समिति' २०५३ फागुन १७ गते गठन भएको थियो। संयुक्त सीमा व्यवस्थापन समिति गठन गर्नुको मुख्य उद्देश्य दुई देशबिचको खुला सीमालाई कसरी व्यवस्थित गर्न सकिन्छ भन्ने रहेको थियो। दुवै देशका नागरिकले सीमा वारपार गर्दा परिचयपत्र प्रथा अपनाउने प्रबन्ध कसरी गर्न सकिन्छ, हवाईमार्गका यात्रुलाई चाहिँ राहदानी प्रथा लागू गर्ने र स्थलमार्गबाट आवात-जावत गर्नेलाई परिचयपत्र मात्रै भए पुग्ने या नपुग्ने भन्ने विषयमा बहसमै रहेको थियो।

संयुक्त समितिको पहिलो बैठक २०५४ साउनमा काठमाडौंमा भएको थियो। पहिलो, दोस्रो र तेस्रो बैठकमा आपसी कुराकानी हुँदा दुवै देशबिचको खुला सीमा वारपार गर्न परिचयपत्र अथवा राहदानी प्रथा अवलम्बन गर्ने-नगर्ने भन्ने सम्बन्धमा यसै गर्ने भन्ने सहमतिको टुंगोमा पुग्न नसकी अर्को बैठकको भाका राखी छलफल समाप्त गरिएको थियो। तैपनि जेहोस्, दुवै देशको हितका निम्ति अब सिमाना खुला राखिराख्नुहुँदैन भन्ने मनसाय दुवै पक्षको रहेको स्पष्ट देखिन आएको थियो।

यसपछि काठमाडौंबाट दिल्लीतर्फ उडेको इन्डियन यएरलाइन्सको हवाईजहाज २०५६ पुस ९ गते अपहरणमा परी अफगानिस्तानको कान्दहारमा पुऱ्याइएको घटनापछि २०५७ असार २१-२२ मा बसेका संयुक्त समितिको चौथो बैठकले नेपाल-भारत हवाईयात्रामा परिचयपत्र लागू गरी नियमन गर्नुपर्ने निर्णय गरेको थियो। यसैअनुसार दुवै सरकारले हवाईयात्रा गर्ने दुवै देशका यात्रीले २०५७ असोज १५ देखि परिचयपत्र प्रस्तुत गर्नुपर्ने व्यवस्था गरेको थियो।

यसपछिका सबैजसो बैठकमा अन्तर-सीमा अपराध नियन्त्रण, साना हतियार र लागुपदार्थ कारोबार नियन्त्रण, सीमास्तम्भको नियमित मर्मतसम्भार, नेपालमा लुकेका भारतीय अपराधी पक्राउ र हस्तान्तरण, नक्कली भारतीय रुपैयाँ सीमापार नियन्त्रण, नेपालको मदरसामा भारतविराधी गतिविधि निगरानी, सुपुर्दगी सन्धिबारे छलफल हुने गरेको पाइन्छ। तर, ठोस निर्णय हुन सकेको भने देखिँदैन।

यसपटकको संयुक्त बैठकमा मुख्य उपलब्धि के-के भए, कति सफल रह्यो भन्ने सम्बन्धमा सनातनी एजेन्डा राखियो, सनातनी तरिकाले नै बैठक सकिएको छ। बैठकमा सर्धैझैं अन्तर-सीमा सुरक्षा, तेस्रो देशको नागरिकको अवैध आवागमन तथा सीमा अपराध नियन्त्रण, सीमा व्यवस्थापन, सुपुर्दगी सन्धि, सीमास्तम्भको मर्मत, लागुपदार्थ मानव तस्करी आपराधिक गतिविधि नियन्त्रण तथा सीमा वारपार



> यत्तिका वर्षपछि आयोजित संयुक्त सीमा व्यवस्थापन समिति बैठकमा नयाँ समसामयिक बुँदामा नभई सनातनी विषयमा मात्र बहस हुनुले यो बैठक खासै उपलब्धिमूलक हुन नसकेको प्रस्ट हुन्छ

आवागमनलाई थप व्यवस्थित गर्ने, नक्कली भारतीय नोट नियन्त्रण, सीमा क्षेत्रमा संयुक्त गस्ती र निगरानी बढाउनेलगायत विषयमा निर्णय भएको छ। यसबाहेक आपराधिक मामिलामा पारस्परिक कानुनी सहायता सम्झौताको मस्यौदा तयार गरिएको छ।

यसपटक पनि भारतले सुपुर्दगी सन्धिको कुरा उठाएको भए पनि खास निर्णय हुन भने सकेन। नेपाल र भारतबीच २०१० असोज १६ मा भएको सुपुर्दगी सन्धिलाई परिमार्जन गरेर नयाँ सन्धि गर्न भारत सरकारले पटक-पटक ताकेता गर्दै आए पनि सुपुर्दगीका अन्तर्राष्ट्रिय मान्यताविपरीत मस्यौदा तयार गरिएका कारण नयाँ सन्धिमा सहमति हुन सकेको छैन। भारतीय पक्षले तेस्रो देशका नागरिकको पक्राउ र हस्तान्तरण, नेपाल-भारतका सुरक्षाकर्मीले

> नेपाल-भारत सचिवस्तरीय संयुक्त बैठकमा सर्वोच्च अदालतले गरेको परमादेशका बुँदामा छलफल गरी आवश्यक निर्णय लिन सकेको भए सुरक्षा चासोसम्बन्धी भारतको चिन्ता समाधान हुने थियो

एक-अर्काको देशमा हातियारसहित विनारोकटोक अनुसन्धान गर्न आउन पाउने, अदालती प्रक्रियाविनै अभियुक्त हस्तान्तरणलगायत भारतले विवादास्पद प्रस्ताव राखेकाले आजसम्म निर्णय हुन सकेको छैन।

नेपाली पक्षको कमजोरी : बैठकमा उठाइएका उल्लिखित अवैध कार्य नियन्त्रण रोकथामका लागि खुला सीमालाई नियमन (रेगुलेसन) व्यवस्थापनमा परिणत गर्न नेपाल सशक्त ढंगले प्रस्तुत हुन सकेन। सर्वोच्च अदालतले दिएको निर्णय बैठकमा प्रस्तुत गर्नु समसामयिक हुँदाहुँदै पनि नेपाली पक्ष यसमा चुकेको छ। हवाईयात्रामा नियमन व्यवस्था २५ वर्षदेखि लागू गरिसकेकाले यसैलाई नजिरका रूपमा प्रस्तुत गर्दै अब जमिनी सीमा पनि नियमन गर्ने अवस्था आइसकेको छ भन्न सकेन।

सर्वोच्च अदालतको परमादेश : नेपाल-भारत खुला सीमालाई नियमन गरिपाऊँ भनी वरिष्ठ अधिवक्ता डा. चन्द्रकान्त ज्ञवाली र यस पंक्तिकारले समेत सर्वोच्च अदालतमा दिएको रिट निवेदन सम्बन्धमा २०७८ वैशाख १२ मा सरकारका नाममा परमादेश भई २०८० भदौ २९ गते आएको पूर्ण विवरणमा निम्न बुँदा उल्लेख गरिएका छन्।

१. सम्बन्धित अधिकारीले नेपाल-भारत खुला सीमा व्यवस्थालाई प्रभावकारी रूपले नियमन गर्नका लागि दुई देशबिच रहेको सन्धि सम्झौतालाई पुनरावलोकन गर्ने कामको प्रारम्भ गर्न अतिरिक्त बन्दोबस्त मिलाउनू। २. सुरक्षा निकायले सीमा नाकामा प्रभावकारी सुरक्षा व्यवस्था अपनाउँदै नेपाल प्रवेश गर्ने यात्रुले अध्यागमन कार्यालय अथवा सुरक्षा संयन्त्रसमक्ष आफ्नो औपचारिक परिचयपत्र देखाउनुपर्ने प्रबन्ध मिलाउनू। ३. सीमामा आवागमनलाई नियमन र व्यवस्थित गर्न अभिलेख राख्ने गर्नू। ४. सीमा वारपार गर्ने बिन्दु निर्धारण गरी ड्रोन तथा सिसिटिभीजस्ता प्रविधि उपयोग गरी सुरक्षाकर्मीद्वारा प्रभावकारी रूपमा रेखदेख गर्नू। ५. दुई देशबिचको सम्बन्धलाई अझ वृद्धि तथा सुदृढ गर्न वार्ता, समझदारी, सहयोग, समानता, आपसी विश्वास र सद्भावद्वारा पछि फेरि समस्या नआउने गरी सीमा समस्या समाधान गर्नू। ६. पारम्परिक अथवा अन्य कुनै कारण देखाई सीमामा गैरकानुनी गतिविधि नियन्त्रण गर्ने उत्तरदायित्वबाट पन्छिन मिल्दैन। ७. नेपाल-भारत उच्चस्तरीय विज्ञ, सीमा कूटनीतिक मिसन परिचालन गरी सहज वातावरण सिर्जना गर्नू। ८. सरकारी निकायले राजनीतिक र कूटनीतिक पहल गरी समानता र आपसी हितका आधारमा नेपाल-भारतबिचको खुला सीमालाई नियमन र व्यवस्थित गर्न आवश्यक परे अतिरिक्त सन्धि-सम्झौतामा हस्ताक्षर गर्नू। यस्तो अस्त्र हुँदाहुँदै पनि नेपाल प्रस्तुत हुन सकेन। त्यसैले बैठक खल्लो भयो भन्नुपरेको हो।

अन्त्यमा : भारत-पाकिस्तानबिच जति तनाव बढ्छ, नेपालमा उति नै सुरक्षामा चुनौती थपिन्छ। यस्तो अवस्थामा नेपाली भूमि दुरुपयोग हुन नदिन सचिवस्तरीय संयुक्त बैठकमा सर्वोच्च अदालतले गरेको परमादेशका बुँदामा छलफल गरी आवश्यक निर्णय गरेको भए सुरक्षा चासोसम्बन्धी भारतको चिन्ता समाधान हुने थियो।

यसबाट दुवै देशको आपसी मित्रता अझ प्रगाढ हुन पुग्ने थियो। अझै पनि समय भड्किसकेको छैन। आगामी दिनमा हुने संयुक्त बैठकमा सर्वोच्च अदालतले सरकारलाई दिएको परमादेशअनुसार सीमा नियमन गर्ने कुरा भारतसमक्ष प्रस्ताव गरी सकेसम्म चाँडो खुला सीमा नियमन गरेर अवैध घुसपैठ तथा आतंककारीको चलखेल हुन नसक्ने गरी कडा सुरक्षा व्यवस्था गरिनुपर्छ।

(श्रेष्ठ सीमाविद् हुन्)

---

३ प्रश्न

सर्वोच्च अदालतका पूर्वन्यायाधीश **बलराम केसी**लाई



कानुन निर्माणमा स्वार्थ समूह कसरी हाबी हुन पुग्छन् ?

कानुन बनाउनु सार्वभौम संसद्को अधिकार हो। त्यही सार्वभौम संसद्मा विभिन्न क्षेत्रका स्वार्थ बोकेका मानिस पनि जनप्रतिनिधिका रूपमा पुग्न सक्छन्। कानुनको मस्यौदा निर्माणको चरणमै स्वार्थ समूहले कर्मचारीलाई प्रभाव पारेर ऐनको मस्यौदामै आफ्ना स्वार्थ घुसाउँछन्। तर, देशका लागि कस्तो कानुन आवश्यक भएको हो, त्यसमा कस्ता-कस्ता बुँदा समेट्नुपर्ने हो भन्नेबारे सांसदले मस्यौदा बनाउनेलाई 'गाइडलाइन' दिनुपर्ने हो। त्यसरी तयार गरिएको मस्यौदा ठिक छ कि छैन, त्यसका हरेक बुँदाको परख गर्ने अधिकार र ल्याकत सांसदसित हुनुपर्छ। अहिले कुलिङ अफ पिरियडसम्बन्धी व्यवस्थामा भएको छेडखानी रिटायर्ड भएपछि पनि पदमै रहिरहन पाइयोस् र बाँचुन्जेल पद छाड्नु नपरोस् भन्ने स्वार्थ समूहले गरेको चलखेलको परिणाम हो।

स्वार्थ समूहको चलखेलमा बन्ने कानुनले कस्ता प्रभाव छाड्छन् ?

यस्ता स्वार्थ समूहको संलग्नता या चलखेलबाट बन्ने कानुनले समाजमा गम्भीर नकारात्मक प्रभाव पार्छन्। खासगरी लोकतन्त्रमा विभिन्न स्वार्थ समूह संसद्मा पुग्नु अनौठो होइन। तर, जब कानुन निर्माणको प्रश्न आउँछ, त्यतिखेर त्यस्ता स्वार्थ समूहको प्रतिनिधित्व गर्ने सांसदलाई कानुनको ड्राफ्टदेखि नै अलग राख्नुपर्छ। तिनले अल्पमत, बहुमतमा मत दिँदा भने खासै फरक पर्दैन।


कानुन निर्माणमा स्वार्थ समूहलाई पन्छाउनै नसकिने हो र ?

आफैं इमानदार भई नैतिक आचरणमा रहने हो भने कानुन निर्माणमा स्वार्थ समूह हाबी हुने अवस्था नै आउँदैन। जसरी, आफूसित जोडिने कोही कसैको मुद्दा आएमा न्यायाधीश अलग बसेजस्तो आफूसम्बद्ध विषयमा कानुन बन्दै गर्दा सम्पूर्ण प्रक्रियाबाट सम्बन्धित सांसदहरू नै अलग बस्ने हो भने यस्तो समस्या आउँदैन। तर, हामीकहाँ त आफैं अलग बस्ने भन्दा पनि सकेसम्म आफू त्यसमा घुसैरै छाड्ने परिपाटी छ। समस्या त्यसैले सिर्जना गरेको हो।

प्रेरक प्रसंग

शास्त्रीको उचाइ

लालबहादुर शास्त्री भारतीय राजनीतिका अत्यन्त उच्च सम्मानित राजनेता हुन्। उनै शास्त्री त्यतिखेर उत्तर प्रदेशका गृहमन्त्री थिए। उनका एक साथी उनलाई भेट्न आए। भेटघाटपछि ती साथीले शास्त्रीलाई भने, 'केवल आधा इन्च उचाइ कम भएका कारण मेरो छोराले इन्स्पेक्टरमा नाम निकाल्न सकेन, त्यसैले यस विषयमा तपाईंले केही सिफारिस गरिदिनुभए उसको काम बन्ने थियो र ऊ इन्स्पेक्टर हुन सक्ने थियो।'



मित्रको अनुरोध सुनिसकेपछि शास्त्रीले शान्तिपूर्वक जवाफ दिए, 'यदि साँच्चै तपाईंको छोराको उचाइ कम छ भने उसले यो पद कुनै पनि हालतमा पाउन सक्दैन। यसमा मैले सिफारिस गर्नु व्यर्थ हुन्छ। किनकि, उचाइ कम भएको मान्छेले त्यो पद पाउन सक्दै सक्दैन।'

शास्त्रीको जवाफ सुनेपछि ती साथी अलि रिसाउँदै बोले, 'तपाईंको उचाइ त आवश्यकताभन्दा धेरै कम छ र पनि तपाईं पूरै राज्यको गृहमन्त्री हुनुहुन्छ भने मेरो छोराको त उचाइ सिर्फ आधा इन्च कम भएको न हो। केवल त्यही कारण ऊ किन इन्स्पेक्टर बन्न सक्दैन ? के यो अन्याय होइन ?'

मित्रको आक्रोशपूर्ण अभिव्यक्ति सुनेपछि शास्त्री मुस्कुराए र भने, 'ठिक भन्दै हुनुहुन्छ म पुड्को छु र पनि गृहमन्त्री बन्न सक्छु। तर, साँचो यो हो कि मलाई मन लाग्यो भने पनि म इन्स्पेक्टर बन्न सक्दिनँ। ठिक यसैप्रकारले तपाईंको छोरा पनि उचाइ कम भएको कारणले इन्स्पेक्टर बन्न सक्दैन, तर ऊ कुनै दिन मजस्तो गृहमन्त्री अवश्य बन्न सक्छ। मेरो शुभकामना उसको साथमा छ।' शास्त्रीको यो तर्क सुनिसकेपछि ती मित्र नाजवाफ बने।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

मधेशको विपत्मा सघाऊ

यतिखेर नेपालको अन्नभण्डार मानिने मधेश पानीको गम्भीर संकटसित जुधिरहेको छ। मध्यबर्खामा पनि एकातिर पिउने पानीको समेत अभाव हुन थालेको छ भने अर्कातिर धान रोपाइँको मुख्य सिजनमै रोपाइँ हुन सकिरहेको छैन। रोपाइँ भइसकेको खेतमा पनि पानीअभावले गर्दा धाँजा फाट्न थालेको छ। यस्तो अवस्थामा सरकारले मधेश प्रदेशलाई विपत् संकटग्रस्त क्षेत्र घोषणा त गरेको छ। तर, घोषणाले मात्र विपत्बाट मुक्ति पाउन सकिन्न। त्यसका लागि राज्यले तात्कालिक र दीर्घकालीन सहयोग र योजना अघि सार्नुपर्छ। मधेशको विपत्मा राज्य मौन बस्न पाउँदैन।

● **वन्दना यादव**, जलेश्वर, महोत्तरी

स्वास्थ्य मन्त्रालय के चाहन्छ ?

किशोरीहरूको डिम्बको अवैध कारोबार प्रकरणबारे छानबिन गरी प्रतिवेदन तयार गर्न स्वास्थ्य मन्त्रालयले गठन गरेको छानबिन समितिका संयोजकमा निजी फर्टिलिटी सेन्टरका सञ्चालकसमेत रहेकी डा. ज्वाला थापालाई तोकेको समाचार पढियो।

निजी फर्टिलिटी सेन्टरहरूको बदमासी छानबिन गर्ने समितिको नेतृत्व निजी फर्टिलिटी सेन्टरकै सञ्चालकलाई दिँदा कसरी सत्यतथ्य बाहिर आउला ? यस्तोमा स्वार्थको द्वन्द्व नहोला र ? समितिको नेतृत्वले देश र जनताको हितमा निर्णय गर्न सक्ला र ?

● **उस्मा काफ्ले**
सिनामंगल, काठमाडौं

स्वार्थ समूहको जालझेल

देशको कानुन निर्माणमा स्वार्थ समूहको चलखेल अति नै बढ्दै गएको समाचार पटक-पटक आइरहेका छन्। जसले गर्दा पवित्र उद्देश्यले गर्नुपर्ने कानुन निर्माण स्वार्थ समूहको स्वार्थअनुसार चल्न थालेको छ। देशको कानुन निर्माणजस्तो गम्भीर विषयमा समेत स्वार्थ समूहले चाहेअनुसार हुने हो भने यो देशमा जनप्रतिनिधि, संघीय प्रणाली किन चाहियो ? जनताको हितलाई भन्दा स्वार्थ समूहका हितलाई प्राथमिकतामा राखेर कानुन निर्माण गरिनु बेइमानी हो।

● **बबिता परियार**
गठ्ठाघर, भक्तपुर

विद्याका दुई विकल्प

जसको विचार र रगत पसिनाले एमाले बनेको छ, आज उसैकी धर्मपत्नीलाई एमालेले ढोका बन्द गरिदिँदा मदन भण्डारीको आत्मालाई यतिखेर कति पीडा हुँदो हो ? एमाले र उसको मूल सिद्धान्त जबज बनाउनमा केपी ओलीको भन्दा बढी योगदान मदन र विद्याको छ। तर, आज ओलीको तानाशाही सोच र उनका 'झोले' कार्यकर्ताका कारण एमालेमा निषेधको राजनीति चुलिएको छ। जसको स्वयं एमाले निर्माणकर्ता मदन भण्डारीकी पत्नी एवं पूर्वराष्ट्रपति विद्यादेवी भण्डारी सिकार हुनुभएको छ।

एमालेले पार्टी प्रवेशको ढोका बन्द गरिदिएपछि अब विद्याका अगाडि केवल दुई विकल्प बाँकी छन्। एउटा हो, निषेधको निर्णयविरुद्ध अदालत जाने र अर्को हो नयाँ पार्टी बनाएर ओलीलाई चुनौती दिने। नेपालको बिद्यमान कानुन र संविधानले पनि निषेधको निर्णयलाई मान्यता दिँदैन। हरेक नागरिकलाई आफ्नो स्वेच्छाले राजनीतिक पार्टी खोल्न, सदस्य बन्न र मतदान गर्न स्वतन्त्रता दिएको छ। नागरिकको हक कुण्ठित गर्ने अधिकार न कुनै पार्टीलाई हुन्छ, न त शीर्ष नेताहरूलाई नै। यसकारण पनि भण्डारी न्यायालय गइन् भने न्याय पाउन सक्छिन्। र, अर्को विकल्प भनेको नयाँ पार्टी नै दर्ता गर्नु हो। यतिखेर उनका लागि पार्टी नै विभाजन गर्न कठिन छ। किनकि, पार्टी विभाजन गर्न केन्द्रीय समिति वा संसदीय समितिको ४० प्रतिशत मत चाहिन्छ। जुन तत्काल विद्यालाई जुटाउन गाह्रो छ। यसर्थ, अहिलेको दोस्रो विकल्प भनेको विचार मिल्नेहरूलाई गोलबन्ध गर्दै नयाँ पार्टी दर्ता गर्नु नै हो।

● **गोपाल देवकोटा**, चाबहिल, काठमाडौं
gopaldevkota@gmail.com

बिहारमा दर्दनाक कथा बुन्दै भारतीय निर्वाचन आयोग

अझै पनि निर्वाचन आयोगले वास्तविकतालाई स्वीकार गर्नुपर्छ र जनतामाथि विशेष व्यापक पुनरावलोकनको प्रयोग तुरुन्त अन्त्य गर्नुपर्छ

देश / विदेश

● कामयानी स्वामी
● राहुल शास्त्री
● योगेन्द्र यादव

हामी पटनामै थियौं, जब भारतीय निर्वाचन आयोगले विशेष व्यापक पुनरावलोकन (सर) सम्बन्धी आफ्नो प्रति-शपथपत्र दायर गरेको खबर सञ्चारमाध्यममा आयो। त्यसै दिन हामीले बिहारका १९ जिल्लाबाट आएका करिब दुई सय ५० सर्वसाधारण सहभागी भएको जनसुनुवाइ आयोजना गरेका थियौं। सहभागीमध्ये धेरैजसो ग्रामीण क्षेत्रका महिला थिए। केहीले कावरिया र परीक्षा दिन आएका भिडसँगै खचाखच रेलयात्रा गरेका थिए। थकित उनीहरू कुर्सीमै असहज रूपमा निदाउँदै बसेका थिए। करिब तीन दर्जनले पूर्वन्यायाधीश अञ्जना प्रकाशलगायत विशिष्ट प्यानलसमक्ष आफ्ना अनुभव सुनाएका थिए।

त्यो साँझ आयोगको प्रति-शपथपत्र पढ्दा दिनभर सुनेका कथासँग कुनै मेल देखिएन। आयोगको भाष्य काल्पनिक कथाझैं लाग्थ्यो, जबकि जमिनी यथार्थ निकै कठोर र पीडादायी थियो। कटिहारकी कृषि मजदुर फूलकुमारी देवीसँग फोटो, मतदाता परिचयपत्र र आधार कार्ड मागिएको थियो, जुन तीनै आयोगकै नियमअनुसार अनावश्यक थिए। उनले फोटो र फोटोकपी बनाउने खर्च जुटाउन चामल बेच्नुपऱ्यो, अर्थात् भोकै बसिन् र दुई दिनको ज्याला गुमाइन्।

करिब ६० वर्षकी सुमित्रादेवी सहरसाबाट आएकी थिइन्। उनलाई आफ्ना दिवंगत आमाबुबाका कागजात, साथै जात वा वासस्थान प्रमाणपत्र बुझाउन भनियो, नत्र 'सरकारका मान्छे' हुने अधिकार गुमाउने चेतावनी दिइयो। उनले जात प्रमाणपत्रका लागि तीन सय रुपैयाँ खर्च गरिसके पनि अझै पाएकी छैनन्। सहरसाकै गोविन्द पासवानसँग पासबुक र जग्गा प्रमाण मागिएको थियो, यद्यपि दुवै सन् २००३ को मतदाता सूचीमा थिए र कागजात आवश्यक थिएन। धेरै बिचौलियाले गरिबबाट फारम भर्नकै लागि सय रुपैयाँसम्म असुलेका थिए।

कसैको माइती नेपाल परेको अवस्थामा सन् २००३ को मतदाता सूचीबाट अभिभावकको नाम खोजेर प्रमाण भिक्नु निकै कठिन र कतिपय अवस्थामा असम्भव थियो। यस्तोमा 'प्रवासी श्रमिकले इसिनेट एपबाट फारम भर्ने' कुरा मजाकजस्तै लाग्दो रहेछ। जनसुनुवाइमा प्रस्तुत तीव्र सर्वेक्षणमा बिहारबाहिरका २३५ प्रवासीमध्ये एकतिहाइले 'सर'को नामै सुनेका थिएनन् र सुनेकामध्ये झन्डै ७५ प्रतिशतलाई चाहिने कागजातबारे थाहा थिएन। केवल १० प्रतिशतले मात्र अनलाइन फारम बुझाउने घोषणाबारे सुनेका थिए।

अब निर्वाचन आयोगको 'आधिकारिक कल्पना' र जमिनी यथार्थबिचको अन्तर एक उदाहरणमार्फत हेरौं। सर आदेशको मार्गनिर्देशन ३(ख) अनुसार मतदान अधिकृतले प्रत्येक घरमा गई, मतदाताको विवरण प्रिन्ट गरिएको फारम दिन र भराउन सहयोग गर्नुपर्ने थियो। तर, यो निर्देशनका ६ वटै बुँदामा आयोगका ६ वटा झुट देखिन्छन्। पहिलो, मतदान अधिकृतले घरघर जानुपर्ने थियो, तर समय अभाव र आदेशका कारण धेरैले त्यसो गरेनन्, बरु मतदाता नै मतदान अधिकृतलाई खोज्दै हिँडे। दोस्रो, फारम मतदान अधिकृतले दिनुपर्ने भए पनि सहरी क्षेत्रमा अख्तियारी नभएका कर्मचारीले वितरण गरे। तेस्रो, प्रिन्ट गरिएको व्यक्तिगत विवरणसहितको फारम दिनुपर्नेमा धेरैलाई खाली फारम दिइयो। चौथो, सूचीमा भएका सबै मतदातालाई फारम दिनुपर्ने भए पनि सबैले पाएनन्। पाँचौं, दुई प्रति फारम दिनुपर्नेमा अधिकांशलाई एक प्रति मात्र दिइयो, अर्थात् प्रमाणविनै फारम बुझाउनुपऱ्यो। छैटौं, मतदान अधिकृतले सहयोग गर्नुपर्ने भए पनि जानकारी, स्रोत र समयको अभावमा गर्न सकेनन्। यसरी विषय व्यवहारमा लागू हुन सकेनन् र सिंगो प्रक्रिया अव्यवस्थित रह्यो। वरिष्ठ पत्रकार अजित अन्जुमले क्यामेरामै सरको सबैभन्दा ठुलो धोखाधडी उजागर गर्ने थुप्रै भिडियो प्रतिवेदन सार्वजनिक



तस्बिर : पिटिआई

गरिसकेका छन्, जहाँ गणना फारम मतदाताको सहमति वा जानकारीविनै भरिएको देखियो।

हामीले यस्ता प्रक्रिया उल्लंघनका थुप्रै घटना देख्यौं। कहिले परिवारका सदस्यले बाहिर गएका व्यक्तिको नाममा हस्ताक्षर गरे, कहिले मतदान अधिकृतले 'तपाईंको फारम त बुझाइसकियो' भने, जबकि व्यक्तिले फारम देख्न वा हस्ताक्षर गर्नसमेत पाएका थिएनन्। केही घटनामा त मतदाताले निर्वाचन आयोगको वेबसाइटमै हेर्दा उनीहरूको फारम त पहिल्यै बुझाइएको रहेछ, जसले गर्दा नयाँ फारम बुझाउनै नसकिने भन्ने थाहा पाए। निर्वाचन आयोगले ९८.०१ प्रतिशत सफलताको दर दाबी गरे पनि कम्तीमा एकचौथाइ वा त्योभन्दा बढी फारम यस्ता धोखाधडीका श्रेणीमा पर्न सक्छन्।

यी कुनै अपवाद वा ठुला अभ्यासमा हुने सामान्य रूपमा देखिने कार्यगत त्रुटि मात्र होइनन्। 'सर'को भ्रम र अराजकता यसको संरचनामै गाढा रूपमा गाभिएको छ। तपाईंले यति ठुलो अभ्यासलाई २४ घण्टा पनि नपुग्ने सूचना दिएर सुरु गर्नुहुन्छ, तपाईंले स्रोतहीन र थाकिसकेको प्रशासनिक संयन्त्रलाई चार हप्ताभित्र थुप्रै काम सम्पन्न गर्न आदेश दिनुहुन्छ र आठ करोड जनतालाई त्यस्ता कागजात माग्नुहुन्छ, जुन उनीहरूसँग नहुन सक्छ भन्ने कुरा तपाईंलाई थाहा हुँदाहुँदै त्यसको परिणाम के नै आउला र ? बिहारभरि देखिएका नियम र मापदण्डहरूको नांगो उल्लंघन र नक्कली कागजात यही अभ्यासको पूर्वनिर्धारित नतिजा हुन्। मतदान अधिकृत र अन्य प्रशासनिक कर्मचारीलाई दोष दिनु व्यर्थ छ, किनभने उनीहरू पनि सर्वसाधारण नागरिकसरह नै यस प्रक्रियाका पीडित हुन्। सम्पूर्ण जिम्मेवारी निर्वाचन आयोगकै हो। अझ पनि ढिलो भइसकेको छैन, आयोगले वास्तविकतालाई स्वीकार गर्नुपर्छ र जनतामाथिको यो प्रयोग तुरुन्त अन्त्य गर्नुपर्छ। पटनामा सम्पन्न जनसुनुवाइको समापन 'सर'लाई पूर्ण रूपमा रद्द गर्नुपर्ने सर्वसम्मत आह्वानसाथ भएको थियो।

(स्वामी भारत जोडो अभियानकी बिहार संयोजक हुन्, शास्त्री र यादव अभियानको राष्ट्रिय टोलीसँग सम्बद्ध छन्)
द इन्डियन एक्सप्रेसबाट

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५११११७७/७८/८८, फ्याक्स: +९७७-१-५१११९८०, टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

NIC ASIA
एन आई सी एशिया बैंक लि.

ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी ३५ (पैंतीस) दिने सार्वजनिक सूचना

यस बैंकका तपसिलका ऋणीले लिनुभएको ऋण कर्जा सुविधाको साँवा, ब्याज लगायतका अन्य रकम बैंकसँगको शर्त कबुलियत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्नेमा नतिरी नबुझाई ऋण कर्जा सम्बन्धी शर्त उल्लंघन गर्नुभएकोले कर्जा चुक्ता भुक्तानी गर्न पटक पटक मौखिक तथा लिखित तरिकाले गर्दा समेत कर्जा चुक्ता नगर्नुभएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखी ऋण कर्जाको सम्पूर्ण साँवा, ब्याज र अन्य दैं-दस्तुर चुक्ता भुक्तान गर्नुहोला । अन्यथा प्रचलित ऐन कानून तथा बैंकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पति लिलाम विक्री वा अन्य कुनै व्यवस्था गरी बैंकको आफ्नो लेना रकम असुल उपर गरिनुका साथै नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम ऋणी लगायत सम्बद्ध सबैलाई कर्जा सूचना केन्द्र लि.को कालोसूचीमा नाम समावेश गर्न सिफारिस गरिने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ । साथै धितो सुरक्षणबाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम जमानीकर्तालाई कर्जा चुक्ता गर्न समय प्रदान गर्दा समेत कर्जा चुक्ता भुक्तानी नगरेमा जमानतकर्तालाई समेत कालोसूचीमा समावेश गर्न सिफारिस गरि बाँकी रहेको कर्जा असूल उपर गर्न बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सोको नियमावली, २०५९ तथा प्रचलित कानून अनुसार ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पतिबाट बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा समेत ऋणी, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

क्र.सं.	ऋणीको विवरण
१)	**१) ऋणी कम्पनी: जगत माता पाथिभरा यातायात एण्ड अटो कम्पनी प्रा.लि.**, संचालक तथा जमानीकर्ता: सरोज न्यौपाने दर्ता नं.: कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर काठमाडौंमा दर्ता. नं. १९१६५८/७४/०७५, दर्ता मिति: २०७५/०२/३१, ठेगाना: जिल्ला झापा, विर्तामोड न.पा. वडा नं. ३
	२) ऋणी: सरोज न्यौपाने स्थायी ठेगाना: मोरङ जिल्ला, राजघाट गा.वि.स.वडा नं.२, हालको ठेगाना: मोरङ जिल्ला, उर्लाबारी न.पा. वडा नं. ४, बाबु: देवी बहादुर न्यौपाने, बाजे: काली बहादुर न्यौपाने
२)	**ऋणी फर्म: एस.एम कन्स्ट्रक्सन,** प्रोप्राईटर तथा जमानतकर्ता: सहदेव गौतम दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, मकवानपुर हेर्डोडामा प्रा.फ.र.नं: ७३७५/४२/२०६८/२०६९, दर्ता मिति: २०६८/०५/१३, ठेगाना: जिल्ला मकवानपुर, हटिया गा.वि.स. वडा नं. १
३)	**१. ऋणी फर्म: चुनिसा कृषि फर्म,** प्रोप्राईटर तथा जमानतकर्ता: चुनिसा लिम्बु दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, मोरङ (विराटनगर) मा प्रा.फ.नं.घ.उ.मो. १५०१५/०७७/०७८, दर्ता मिति: २०७७/०७/०५, ठेगाना: जिल्ला मोरङ, पथरी शनिश्चरे न.पा. वडा नं. ४
	२. ऋणी: चुनिसा लिम्बु स्थायी ठेगाना: मोरङ जिल्ला, शनिश्चरे गा.वि.स वडा नं. ३, हालको ठेगाना: मोरङ जिल्ला, पथरी शनिश्चरे न.पा. वडा नं. ९ बाबु: इन्द्र बहादुर लिम्बु, ससुरा: देवी बहादुर लिम्बु, पति: इन्द्र कुमार लिम्बु
४)	**१) ऋणी फर्म: ठंक माया किराना पसल,** प्रोप्राईटर तथा जमानीकर्ता: ठंक माया कटुवाल दर्ता नं.: वाणिज्य आपुर्ति तथा उपभोक्त संरक्षण कार्यालय, मोरङ, विराटनगरमा प्रा.फ.र.नं. ३४८८४/०७७/७८, दर्ता मिति २०७७/०९/२२, ठेगाना: जिल्ला मोरङ, उर्लाबारी न.पा. वडा नं. ५
	२) ऋणी: मोहन बहादुर कटुवाल स्थायी ठेगाना: मोरङ जिल्ला, ईठहरा गा.वि.स. वडा नं. ३, हालको ठेगाना: मोरङ जिल्ला, उर्लाबारी न.पा. वडा नं. ५ बाबु: पहलमान कटुवाल, बाजे: अम्बर बहादुर कटुवाल
५)	**ऋणी: राम अखवाल दनुवार** स्थायी ठेगाना: सिन्धुली जिल्ला, दुधौली गा.वि.स. वडा नं. ३, हालको ठेगाना: सिन्धुली जिल्ला, दुधौली न.पा. वडा नं. ९ बाबु: केप्चा दनुवार, बाजे: महन्थु कुमर
६)	**ऋणी: शुसिल कुमार मानन्धर** स्थायी ठेगाना: पर्सा जिल्ला, वीरगंज उ.म.न.पा. वडा नं. ४, हालको ठेगाना: पर्सा जिल्ला, वीरगंज म.न.पा. वडा नं. ४, विर्ता बाबु: सुर्य नारायण मानन्धर ,बाजे: मिठ्ठा बहादुर मानन्धर
७)	**ऋणी: पुनम देवी महतो** स्थायी ठेगाना: सिरहा जिल्ला, लाहान गा.वि.स. वडा नं. २, हालको ठेगाना: सिरहा जिल्ला, लहान न.पा. वडा नं. २ बाबु: सीताराम महतो, ससुरा: वालेश्वर महतो, पति: रामध्यान महतो
८)	**ऋणी: धर्मेन्द्र कुमार यादव** स्थायी ठेगाना: रौतहट जिल्ला, सन्तपूर दो. गा.वि.स. वडा नं. ९, हालको ठेगाना: रौतहट जिल्ला, वृन्दावन न.पा. वडा नं. ७ बाबु: धुपलाल यादव, बाजे: प्रगास राय यादव **तथा** **ऋणी: हेमन्ती कुमारी देवी** स्थायी ठेगाना: रौतहट जिल्ला, सन्तपूर दो. गा.वि.स. वडा नं. ९, हालको ठेगाना: रौतहट जिल्ला, वृन्दावन न.पा. वडा नं. ७ बाबु: जियालाल राय यादव, ससुरा: प्रगास राय यादव, पति: धुपलाल राय यादव
९)	**ऋणी फर्म: अमरदीप मतस्य फार्म,** प्रोप्राईटर तथा जमानीकर्ता: दिनेश साह कानु दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, रौतहट, गौरमा प्रा.फ.नं.: ४९१२/६५, दर्ता मिति २०७३/०४/२३, ठेगाना: रौतहट जिल्ला, लक्ष्मीनिया गा.वि.स. वडा नं. ९
१०)	**ऋणी: ओज बहादुर थापा** स्थायी ठेगाना: धादिङ्ग जिल्ला, थाके गा.वि.स. वडा नं. ३, हालको ठेगाना: धादिङ्ग जिल्ला, थाके गा.पा. वडा नं. ६ बाबु: झंक्क बहादुर थापा, बाजे: हनुमान थापा
११)	**ऋणी: मनलाल तामाङ** स्थायी ठेगाना: धादिङ्ग जिल्ला, भुमेस्थान गा.वि.स. वडा नं. ८, हालको ठेगाना: धादिङ्ग जिल्ला, थाके गा.पा. वडा नं. १ बाबु: नर वहादुर तामाङ, बाजे: सेते तामाङ
१२)	**ऋणी फर्म: न्यू दुर्गा सु सेन्टर,** प्रोप्राईटर तथा जमानीकर्ता: ईन्द्र बहादुर दाहाल दर्ता नं.: वाणिज्य विभाग, वाणिज्य कार्यालय, विराटनगर, मोरङमा प्रा.फा.र.नं. ३०९१३/०७४/७५, दर्ता मिति २०७५/०२/०७, ठेगाना: जिल्ला मोरङ्ग, उर्लाबारी न.पा. वडा नं. ७
१३)	**ऋणी: मेदनी प्रसाद सिवाकोटी** स्थायी ठेगाना: झापा जिल्ला, दमक न.पा. वडा नं.१७, हालको ठेगाना: मोरङ जिल्ला, उर्लावारी न.पा. वडा नं. ७, बाबु: भानुभक्त सिवाकोटी, बाजे: पदमलाल सिवाकोटी
१४)	**१) ऋणी फर्म: अरनिको कृषि तथा पशुपालन फर्म,** प्रोप्राईटर तथा जमानीकर्ता: दिल माया थापा मगर दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, धनकुटामा दर्ता नं. ५८४१/०७७/०७८, दर्ता मिति २०७७/०४/२५, ठेगाना: जिल्ला धनकुटा, साग्रुरीगढी गा.पा. वडा नं. ६
	कर्जाको किसिम: व्यक्तिगत कर्जा **२) ऋणी: काजीमान थापा मगर** स्थायी ठेगाना: धनकुटा जिल्ला, भेडेटार गा.वि.स वडा नं.६, हालको ठेगाना: धनकुटा जिल्ला, साग्रुरीगढी गा.पा. वडा नं.६, बाबु: विर बहादुर थापा मगर, बाजे: लक्ष्मण थापा मगर
	जमानीकर्ता: दिल माया थापा मगर, स्थायी ठेगाना: धनकुटा जिल्ला, भेडेटार गा.प. वडा नं. ६, हालको ठेगाना: धनकुटा जिल्ला, साग्रुरीगढी गा.पा. वडा नं.६, बाबु: तुल विर मगर, ससुरा: विर बहादुर थापा मगर, पति: काजीमान थापा मगर
१५)	**१) ऋणी शान्ती देवी यादव** स्थायी ठेगाना: मोरङ जिल्ला, टंकीसिनवारी गा.वि.स वडा नं. ४, हालको ठेगाना: मोरङ जिल्ला, बुढीगंगा गा.पा. वडा नं. ३, बाबु: हिरा लाल यादव, ससुरा: मुलचन यादव, पति: हुकम चन्द्र यादव
	कर्जाको किसिम: व्यक्तिगत कर्जा **२) ऋणी: चन्दन प्रसाद यादव** स्थायी ठेगाना: मोरङ जिल्ला, टंकिसिनुवारी गा.वि.स वडा नं. ४, हालको ठेगाना: मोरङ जिल्ला, बुढीगंगा न.पा. वडा नं. ४, बाबु: मुलचन यादव, बाजे: फनीलाल यादव
	जमानीकर्ताहरु: १) श्रीमती बेचनीदेवी यादव, स्थायी ठेगाना: मोरङ जिल्ला, टंकिसिनुवारी गा.वि.स वडा नं. ४, हालको ठेगाना: मोरङ जिल्ला, बुढीगंगा न.पा. वडा नं. ४, बाबु: चौठी यादव, ससुरा: फनीलाल यादव, पति: मुलचन यादव, **२) हुकुमचन्द्र यादव,** स्थायी ठेगाना: मोरङ जिल्ला, टंकिसिनुवारी गा.वि.स वडा नं. ४, हालको ठेगाना: मोरङ जिल्ला, बुढीगंगा न.पा. वडा नं. ४, बाबु: मुलचन यादव, बाजे: फनीलाल यादव, **३) गणेश प्रसाद यादव,** स्थायी ठेगाना: मोरङ जिल्ला, टंकिसिनुवारी गा.वि.स वडा नं. ४, हालको ठेगाना: मोरङ जिल्ला, बुढीगंगा न.पा. वडा नं. ४, बाबु: मुलचन यादव, बाजे: फनीलाल यादव
१६)	**ऋणी: सरोज दाहाल** स्थायी ठेगाना: झापा जिल्ला, अनारमनी गा.वि.स. वडा नं. ८, हालको ठेगाना: झापा जिल्ला, अर्जुनधारा न.पा. वडा नं. ८, बाबु: पदम बहादुर दाहाल, बाजे: हिकमत बहादुर दाहाल
१७)	**ऋणी: सुसिल कुमार अग्रवाल** स्थायी ठेगाना: मोरङ जिल्ला, दुहवी गा.वि.स वडा नं. ७, हालको ठेगाना: मोरङ जिल्ला, विराटनगर उ.म.न.पा. वडा नं. १४, बाबु: तूलसी राम अग्रवाल, बाजे: टिकुराम अग्रवाल
१८)	**ऋणी फर्म: रिचा एण्ड रिजन अटो पार्ट रिपेरिङ सेण्टर,** प्रोप्राईटर तथा जमानीकर्ता: तारा शंकर दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, पाँचथरमा प्रा.फ.र.नं. ९२६/०७६/७७, दर्ता मिति २०७६/०५/०९, ठेगाना: जिल्ला पाँचथर, फिदिम न.पा. वडा नं. १
१९)	**ऋणी: बिनोद सिंह पठेल** स्थायी ठेगाना: बारा जिल्ला, बेनौली गा.वि.स. वडा नं. १, हालको ठेगाना: बारा जिल्ला, पचरौता न.पा. वडा नं. ७, बाबु: राम असिस सिंह जैसवार, बाजे: रामलखन राउत
२०)	**ऋणी: मो. इमरान मंसुरी** स्थायी ठेगाना: रौतहट जिल्ला, लक्ष्मीपूर दो. गा.वि.स. वडा नं. ६, हालको ठेगाना: रौतहट जिल्ला, ग्रुजरा न.पा. वडा नं. ५ बाबु: आलम वकसिस, बाजे: सफि महंमद
२१)	**ऋणी: हरि बहादुर कार्की** ठेगाना: सर्लाही जिल्ला, बरहथवा न.पा. वडा नं. २, बाबु: गोपाल बहादुर कार्की, बाजे: मान बहादुर कार्की
२२)	**१) ऋणी फर्म: पाल आयल स्टोर्स,** प्रोप्राइटर तथा जमानीकर्ता: शम्भु प्रसाद पाल दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय गौर, रौतहटमा प्रा.फ.र.नं. ४१४०/०५१/०५२, दर्ता मिति २०५१/०४/२६, ठेगाना: जिल्ला रौतहट, बसविट्टी जिग्रांडिया गा.वि.स. वडा नं.६ (हाल गरुडा न.पा.वडा नं. ८)
	२) ऋणी फर्म: पाल एग्रो एण्ड कृषि फार्म, संचालक तथा जमानीकर्ता: शम्भु प्रसाद पाल दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय रौतहट, गौरमा उद्योग दर्ता नं. ८२६४/०६१/२२१/५५ दर्ता मिति २०७७/०८/१४, ठेगाना: जिल्ला रौतहट, गरुडा न.पा.वडा नं. ८
२३)	**ऋणी फर्म: सिद्धार्थ मोटरसाइकल स्पेयर पार्टस्,** प्रोप्राइटर तथा जमानीकर्ता: सरोज प्र. जैसवाल दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, कलैया, बारामा प्रा.फ.र.नं. ९३०७/०७७/७८, दर्ता मिति: २०७७/०५/२८, ठेगाना: जिल्ला बारा, आदर्शकोतवाल गा.पा. वडा नं. ४
२४)	**ऋणी: सुरेन्द्र पासवान** स्थायी ठेगाना: बारा जिल्ला, भगवानपुर गा.वि.स. वडा नं. ५, हालको ठेगाना: बारा जिल्ला, सिम्रौनगढ न.पा. वडा नं. ११ बाबु: गाली हजरा दुसाद, बाजे: भोला हजरा दुसाद
२५)	**ऋणी फर्म: नजाबुदीन किराना पसल,** प्रोप्राइटर तथा जमानीकर्ता: मोजरे आलम दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, गौर, रौतहटमा प्रा.फ.र.नं. १२०४८/७१८, दर्ता मिति: २०७८/०६/०४, ठेगाना: जिल्ला रौतहट, प्रतापपुर पल्टुवा गा.वि.स. वडा नं. ९ (हाल ग्रुजरा न.पा. वडा नं. ७)
२६)	**१) ऋणी फर्म: राजावावु फार्मेसी,** प्रोप्राइटर तथा जमानीकर्ता: लालबाबु चौधरी दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, मलंगवा, सर्लाहीमा प्रा.फ.नं.९९६३/०७७/०७८, दर्ता मिति: २०७७/०९/२४, ठेगाना: जिल्ला सर्लाही, लालबन्दी न.पा. वडा नं. १
	२) ऋणी: निलम देवि चौधरी स्थायी ठेगाना: सर्लाही जिल्ला, सासापुर गा.वि.स. वडा नं. २, हालको ठेगाना: सर्लाही जिल्ला, लालबन्दी न.पा. वडा नं. १ बाबु: राम असिस साह, ससुरा: राम चन्द्र चौधरी, पति: लाल बाबु चौधरी
२७)	**१) ऋणी: अवधेश प्रसाद पाल** स्थायी ठेगाना: रौतहट जिल्ला, सखुअवा धमौरा गा.वि.स. वडा नं. ४, हालको ठेगाना: रौतहट जिल्ला, वृन्दावन न.पा. वडा नं. ७, बाबु: भगालु राउत भेडिहर, बाजे: राम वृक्ष राउत
	कर्जाको किसिम: बिना धितो कर्जा **२) ऋणी: संजय पाल** स्थायी ठेगाना: रौतहट जिल्ला, सखुअवा धमौरा गा.वि.स. वडा नं. ४, हालको ठेगाना: रौतहट जिल्ला, वृन्दावन न.पा. वडा नं. ७, बाबु: अवधेश प्रसाद पाल, बाजे: भगालु राउत भेडिहर
	जमानीकर्ताहरु: १) अवधेश प्रसाद पाल, स्थायी ठेगाना: रौतहट जिल्ला, सखुअवा धमौरा गा.वि.स. वडा नं. ४, हालको ठेगाना: रौतहट जिल्ला, वृन्दावन न.पा. वडा नं. ७, बाबु: भगालु राउत भेडिहर, बाजे: राम वृक्ष राउत, **२) सुधीरा कुमारी राउत,** स्थायी ठेगाना: रौतहट जिल्ला, सखुअवा धमौरा गा.वि.स. वडा नं. ४, हालको ठेगाना: रौतहट जिल्ला, वृन्दावन न.पा. वडा नं. ७, बाबु: विजय प्रसाद राउत, ससुरा: अवधेश प्रसाद पाल, पति: संजय पाल, **३) गोना कुमारी,** स्थायी ठेगाना: रौतहट जिल्ला, सखुअवा धमौरा गा.वि.स. वडा नं. ४, हालको ठेगाना: रौतहट जिल्ला, वृन्दावन न.पा. वडा नं. ७, बाबु: राम प्रसाद राउत भेडिहर, ससुरा: भगालु राउत भेडिहर, पति: अवधेश प्रसाद पाल
२८)	**ऋणी: विरजुन राय यादव** स्थायी ठेगाना: रौतहट जिल्ला, सरमुजवा गा.वि.स. वडा नं. ४, हालको ठेगाना: रौतहट जिल्ला, बौधीमाई न.पा. वडा नं. ९, बाबु: तिरभुवन राय यादव, बाजे: भोला राय यादव
२९)	**ऋणी: अनिल कुमार सारडा,** स्थायी ठेगाना: मोरङ्ग जिल्ला, रंगेली गा.वि.स. वडा नं. २, हालको ठेगाना: मोरङ्ग जिल्ला, रंगेली न.पा. वडा नं. ५, बाबु: लक्ष्मी नारायण सारडा, बाजे: भगवान चन्द सारडा

नोट: ऋणी तथा प्रोप्राइटर/संचालक बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानीकर्ता/संचालक को परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको ।

थाइल्यान्ड–कम्बोडिया सिमानामा झडप, कम्तीमा १२ जनाको मृत्यु

बैंकक/ थाइल्यान्ड-कम्बोडिया सीमाक्षेत्रमा लामो समयदेखिको तनाव बिहीबारदेखि सैन्य झडपमा बदलिएको छ । झडपमा हालसम्म कम्तीमा १२ जनाको मृत्यु भएको र १४ जना घाइते भएको बिबिसीले जनाएको छ । थाइल्यान्डका स्वास्थ्यमन्त्रीले झडपमा एकजना सैनिक र ११ जना सर्वसाधारणको मृत्यु भएको जनाएका छन् । दुवै पक्षले अर्को पक्षले पछिल्लो झडप सुरु गरेको आरोप लगाएका छन् ।

झडपको अघिल्लो दिन, अर्थात् बुधबार सीमा क्षेत्रमा भएको बारुदी सुरुङ विस्फोटमा एक थाई सैनिक घाइते भएका थिए । त्यसपछि थाइल्यान्डले कम्बोडियाबाट आफ्नो राजदूत फिर्ता बोलाएको थियो । दुवै देशका सैनिकले बिहीबार बिहानदेखि सीमाक्षेत्रमा गोलीबारी गरिरहे । थाइल्यान्डले कम्बोडियाको सैन्य अड्डामा हवाई बमबारीसमेत गरेको बताएको छ । बैंककले कम्बोडियामाथि सीमानजिकका थाई गाउँ तथा अस्पतालमा रकेट प्रहार गरेको आरोप लगाएको छ । बिहीबार थाइल्यान्डले केही कम्बोडियाली सैन्य अड्डामा हवाई बमबारी गरेको बताएको छ ।

कम्बोडियाले थाइल्यान्डसँगको कूटनीतिक सम्बन्धलाई 'डाउनग्रेड' गरेको छ । उसले थाइल्यान्डमाथि अत्यधिक बल प्रयोग गरेको आरोप लगाउँदै संयुक्त राष्ट्र सुरक्षा परिषद्को आपत्कालीन बैठकको माग गरेको छ । चीनले दुवै देशलाई वार्ताबाट विवाद समाधान गर्न आग्रह गरेको छ ।

■ थाइल्यान्ड-कम्बोडिया सीमा तनावको इतिहास




पछिल्लो सीमा विवादको जरा कम्तीमा सय वर्षअघि फ्रान्सले कोरिदिएको कम्बोडियाको सीमारेखासम्म पुग्छ । त्यति बेला कम्बोडिया फ्रान्सेली उपनिवेश थियो । सन् २००८ मा कम्बोडियाले विवादित क्षेत्रमा अवस्थित ११औं शताब्दीको मन्दिरलाई युनेस्को विश्व सम्पदा स्थलको रूपमा दर्ता गर्ने प्रयास गरेपछि थाइल्यान्डले विरोध जनाएको थियो । दुई देशबिच धेरै झडप भएका थिए, जसमा सैनिक र नागरिकहरूको मृत्यु भएको थियो । त्यसयता दुई देशबिच निरन्तर तनावपूर्ण सम्बन्ध कायम छ ।

पछिल्लो विवाद भने मे महिनामा सीमाक्षेत्रमा भएको झडपमा एक कम्बोडियन सैनिकको मृत्युपछि सुरु भएको थियो । दुई देशबिचको सम्बन्ध पछिल्लो दशककै सबैभन्दा न्यूनस्तरमा झरेको छ । पछिल्ला दुई महिनामा, दुवै देशले एक-अर्कामाथि सीमा प्रतिबन्ध लगाएका छन् । कम्बोडियाले थाइल्यान्डबाट फलफूल र तरकारीजस्ता चिजको आयातमा प्रतिबन्ध लगाएको छ । न्होम पेनले यसअघि थाइल्यान्डबाट निर्यात हुने बिजुली र इन्टरनेट सेवासमेत लिन बन्द गरेको छ । पछिल्ला केही हप्ता, दुवै देशले सीमामा सेनाको तैनाथी पनि बढाउदै लगेकाले कुनै दुर्घटनाको आशंका बढ्दै गएको थियो ।

इतिहासमा आज

जुलाई २५



चिकित्सकद्वय स्टेपटो (दायाँ) र एड्वार्ड बिचमा शिशु ब्राउनसहित उनकी आमा ।

सन् १९७८ : विश्वको पहिलो टेस्टट्युब बेबी लुई ब्राउनको इंग्ल्यान्डको ओल्डह्याममा जन्म भयो । चिकित्सकद्वय प्याट्रिक स्टेपटो र रोबर्ट एड्वार्डको नेतृत्वको टोलीले प्रजनन चिकित्सा क्षेत्रको यो उपलब्धि सम्भव गरेका थिए ।

सन् १८६१ : संयुक्त राज्य अमेरिकाको संसद्ले सर्वसम्मत रूपमा 'क्राइटेनडेन-जोनसन प्रस्ताव' पारित गऱ्यो । प्रस्तावले कन्फडरेट स्टेट्स अफ अमेरिकासँग जारी गृहयुद्धमा संयुक्त राज्य अमेरिकाको लक्ष्य 'देशको विखण्डन रोक्ने रहेको, दासप्रथा अन्त्य गर्ने नरहेको' स्पष्ट पार्न खोजेको थियो ।

सन् १९४३ : मित्रशक्तिसँग एकपछि अर्को पराजयपछि इटलीको 'फासिस्ट ग्रान्ड काउन्सिल'ले प्रधानमन्त्री बेनितो मुसोलिनीविरुद्ध अविश्वासको प्रस्ताव पारित गऱ्यो । लगत्तै राजा भिक्टर इम्यानुयल तृतीयले मुसोलिनीलाई प्रधानमन्त्रीबाट बर्खास्त गर्दै थुन्न आदेश दिए ।

सन् १९८४ : सोभियत संघकी अन्तरिक्षयात्री स्वेतलाना सभितस्काया आजका दिन 'सल्युत ७' अन्तरिक्ष केन्द्रबाट बाहिर निस्किएर अन्तरिक्षमा हिँडिन् । योसँगै उनी अन्तरिक्षमा हिँड्ने पहिलो महिला बनिन् ।

सन् १९९४ : जोर्डन र इजरायलले वासिंटनमा एक सहमतिमा हस्ताक्षर गर्दै ४६ वर्षदेखि दुई देशबिच कायम युद्धको अवस्था औपचारिक रूपमा अन्त्य भएको घोषणा गरे ।

रुस विमान दुर्घटनामा सबै यात्रुको मृत्यु



मस्को/ रुसको सुदूरपूर्वी क्षेत्रमा दुर्घटनामा परेको विमानमा सवार ४८ यात्रु र क्रु सदस्य सबैको मृत्यु भएको त्यस भेग (अमुर क्षेत्र)का प्रमुखले एक वक्तव्यमार्फत पुष्टि गरेका छन् ।

मृतकमध्ये विमानमा पाँच बालबालिका थिए । देशको नागरिक सुरक्षामन्त्रीले त्यसअघि बिहीबार साइबेरियामा आधारित अंगारा वायुसेवाले चलाएको एएन-२४ जहाज चीनसँगको सीमानजिकको अमुर क्षेत्रमा पर्ने सहर टिन्डावरपर हराएको बताएका थिए ।

पछि राहतकर्ताले विमानको इन्धनमा आगो लागिरहेको अवस्थामा विमानको भग्नावशेष भेटेका थिए । 'रुसी नागरिक उड्डयन प्राधिकरणले सञ्चालन गर्ने एमआई-८ हेलिकोप्टरका राहतकर्मीले जलिरहेको विमान पहिचान गरेका थिए,' नागरिक सुरक्षा मन्त्रालयको टेलिग्राम च्यानलमा भनिएको छ ।

रुसी आपत्कालीन सेवाकी अधिकारी युलिया पेतिनाले टेलिग्राममा लेखेकी छिन्, 'खोजी अभियानका क्रममा रोसाभियात्सियाको एमआई-८ हेलिकोप्टरले विमान जलेको अवस्थामा फेला पारेको हो ।' रुसी मिडियाका अनुसार दुर्घटनास्थलसम्म पुग्ने कुनै सडक नभएकाले १०० जनाको उद्धारकर्ताको समूहले वन क्षेत्रका ठुल्ठुला रुख काटेर बाटो बनाएका थिए ।

विराटनगर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
विराटनगर, मोरङ
कोशी प्रदेश, नेपाल

नगर बस संचालन सम्बन्धी सार्बजनिक सूचना

पहिलो पटक प्रकाशित मिति २०८२/०४/०९

विराटनगर महानगरपालिकाले नगरबासीहरुलाई सहज आवागमनका लागी सार्बजनिक-निजी साझेदारी अवधारणा बमोजिम निजी क्षेत्रको लगानिम नगर बस संचालन गर्न सार्बजनिक-निजी साझेदारी ऐन, २०७८ को दफा २० बमोजिम नगर बस संचालन गर्न इच्छुक ब्यक्ती, संस्था तथा कम्पनीको लागि ३० (तीस) दिने सार्बजनिक सूचना प्रकाशन गरिएको छ ।

प्रस्ताबसंग संलग्न आबस्यक कागजातहरु :

क) www.biratnagarmun.gov.np मा राखेको अध्ययन प्रतिबेदन, मुल्याकन फारम तथा नमुना सम्झौता अनुसार प्रस्ताब पेश गर्नु पर्नेछ ।

ख) प्रस्ताबकले आ.ब. २०८०/२०८१ को ब्यवसायिक अनुमति पत्र, लेखा परिक्षण प्रतिवेदन, नविकरण गरेको प्रमाण, भ्याट मा दर्ता भएको प्रमाण, कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नु पर्ने छ ।

ग) प्रस्ताब पेश गर्दा आर्थिक प्रस्ताव र प्राविधिक प्रस्ताव अलग अलग खाममा शिलबन्दि गरी पुन दुइवटै खामलाई एउटा खाममा सिलबन्दी गरी पेश गर्नुपर्ने छ । प्राविधिक प्रस्तावमा उत्तिर्ण भएका प्रस्ताबदाताको मात्र आर्थिक प्रस्ताव खोलिने छ ।

घ) प्रस्ताव पेश गर्ने मितिः मिति २०८२/०५/०८ गते दिनको १२:०० बजे भित्र, सरकारी विदाभए भोलिपल्ट ।

ङ) प्रस्ताव खोलिने मितिः मिति २०८२/०५/०८ गते दिउसो ०२:०० बजे, सरकारी विदाभए भोलिपल्ट ।

च) प्रस्ताव खोलिने स्थानः विराटनगर महानगरपालिकाको कार्यालय ।

छ) प्रस्ताब छनौट गर्ने/नगर्ने अधिकार महानगरपालिकामा निहित छ ।

ज) अन्य जानकारीका लागी सार्बजनिक-निजी साझेदारीको सचिबालय (९८५२०२२७२९) मा सम्पर्क गर्नहुन अनुरोध गरिन्छ ।

विराटनगर महानगरपालिका

अर्थ पत्रिका
नयाँ पत्रिका
शुक्रबार ९ साउन ०८२

कर्मचारीको बचत रकम ठुला परियोजनामा लगानी गरिने

सार्वजनिक एवं निजी क्षेत्रका कर्मचारीको सामाजिक सुरक्षण व्यवस्थापनको उद्देश्यले खुलेका सञ्चय कोष, नागरिक लगानी कोष र सामाजिक सुरक्षा कोषको रकम राष्ट्रिय प्राथमिकताका क्षेत्रमा कर्जा लगानी गर्ने कानुनी बाटो खोलिँदै

चालू आर्थिक वर्ष ०८२/८३ को बजेटमा उल्लेख 'कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष र सामाजिक सुरक्षा कोषले प्राइभेट इक्विटी र भेन्चर्स क्यापिटलमा लगानी गर्न सक्ने गरी कानुनी व्यवस्था गर्ने' बुँदा कार्यान्वयनको चरणमा

पवन तिमिल्सिना/नयाँ पत्रिका

सरकारले निजामती एवं संगठित संस्थाका कर्मचारीले सामाजिक सुरक्षाका लागि बचत गरेको रकमलाई राष्ट्रिय प्राथमिकताका क्षेत्रहरूमा कर्जा प्रवाह गर्न सक्ने कानुनी व्यवस्थाको तयारी गरेको छ। अर्थ मन्त्रालयले कर्मचारी सञ्चय कोष ऐन, २०१९ र नागरिक लगानी कोष ऐन, २०४७ लाई संशोधन गर्न विधेयकको मस्यौदा तयार गरेको छ।

दुवै कोषमा रहेको बचत रकमलाई ऊर्जा, यातायात, पर्यटन, सूचना प्रविधि, कृषि, स्वास्थ्य र शिक्षा क्षेत्रसँग सम्बन्धित परियोजनामा कर्जा प्रवाह गर्न सकिने व्यवस्था राखिएको छ। अर्थ मन्त्रालयले बिहीबार ऐनको मस्यौदा सार्वजनिक गर्दै १० दिनभित्र राय-सुझाव पेस गर्न आह्वान पनि गरेको छ।

सेयर बजारमा सूचीकृत नभएका वा कुनै पनि स्टार्टअप उद्यम तथा व्यवसायमा पुँजी अभावलाई परिपूर्ति गर्ने उद्देश्यले स्थापना भएका प्राइभेट इक्विटी फन्ड र भेन्चर क्यापिटलमा समेत लगानी गर्न सञ्चय कोष र नागरिक लगानी कोषलाई कानुनी बाधा फुकाउन खोजिएको छ।

चालू आर्थिक वर्ष ०८२/८३ को बजेट वक्तव्यको बुँदा नं ३३० मा कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष र सामाजिक सुरक्षा कोषले प्राइभेट इक्विटी र भेन्चर्स क्यापिटलमा लगानी गर्न सक्ने गरी कानुनी व्यवस्था गर्ने नीतिगत व्यवस्था गरेकाले सोलाई कार्यान्वयन गर्न दुवै ऐन संशोधन गर्न लागेको हो।

कर्मचारी सञ्चय कोष ऐनको संशोधनको प्रस्तावित मस्यौदामा प्राइभेट इक्विटी र भेन्चर क्यापिटल फन्ड धितोपत्र एकाइ तथा अन्य नवीनतम वित्तीय उपकरणमा लगानी गर्ने उल्लेख छ। त्यस्तै, नागरिक लगानी कोष ऐनको संशोधन मस्यौदामा पनि लगानीका यी क्षेत्र थपिएका छन्।

नागरिक लगानी कोषको पुँजी बढाएर १० अर्ब पुऱ्याइने

नागरिक लगानी कोषको अधिकृत पुँजी आठ अर्ब रुपैयाँबाट बढाएर १० अर्ब रुपैयाँ पुऱ्याउने मस्यौदामा उल्लेख छ। त्यस्तै, हाल तीन अर्ब रुपैयाँ रहेको चुक्ता पुँजीलाई ६ अर्ब ४८ करोड रुपैयाँ पुऱ्याउने उल्लेख छ। त्यस्तै, हालको सेयर संरचनामा बिमा कम्पनीहरूलाई पनि सहभागी गराइने उल्लेख छ। हालको सञ्चालक समिति सदस्यमा नेपाल स्टक एक्सचेन्जका महाप्रबन्धक रहने व्यवस्थालाई हटाइएको छ। कोषको कार्यकारी निर्देशकलाई पनि सञ्चालकमा राख्ने नयाँ व्यवस्था मस्यौदामा उल्लेख छ।

कोषहरूको साझेदारीमा निर्माण भएका आवास परियोजनाका घरघडेरी कर्मचारीलाई किस्ताबन्दीमा दिने

सरकारी कोषहरूको साझेदारीमा निर्माण तथा सञ्चालन हुने आवास परियोजनामा लगानी गरी त्यस्तो परियोजनाबाट निर्माण तथा विकास गरिएको घरघडेरी सहुलियतपूर्ण ब्याजदर र किस्ताबन्दीमा कर्मचारीलाई उपलब्ध गराउने प्रस्ताव मस्यौदामा राखिएको छ। कर्मचारी सञ्चय कोषले कुनै कम्पनी वा संगठित संस्थाद्वारा निर्माण तथा सञ्चालन हुने आवास परियोजनामा लगानी गरी त्यस्तो परियोजनाबाट निर्माण तथा विकास गरिएको घरघडेरी सोझै वा किस्ताबन्दीमा कर्मचारीलाई बिक्री-वितरण गर्न सकिने कर्मचारी सञ्चय कोष ऐनको संशोधनमा उल्लेख छ। त्यस्तै, नागरिक लगानी कोष ऐनको संशोधन मस्यौदामा पनि घरघडेरी सोझै वा किस्ताबन्दीमा कर्मचारीलाई बिक्री-वितरण गर्ने व्यवस्था राखिएको छ।

करिब २३ अर्ब लागतको नागढुंगा सुरुङमार्गमा पुसबाट गाडी गुड्ने

९२.५ प्रतिशत निर्माण सकियो, अब टोल ट्याक्स उठाउने बुथ र पहिरो नियन्त्रण गर्ने सडक कंक्रिट गर्न मात्रै बाँकी, मुख्य र रेस्क्यु दुवै टनेल निर्माणकार्य सकियो, सुरुङभित्र तेजिलो प्रकाश फाल्ने बत्ती जडानको काम हुँदै



● **सञ्जय पन्थी**, परियोजनाका सिनियर डिभिजनल इन्जिनियर

निर्माण कम्पनीलाई दिएको पछिल्लो म्याद आगामी ८ कात्तिकसम्म रहेको छ। यही अवधिभित्र काम सकेर पुस महिनामा सुरुङ सञ्चालनमा ल्याउने हाम्रो लक्ष्य छ।

मिलन विश्वकर्मा/नयाँ पत्रिका

पहिलो आधुनिक टनेल 'सिस्नेखोला-नागढुंगा' सुरुङमार्गको निर्माण ९२.५ प्रतिशत सकिएको छ। ठेक्का प्राप्त जापानिज निर्माण कम्पनी हाजमा एन्डो कर्पोरेसनले पुस ०७७) देखि सुरुङ निर्माणको काम सुरु गरेको थियो। त्यसयता साढे चार वर्षमा भौतिक प्रगति ९२.५ प्रतिशत पुगेको हो। वित्तीय प्रगति भने ८६.३४ प्रतिशत पुगेको परियोजनाद्वारा मंगलबार सार्वजनिक गरिएको विवरणमा उल्लेख छ।

परियोजनाका सिनियर डिभिजनल इन्जिनियर सञ्जय पन्थीले निर्माणकार्य अन्तिम चरणमा पुगेको बताए। बाँकी काम सम्पन्न गरेर आगामी पुसदेखि सुरुङमार्ग सञ्चालन गर्ने उनको भनाइ छ।

निर्माण कम्पनी हाजमा एन्डो कर्पोरेसनलाई दिएको पछिल्लो म्याद आगामी ८ कात्तिकसम्म रहेको छ। 'यही अवधिभित्र काम सक्ने लक्ष्य छ। तर, त्यसमा केही चुनौती पनि छन्। तर, अब धेरै समय लाग्दैन,' उनले भने, 'पुस महिनामा सुरुङ सञ्चालनमा ल्याउने हाम्रो लक्ष्य छ।'

परियोजनामा मुख्य र रेस्क्यु गरी दुई सुरुङमार्ग छन्। पश्चिम धादिङको सिस्नेरीबाट सुरु भएको सुरुङमार्ग काठमाडौं-नागढुंगामा निस्कने गरी निर्माण गरिएको छ। २६ सय ८८ मिटरको मुख्य सुरुङमार्ग ३ वैशाख ०८१ र २५ सय ५७ मिटरको रेस्क्यु टनेल २२ साउन ०८० मा छिचोलिएको थियो। त्यसपछि मुख्य टनेल र क्रस प्यासेजको कंक्रिट लाइनिङ (भित्ता र सिलिङको ढलान)को काम गत असोजमै सम्पन्न गरिएको थियो।

टनेलको लेनलाई 'कन्टिन्युअस्ली रिइन्फोर्स्ड कंक्रिट पेबमेन्ट' (सिआरसिपी) प्रविधिबाट कंक्रिट गरिसकिएको छ। यस्तै, रेस्क्यु टनेलभित्रको सडक तथा बाहिर र सुरुङभित्रको सडक जोडिने ठाउँमा 'रिइन्फोर्स्ड कंक्रिट पेबमेन्ट' (आरसिपी) प्रविधिबाट क्रंकिट गरिएको छ, त्यसअन्तर्गत हालसम्म २७ सय ८९ मिटर सडक कंक्रिट गरिएको आयोजनाले जनाएको छ। अब १०.९९ मिटर सडक मात्रै कंक्रिट गर्न बाँकी छ। यसैगरी, सुरुङबाहिर नौ हजार एक सय ६१ मिटर सडक कंक्रिट गर्नुपर्नेमा १२ सय ४२ मिटर सडक मात्रै कंक्रिट गर्न बाँकी छ।





■ फ्लाई ओभर निर्माणको सबै काम सकियो, १२ वटै संरचना तयार

फ्लाई ओभरको काम पनि सकिएको आयोजनाले जनाएको छ। योसँगै परियोजनाअन्तर्गत बन्ने १२ वटै संरचना तयार भएका छन्। तीनवटा अन्डरपास, चारवटा बक्स कल्भर्ट (माथि गाडी, तल पानी बग्ने संरचना), एउटा ओभरपास, तीनवटा पुल यसअघि नै बनिसकेका थिए। अब परियोजनामा टोल ट्याक्स उठाउने बुथ, पश्चिम प्रवेशद्वार क्षेत्रमा पहिरो नियन्त्रण, सुरुङबाहिरको सडकको क्रंकिट गर्न बाँकी छ। परीक्षणको कार्य भने नियमित रूपमा भइरहेको सिडिई पन्थीले जानकारी दिए। यसैगरी, सुरुङभित्र अक्सिजन, विद्युत् र टेलिफोन जडानलगायत काम अघि बढेको छ।

■ निर्माण सक्न जापानबाट पाँच अर्ब ३५ करोड येन ऋण लिइँदै

३० असारको मन्त्रिपरिषद् बैठकले सुरुङमार्ग निर्माण सक्न जापानबाट पाँच अर्ब ७० करोड येन (पाँच अर्ब ३५ करोड ८१ लाख रुपैयाँ) ऋण लिने निर्णय गरेको छ। २२ अर्ब ८२ करोड लागत अनुमान गरिएको परियोजना तोकिएभन्दा ढिला सम्पन्न हुने भएकाले लागत पनि बढेको हो। यसअघि जापानबाटै सुरुङमार्ग निर्माणका लागि १७ अर्ब १५ करोड रुपैयाँ सहुलियत ऋण लिइएको थियो। बाँकी पाँच अर्ब ६७ करोड सरकारले लगानी गरेको हो। मुआब्जा वितरणका लागि बजेट अपुग भएपछि जापानबाट थप ऋण लिइएको सडक विभागले जनाएको छ। सुरुङमार्ग हुँदै आवतजावत गर्ने सवारीसाधनका लागि प्रस्तावित टोल शुल्क पनि मन्त्रिपरिषद्बाट स्वीकृति हुने चरणमा छ। साना गाडी (कार, भ्यान, पिकअप, माइक्रो बसलगायत)लाई सुरुङबाट उपत्यका भित्रिँदा ७५ रुपैयाँ र बाहिरिँदा ५० रुपैयाँ शुल्क प्रस्ताव गरिएको छ। टिपर, मिनीबस र मिनीट्रकलाई उपत्यका भित्रिँदा एक सय २५ रुपैयाँ र बहिरिँदा एक सय रुपैयाँ शुल्क लाग्ने प्रस्ताव गरिएको छ। त्यसैगरी बस र ट्रकलाई उपत्यका भित्रिँदा दुई सय ५० र बाहिरिँदा दुई सय शुल्क प्रस्ताव गरिएको छ। यसैगरी लरी (हेभी सवारी)लाई उपत्यका भित्रिँदा पाँच सय रुपैयाँ र बाहिरिँदा तीन सय रुपैयाँ शुल्क प्रस्ताव गरिएको छ। मोटरसाइकललगायतका दुईपाङ्ग्रे र तीनपाङ्ग्रे सवारीसाधनलाई भने सुरुङ प्रवेशमा निषेध गरिएको छ।

■ ६०% सकियो विमानस्थल विस्तार



गत २३ कात्तिकदेखि दैनिक १० घण्टा विमानस्थल बन्द गरेर थालिएको विस्तार कार्यमध्ये कोटेश्वरतर्फको समानान्तर ट्याक्सी वे, पूर्वतर्फ ह्यांगर एप्रोन र उत्तरतर्फ अन्तर्राष्ट्रिय जहाज पार्किङ निर्माण धमाधम भइरहेको नागरिक उड्डयन प्राधिकरणले जनाएको छ। **तस्बिर : अमुल थापा**/नयाँ पत्रिका

नयाँ हवाई इन्धन डिपो निर्माण गर्न ६ अर्ब ५४ करोड लागत अनुमान

नयाँ पत्रिका

त्रिभुवन विमानस्थलमा नयाँ हवाई इन्धन डिपो निर्माणका लागि ६ अर्ब ५४ करोड २९ लाख पाँच हजार ५७ रुपैयाँ लागत अनुमान गरिएको छ। इन्जिनियरिङ अध्ययन संस्थान, पुल्चोकको कन्सल्टेन्सी सेवा विभागले बिहीबार आयल निगमलाई विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) हस्तान्तरण गर्दै सो लागत अनुमान पेस गरेको हो।

नागरिक उड्डयन प्राधिकरणले विमानस्थल विस्तारका क्रममा अहिलेको डिपो भएको स्थानमा 'ट्याक्सी वे' बनाउने गरी गुरुयोजना तयार गरेको छ। त्यसैले सिनामंगल चोकमा रहेको अहिलेको डिपो गुहेश्वरीस्थित आर्मीको गल्फ कोर्समा स्थानान्तरण गर्न मन्त्रिपरिषद्ले समेत निर्णय गरिसकेको छ। सिनामंगलस्थित निगमले डिपो क्षेत्रमा भोगचलन गरेमध्येको केही जग्गामा तारबार गरेर प्राधिकरणले ट्याक्सी वे निर्माणसमेत गरिसकेको छ। प्राधिकरणले आगामी दुई वर्षभित्र नयाँ स्थानमा डिपो निर्माण सक्ने गरी काम गर्न निगमलाई दबाबसमेत दिएको छ। तर, जग्गा प्राप्तिका लागि प्राधिकरणले नै लिज सम्झौता गर्न ढिलाइ गरिरहेको निगमको आरोप छ। डिपो निर्माणस्थल खाली गरेर जग्गा भाडासम्बन्धी सम्झौता भए आगामी भदौमा टेन्डर प्रकाशित गरेर मंसिरदेखि निर्माण थाल्ने योजना रहेको निगमका उपनिर्देशक प्रदीप यादवले बताए। 'गुहेश्वरीस्थित नयाँ जग्गा खाली गराएर निगमलाई उपलब्ध गराउन प्राधिकरणबाटै ढिलाइ भइरहेको छ,' नयाँ डिपो निर्माणको संयोजकसमेत रहेका यादवले भने, 'जग्गा भाडा सम्झौता चाँडो भए दुई वर्षभित्रै निर्माण सक्ने गरी अगाडि बढ्ने थियौं।'

सिनामंगल डिपोमा कार्यरत इन्जिनियर अनुपम पराजुलीले सुरक्षाको जोखिम र आधुनिक प्रविधियुक्त संरचनाको आवश्यकता भएकाले नयाँ डिपो निर्माण गर्न लागिएको बताए। 'एक वर्षअघि सौर्य एयरलाइन्सको जहाज दुर्घटना भएपछि सिनामंगल चोकमै रहेको डिपोले सुरक्षा जोखिम निम्त्याउन सक्नेबारे धेरैतिरबाट चिन्ता प्रकट भयो,' उनले भने।

■ डेडिकेटेड फिडर र ट्रंकलाइनको बक्यौता विवाद

पुनरावलोकन गर्न ३५ दिन म्याद थप

नयाँ पत्रिका

नेपाल विद्युत् प्राधिकरणको बुधबार बसेको सञ्चालक समितिले विद्युत् महसुल बक्यौता पुनरावलोकन गर्न बनाइएको 'प्रशासनिक पुनरावलोकन समिति'लाई थप ३५ दिन समय दिने निर्णय गरेको छ। समितिलाई यसअघि दिएको ३५ दिनको समय ३ साउनमा सकिएको थियो। तर, उक्त समयमा कुनै पनि काम नभएपछि फेरि समय थप गरिएको हो।



सञ्चालक समिति सदस्य तथा पुनरावलोकन समितिका अध्यक्ष श्यामकिशोर यादवले ३५ दिन म्याद थपको निर्णय भएको बताए। 'बुधबारको सञ्चालक समितिले म्याद थप गर्ने निर्णय गरेको छ। यो अवधिमा काम सक्नेछौं,' उनले भने, 'आगामी आइतबार-सोमबार पुनरावलोकन समितिको बैठक बस्ने तयारी छ।'

यसअघि अपूर्ण रहेको समितिलाई ऊर्जामन्त्री दीपक खड्काले पूर्णता दिएका छन्। सञ्चालक यादवलाई अध्यक्ष र प्राधिकरणका उपकार्यकारी निर्देशक दुर्गानन्द बडियैतलाई सदस्य तोकिएको छ।

पहिला विद्युत् विकास विभागका वरिष्ठ डिभिजनल इन्जिनियर सुनीलकुमार पियालाई सदस्य तोकिए पनि उनी बाहिरिएपछि रिक्त रहेको स्थानमा मन्त्रालयका वरिष्ठ डिभिजन इन्जिनियर राजु महर्जनलाई जिम्मेवारी दिइएको छ। यस्तै, सदस्यसचिवमा कानुन विभागका निमित्त निर्देशक रमेशकुमार घिमिरेलाई जिम्मेवारी दिने निर्णय भएको छ।

स्रोतका अनुसार उद्योगीले बुझाउनुपर्ने सवा आठ अर्ब बक्यौता छुट हुने गरी निर्णय गर्नुपर्ने दबाब भएपछि उपकार्यकारी निर्देशक बडियैतले पनि काम गर्न चाहेका छैनन्। सो कुरा उनले मन्त्रालयलाई पनि जानकारी गराएका छन्। त्यसैले समितिमा बस्न इच्छुक अरू उपकार्यकारी निर्देशकको खोजी भइरहेको छ।

स्रोतका अनुसार अख्तियार दुरुपयोग अनुसन्धान आयोगको डरमा पुनरावलोकन समितिमा काम गर्न कर्मचारीले आनाकानी गर्दै आएका छन्। 'यसअघि महालेखा, लेखा समितिलगायतका निकायले यो बक्यौता उठाउन भनेको छ। तर, यसलाई छुट दिने नियतमा यो समिति बनाइएको छ। त्यो अवस्थामा समितिले गर्ने निर्णयमा भोलिका दिनमा कुनै पनि समस्या आउन सक्छ। अख्तियारसमेत लाग्न सक्छ,' एक स्रोतले भन्यो।

■ हुलाकी राजमार्गको व्यथा

सडक बल्लतल्ल बन्यो, पुल अधुरै

२५ मिटर लम्बाइको पुल चार वर्षदेखि अलपत्र हुँदा बालबालिका तीन किलोमिटर घुमाउरो बाटो प्रयोग गरेर विद्यालय जान बाध्य



राधेश्वारी स्वामी खोलामा अलपत्र पुल

धनगढीमा **तेजराज भट्ट**

वर्षौं लगाएर तयार भएको हुलाकी राजमार्गअन्तर्गत कैलालीको धनगढी क्षेत्रमा दुईवटा पुल निर्माण भने चार वर्षदेखि अलपत्र छन्। धनगढी उपमहानगरपालिका- १, शान्तिनगर र ८ नम्बर वडाको धनगढी गाउँबिचको राधेश्वारी स्वामी खोला तथा शान्तिनगर र २ नम्बर वडाको सन्तोषी टोल जोड्ने खोलामा पुल निर्माण थालेको चार वर्ष बितिसक्दा पनि जग हाल्ने काम मात्रै भएको छ। पुल अलपत्र हुँदा सो राजमार्ग हुँदै आवतजावत गर्ने सवारीसाधन र विद्यालय जाने बालबालिका करिब तीन किलोमिटर घुमाउरो बाटो प्रयोग गर्न बाध्य छन्।

'खोलापारिको धनगढी गाउँमा रहेको विद्यालय पुग्न बालबालिकाले दुई-तीन किलोमिटर घुमेर जानुपर्छ,' शान्तिनगरका स्थानीय धीरज श्रेष्ठले भने, 'हामीलाई बर्खामा वारिपारि गर्न समस्या भएकै चार वर्ष भयो।' हिउँदमा खोलामा थोरै पानी हुने भएकाले साइकल र मोटरसाइकल चलाउन सके पनि किनारदेखि सडकसम्म जोड्ने पुल तयार नभएकाले बर्खामा सास्ती खेप्नुपरेको उनले गुनासो गरे। शान्तिपुरकै अर्का स्थानीय शंकर चौधरीले तीन-चार वर्षअघि सुरु भएको पुल निर्माण अहिले पनि अलपत्र अवस्थामा रहेको बताए।

१९ फागुन ०७८ मा दुईवटै पुल निर्माणका लागि मालिका निर्माण सेवासँग सम्झौता भएको थियो। उक्त सम्झौताअनुसार १९ असार ०८० मा दुवै पुल तयार हुनुपर्ने थियो। तर, तीनपटक म्याद थप भए पनि अहिलेसम्म दुवै पुलको भौतिक प्रगति करिब ६५ प्रतिशत मात्र रहेको हुलाकी राजमार्ग आयोजना कार्यालय, धनगढीले जनाएको छ। आयोजनाका अनुसार राधेश्वारी स्वामी खोलाको पुल निर्माणका लागि तेस्रोपटक थपिएको म्याद आगामी कात्तिक मसान्त र सन्तोषी टोल जोड्ने खोलाको पुल निर्माणको अवधि आगामी पुस दोस्रो साता सकिँदै छ।

भायानेटको स्वतन्त्र सञ्चालकमा कुँवर

काठमाडौं/ इन्टरनेट तथा टिभी सेवाप्रदायक कम्पनी भायानेट कम्युनिकेसनको सञ्चालक समितिमा पूर्वबैंकर परशुराम कुँवर क्षेत्री नियुक्त भएका छन् । बैंक तथा वित्तीय क्षेत्रका कुशल तथा अनुभवी मानिएका क्षेत्री कम्पनीको सञ्चालक समितिको निर्णयअनुसार भायानेटको बोर्डमा आबद्ध भएका हुन् ।

सन् १९८६ मा तत्कालीन ग्रिन्डलेज बैंक (हाल स्ट्यान्डर्ड चार्टर्ड बैंक)बाट आफ्नो करिअर सुरु गरी उनले नेपाल बैंक, सिटिजन्स बैंक इन्टरनेसनल, बैंक अफ एसियामा वरिष्ठ पदमा काम गरेका थिए ।

कम्पनीले क्षेत्रीलाई बोर्डमा स्वागत गर्दै विभिन्न क्षेत्रमा उनको तीन दशकभन्दा बढीको अनुभवले कम्पनीलाई आगामी दिनमा अझ सशक्त र दिगो विकासतर्फ लैजान मद्दत पुग्ने विश्वास व्यक्त गरेको छ ।

नेपाल लाइफलाई सिल्भर अवार्ड

काठमाडौं/ नेपाल लाइफ इन्स्योरेन्सले उत्कृष्ट वार्षिक प्रतिवेदन अवार्ड-२०२४ प्राप्त गरेको छ । नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था (आइक्यान)बाट वार्षिक रूपमा प्रदान गरिने उक्त अवार्ड कम्पनीले प्राप्त गरेको हो । यसबापत कम्पनीले सिल्भर अवार्ड हात पारेको छ । जीवन बिमा कम्पनीमध्ये यो अवार्ड पाउने नेपाल लाइफ पहिलो कम्पनी बनेको बताइएको छ ।

एक कार्यक्रमबिच महालेखा परीक्षक तोयम रायाले कम्पनीका प्रमुख कार्यकारी अधिकृत (सिइओ) प्रवीणरमण पराजुली र नायब प्रमुख कार्यकारी अधिकृत अमितकुमार कयाललाई उक्त अवार्ड प्रदान गरे । कम्पनीलाई जीवन बिमातर्फको विधामा सिल्भर अवार्ड प्रदान गरिएको हो । जीवन बिमा समूहमा कम्पनीको गत आवमा वार्षिक वित्तीय प्रतिवेदन उत्कृष्ट रहेकाले सो अवार्ड प्रदान गरिएको बताइएको छ ।



यस अवार्डले यस कम्पनीको वित्तीय प्रतिवेदन उत्कृष्ट रहेको, खुलासाहरू पर्याप्त रहेको, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मापदण्डअनुसार वित्तीय प्रतिवेदन तयार गरेको, वित्तीय पारदर्शिता जवाफदेहिता र संस्थागत सुशासनलाई मध्यनजर गर्दै चुस्त र दुरुस्त रूपमा कार्यसम्पादन गर्दै आएको झल्काउँछ ।

सिटिजन्स र ई-स्टपबिच समझदारी

काठमाडौं/ सिटिजन्स बैंक इन्टरनेसनल र नागपोखरी, काठमाडौंस्थित ई-स्टप नेपालबिच बैंकका ग्राहकलाई विशेष छुट दिने सम्झौता भएको छ ।

सम्झौताअनुसार बैंकका कार्डवाहक, प्रिभिलेज कार्डवाहक र मोबाइल बैंकिङ ग्राहकले ई-स्टप नेपालका सम्पूर्ण आउटलेटमा इभी चार्जिङमा र फुडमा ५-५ प्रतिशत गरी १० प्रतिशतसम्मको आकर्षक छुट पाउनेछन् । यस किसिमको सहकार्यबाट बैंकका ग्राहक लाभान्वित हुनुका साथै नगद कारोबारबाट डिजिटल कारोबारतर्फ उत्प्रेरित हुने विश्वास बैंकले लिएको छ ।

HELVETAS NEPAL — TRAIL-BASED TOURISM Development Project

Request for Proposal (RFP)

Mapping and Documenting Local /Vernacular Architecture on Mundum Trail

First Date of Publication: 23 July 2025

The Trail-based Tourism Development Project (TTDP) is a joint initiative of the Governments of Switzerland and Nepal. The goal of the project is for people in Koshi Province to increase their income and contribute to the conservation of culture with innovative and sustainable tourism offers. It focuses on four main trail routes namely Mundum, Chiyabari, Phalgunanda and Laligurans trails spanning 29 municipalities in Koshi Province.

The TTDP project requests proposals from consulting firms to procure consulting services for **Mapping and Documenting Local /Vernacular Architecture on Mundum Trail**. The RFP along with Terms of Reference (TOR) is made available through **https://notice.helvetasnepal.org/**

Interested consulting firms that meet the requirements specified in the ToR shall submit the proposal along with the updated CV electronically **to ttdp.np@helvetas.org** by **22 August, 2025, 5:00 PM Nepal time.** The proposal must be signed and compiled as a PDF file for submission. Any proposal received after the given deadline will not be considered for evaluation.

Telephone inquiries will not be entertained. Helvetas Nepal reserves the right to reject any or all proposals without assigning any reasons.

NIC ASIA — एन आई सी एशिया बैंक लि.

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११७७/७८/८८, फ्याक्स: +९७७-१-५१११९८०, टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्री बोलपत्र आव्हान सम्बन्धी ७ (सात) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गर्नुभएको ऋण कर्जा बैंकसँगको सम्झौताको शर्त बमोजिम नतिर्नु नबुझाउनु भएको हुँदा सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा,विभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा ऋणकर्जा चुक्ता भुक्तान गर्नको लागि ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्रि बोलपत्र आव्हान सम्बन्धी १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत उक्त ऋणकर्जाको बाँकी साँवा व्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नतिर्नु नबुझाउनु भएको हुँदा ऋणीले बैंकसँग गरेको ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले सो ऋणकर्जाको सुरक्षण वापत धितो लेखिदिएको तपसिलमा उल्लेखित चल अचल सम्पति जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा प्रचलित कानूनको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ संस्थाले यो सूचना प्रकाशित भएको ७ (सात) दिन (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समय भित्र बोलपत्र फारममा उल्लेखित शर्तहरुको अधिनमा रही रीतपुर्वक भरी यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा आईपुग्ने गरी बोलपत्र आवेदन पेश गर्न आह्वान गरिन्छ । साथै, प्रस्तुत लिलाम प्रक्रियाबाट धितोमा रहेको तपसिल वमोजिमको चल अचल सम्पति लिलाम विक्री हुन नसकेमा वा लिलाम बिक्री हुँदा बैंकले असुल उपर गर्नुपर्ने सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, सोको नियमावली, २०५९ तथा प्रचलित कानून वमोजिम ऋणी तथा जमानीकर्ताको अन्य चलअचल जायजेथा, श्रीसम्पतिबाट समेत बैंकको सम्पूर्ण बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनुहुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा अवगत गराईन्छ ।

तपसिल

क्र.सं.	ऋणीको विवरण	
१)	**१) ऋणी फर्म: अर्घाखाँची निन्युपाटा सप्लायर्स:** प्रोप्राइटर तथा जमानीकर्ता: काजी बहादुर रायमाझी क्षेत्री दर्ता नं.: पर्यटन तथा उद्योग कार्यालय नवलपुर नवलपरासी (वर्दघाट सुस्ता पूर्व), गण्डकी प्रदेश नेपालमा प्रा.फ.द.नं. ३५६३/०७९/०८०, दर्ता मिति: २०८०/०२/११, ठेगाना: जिल्ला नवलपरासी (ब.सु.पू.) मध्यविन्दु न.पा. वडा नं. १०	
	२) ऋणी: काजी बहादुर रायमाझी क्षेत्री स्थायी ठेगाना: अर्घाखाँची जिल्ला, भुमिकास्थान न.पा. वडा नं. १०, हालको ठेगाना: नवलपरासी जिल्ला, मध्यविन्दु न.पा. वडा नं. १०, बाबु: भुवन बहादुर रायमाझी क्षेत्री, बाजे: जय बहादुर रायमाझी क्षेत्री	
	धितोको विवरण	
	१) जय बहादुरको नाती, भुवन बहादुर रायमाझी क्षेत्रीको छोरा, अर्घाखाँची जिल्ला, भुमिकास्थान न.पा. वडा नं. १० स्थायी ठेगाना भई, हाल नवलपरासी जिल्ला, मध्यविन्दु न.पा. वडा नं. १० बस्ने काजि बहादुर रायमाझी क्षेत्रीको नाममा मालपोत कार्यालय तनहुँको लगतमा दर्ता कायम रहेको तनहुँ जिल्ला, स्थानचोक गा.वि.स. वडा नं. ३ ङ (हाल शुक्लागण्डकी न.पा. वडा नं. २) स्थित कित्ता नं.३१५, २०९ र १७ को क्षेत्रफल कमश: १-१४-३-२, ५-३-०-० र २-१४-१-१ (रोपनी) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । २) अर्घाखाँची निन्युपाटा सप्लायर्सको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods and Assignment of Bills Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।	बिक्रिमा रहेको घर/जग्गाको स्थान पहिचानका लागि Google map
	जमानीकर्ताहरु: १) आदेश रायमाझी, २) सकुन्तला कार्की, ३) सन्देश रायमाझी, ४) काजी बहादुर रायमाझी क्षेत्री	
२)	**१) ऋणी कम्पनी: नेट म्याक्स टेक्नोलोजीज प्रा.लि.,** संचालक तथा जवानीकर्ताहरु: निराज के.सी., प्रकाश कुमार के.सी., नरेश चन्द, किरण कुमार खत्री, राम हरी कार्की, सत्य नारायण प्रजापति, यज्ञ वहादुर खत्री, वाल कृष्ण पौडेल, पुष्कर खड्का, भोजराज भट्ट, दर्ता नं.: कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा दर्ता नं. ६५७४७/०६६/०६७, दर्ता मिति: २०६६/०५/१७, ठेगाना: जिल्ला ललितपुर, ललितपुर म.न.पा. वडा नं. १	
	जमानीकर्ताहरु: १) निराज के.सी. २) प्रकाश कुमार के.सी. ३) नरेश चन्द ४) किरण कुमार खत्री ५) राम हरी कार्की ६) सत्य नारायण प्रजापति, ७) यज्ञ वहादुर खत्री ८) वाल कृष्ण पौडेल ९) पुष्कर खड्का १०) अनिता के.सी. ११) शितल खड्का १२) मलिना श्रेष्ठ (के.सी.) १३) माया खड्का, १४) भरत वहादुर खड्का १५) राधा खड्का १६) देव कुमारी शर्मा (वाँस्तोला) १७) आकृति खड्का १८) आकास खड्का	
	धितोको विवरण	
	१) कृष्ण वहादुर खड्काको नाति, भरत वहादुर खड्काको छोरा, ललितपुर जिल्ला, सैबु गा.वि.स. वडा नं. १ बस्ने पुस्कर खड्काको नाममा भुमिसुधार तथा मालपोत कार्यालय लगानखेल, ललितपुर को लगतमा दर्ता कायम रहेको ललितपुर जिल्ला, सैबु गा.वि.स. वडा नं. १/१क (हाल ललितपुर म.न.पा. वडा नं. २५) स्थित कित्ता नं. ११५२ को क्षेत्रफल १४३.०६ (व.मि.) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । २) भक्त वहादुर थापाकी छोरी, कृष्ण वहादुर खड्काकी बुहारी, भरत वहादुर खड्काकी पत्नी, ललितपुर जिल्ला, सैबु गा.वि.स. वडा नं. १ बस्ने राधा खड्काको नाममा मालपोत कार्यालय लगनखेल, ललितपुरको लगतमा दर्ता कायम रहेको ललितपुर जिल्ला, सैबु गा.वि.स. वडा नं. १/१क (हाल ललितपुर म.न.पा. वडा नं. २५) स्थित कित्ता नं. १०७६ को क्षेत्रफल ३०२.०१ (व.मि.) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । ३) नेट म्याक्स टेक्नोलोजीज प्रा.लि.को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।	बिक्रिमा रहेको घर/जग्गाको स्थान पहिचानको लागि GoogleMap
	२) ऋणी फर्म: महालक्ष्मी ट्रेडर्स, प्रोप्राइटर तथा जमानीकर्ता: मलिना श्रेष्ठ (के.सी.) दर्ता नं.: घरेलु तथा साना उद्योग विकास समिति, शाखा कार्यालय, ओखलढुङ्गामा प्रा.फ.र.नं. ५०७/०७२/०७३, दर्ता मिति: २०७२/१०/२१, ठेगाना: जिल्ला ओखलढुङ्गा, सिद्धिचरण न.पा. वडा नं. ३	
	जमानीकर्ताहरु: १) निराज के.सी. २) मलिना श्रेष्ठ (के.सी.) ३) अनिता के.सी. ४) प्रकाश कुमार के.सी.	
	धितोको विवरण	
	१) मोहन कृष्ण श्रेष्ठकी छोरी, देव वहादुर के.सी.की बुहारी, निराज के.सी.की पत्नी, ओखलढुङ्गा जिल्ला, ओखलढुङ्गा गा.वि.स. वडा नं. २ बस्ने मलिना श्रेष्ठ (के.सी.)को नाममा मालपोत कार्यालय सोलुखुम्बुको लगतमा दर्ता कायम रहेको सोलुखुम्बु जिल्ला, केरुङ गा.वि.स. वडा नं. ३ स्थित कित्ता नं. १४५९ र १४३९ को क्षेत्रफल क्रमश ३८२ र ५८ (व.मि.) को जग्गा तथा सोलुखुम्बु जिल्ला, सल्लेरी गा.वि.स. वडा नं. ५ स्थित कित्ता नं. ५२८० र ५५२९ को क्षेत्रफल १८५ र ३४ (व.मि.) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत। २) मोहन कृष्ण श्रेष्ठकी छोरी, देव वहादुर के.सी.की बुहारी, निराज के.सी.की पत्नी, ओखलढुङ्गा जिल्ला, ओखलढुङ्गा गा.वि.स. वडा नं. २ बस्ने मलिना श्रेष्ठ (के.सी.)को नाममा मालपोत कार्यालय ओखलढुङ्गाको लगतमा दर्ता कायम रहेको ओखलढुङ्गा जिल्ला, बर्नालु गा.वि.स. वडा नं. ७ स्थित कित्ता नं. ८६९ र ८६८ को क्षेत्रफल १-१-०-३ र ३-५-२-३ (रोपनी) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । ३) रमेश मानन्धरकी छोरी, देवी वहादुर के.सी.की बुहारी, प्रकाश कुमार के.सी.की पत्नी, ओखलढुङ्गा जिल्ला, ओखलढुङ्गा गा.वि.स. वडा नं. २ बस्ने अनिता के.सी.को नाममा मालपोत कार्यालय कलंकी, काठमाडौंको लगतमा दर्ता कायम रहेको काठमाडौं जिल्ला, बलम्बु गा.वि.स. वडा नं. ५ ख स्थित कित्ता नं. ७०५ र ७०६ को क्षेत्रफल ०-३-२-० र ०-४-२-० (रोपनी) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । ४) दल वहादुरको नाति, देवी वहादुरको छोरा, ओखलढुङ्गा जिल्ला, ओखलढुङ्गा गा.वि.स. वडा नं. २ बस्ने प्रकाश कुमार के.सी. ... १ तथा दल वहादुर के.सी.को नाति, देवी वहादुरको छोरा, ओखलढुङ्गा जिल्ला, ओखलढुङ्गा गा.वि.स. वडा नं. २ बस्ने निराज के.सी. ...१ समेत गरि २ व्यक्तिको संयुक्त नाममा मालपोत कार्यालय ओखलढुङ्गाको लगतमा दर्ता कायम रहेको ओखलढुङ्गा जिल्ला, ओखलढुङ्गा गा.वि.स. वडा नं. २ स्थित कित्ता नं. १४४६ को क्षेत्रफल ०-१२-२-३ (रोपनी) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । ५) महालक्ष्मी ट्रेडर्सको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।	बिक्रिमा रहेको घर/जग्गाको स्थान पहिचानको लागि GoogleMap

नोट: ऋणी तथा जमानीकर्ता बाहेक सूचनामा उल्लेखित अन्य ब्यक्तिका नाम ऋणी तथा जमानीकर्ताको नाम परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको ।

लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु:
१) बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको केन्द्रिय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौं वा शाखा कार्यालयबाट रु. १०००।-(रुपैंया एक हजार मात्र) तिरि प्राप्त गर्न सकिनेछ) ।
२) प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण स्वीकार वा अस्वीकार गर्न सक्ने छ । शिलबन्दी बोलपत्रबाट उक्त सम्पति लिलाम बिक्री हुन नसकेमा उक्त सम्पतिको स्वामित्व बैंकले लिन सक्नेछ ।
३) लिलाम हुने सम्पति निरीक्षण अवलोकन गर्नुपरेमा वा धितो लिलाम सम्बन्धी विस्तृत जानकारी आवश्यक भएमा बैंकको केन्द्रिय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा सम्पर्क राख्नुहोला ।
४) बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट दिनको ३ बजे (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा बोलपत्र खोलिने हुँदा उक्त दिन ऋणी, धितो जमानतकर्ता, इच्छुक बोलपत्रदाता तथा सम्बन्धित सबैलाई उपस्थितिको लागि जानकारी गराईन्छ ।
५) बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन् ।

पुनश्च: ऋणी एवं धितो लेखिदिनेलाई सूचना:
उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र शिघ्र कर्जा भुक्तानी गरी आफ्नो सम्पतिको उचित संरक्षण गर्नु हुन पुन: अनुरोध गरिएको छ । अन्यथा तोकिएको दिन धितोलिलाम बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थित भई लिलामबाट कायम हुने धितो सम्पतिको मुल्य घटि वा बढि हुने प्रकियामा समेत प्रत्यक्ष अवलोकनको लागी सूचित गरिन्छ । उल्लिखित धितो सम्पति लिलाम बिक्री गरि वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्यांकन भन्दा कम मुल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि हाम्रो सम्पतिको उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै उजुर वाजुर गर्न पाउनुहने छैन । उक्त सम्पति लिलाम बिक्री गर्दा वा पुनरमुल्यांकन गरि बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभई बाँकी रहेमा ऋणीको अन्य श्रीसम्पतिहरुबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईएको छ ।

NIC ASIA — एन आई सी एशिया बैंक लि.

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११७७/७८/८८, फ्याक्स: +९७७-१-५१११९८०, टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्री बोलपत्र आव्हान सम्बन्धी ७ (सात) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गर्नुभएको ऋण कर्जा बैंकसँगको सम्झौताको शर्त बमोजिम नतिर्नु नबुझाउनु भएको हुँदा सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा,विभिन्न मितिको राष्ट्रिय स्तरको दैनिक पत्रिकामा ऋणकर्जा चुक्ता भुक्तान गर्नको लागि ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्रि बोलपत्र आव्हान सम्बन्धी १५ (पन्ध्र) र ७ (सात) दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत उक्त ऋणकर्जाको बाँकी साँवा व्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नतिर्नु नबुझाउनु भएको हुँदा ऋणीले बैंकसँग गरेको ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले सो ऋणकर्जाको सुरक्षण वापत धितो लेखिदिएको तपसिलमा उल्लेखित चल अचल सम्पति रोक्का फुकुवा सम्बन्धमा सम्मानित सुर्खेत जिल्ला अदालतबाट मिति २०८०/०१/२९ र २०८०/१२/०२ मा आदेश हुँदा ..."*निवेदनमा उल्लेख गरेको कि.नं.हरु बैंक बाट कर्जा प्रवाह गर्दा पहिलो रोक्का राखिएको देखिएमा बैंकको रोक्काले पहिलो प्राथमिकता पाउने नै देखिन्छ। साथै निवेदकले फुकुवा गरी पाउँ भनी निवेदनमा उल्लेखित किताहरुका सम्बन्धमा बैंकबाट पहिलो रोक्का रहेको भए उक्त कि.नं. का जग्गाहरु कुनै व्यक्ति वा बैंकका नाममा लिलाम सकार हुने गरी निर्णय भै सकेको अवस्था नहुँदा पछी लिलाम सकार भएका बखत वा बैंकका नाउँमा सकार गर्ने निर्णय भै फुकुवाको लागि निवेदन परेका बखत कानून बमोजिम हुने...*" भन्ने आदेश सम्मानित उच्च अदालत सुर्खेतबाट मिति २०८१/०४/१७ मा सदर हुने गरी भएको आदेश समेतको परिप्रेक्ष्यमा तपसिलमा उल्लेखित चल अचल सम्पति जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा प्रचलित कानूनको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ संस्थाले यो सूचना प्रकाशित भएको ७ (सात) दिन (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समय भित्र बोलपत्र फारममा उल्लेखित शर्तहरुको अधिनमा रही रीतपुर्वक भरी यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा आईपुग्ने गरी बोलपत्र आवेदन पेश गर्न आह्वान गरिन्छ । साथै, प्रस्तुत लिलाम प्रक्रियाबाट धितोमा रहेको तपसिल वमोजिमको चल अचल सम्पति लिलाम विक्री हुन नसकेमा वा लिलाम बिक्री हुँदा बैंकले असुल उपर गर्नुपर्ने सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, सोको नियमावली, २०५९ तथा प्रचलित कानून वमोजिम ऋणी तथा जमानीकर्ताको अन्य चलअचल जायजेथा, श्रीसम्पतिबाट समेत बैंकको सम्पूर्ण बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनुहुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा अवगत गराईन्छ ।

तपसिल

क्र.सं.	ऋणीको विवरण	
१)	**१) ऋणी फर्म: सिद्धि ट्रेडिङ, साझेदार तथा जमानीकर्ताहरु: १) नरेश सिंह, २) प्रकाश उप्रेती** दर्ता नं.: घरेलु तथा साना उद्योग विकास समिति, मुख्य शाखा कार्यालय सुर्खेतमा सा.फ.र.नं. ३६/०७२/०७३, दर्ता मिति: २०७२/१०/१४, ठेगाना: जिल्ला सुर्खेत, वीरेन्द्रनगर न.पा. वडा नं. १७	
	जमानीकर्ताहरु: १) प्रकाश उप्रेती २) नरेश सिंह ३) अर्चना उप्रेती ४) चन्द्रा गिरी	
	धितोको विवरण	
	१) दशरथ सिंहको नाती, राम प्रताप सिंहको छोरा, सुर्खेत जिल्ला, वीरेन्द्रनगर न.पा. वडा नं. २ बस्ने नरेश सिंहको नाममा मालपोत कार्यालय सुर्खेतको लगतमा दर्ता कायम रहेको सुर्खेत जिल्ला, बयलकाडा गा.वि.स. वडा नं. ६ (हाल वीरेन्द्रनगर न.पा. वडा नं. ६) स्थित कित्ता नं. ८२८, ८३५ र ८३१ को क्षेत्रफल कमश: ०-०-६१/४, ०-०-१५ र ०-०-१५ (विगाह) को घरजग्गा तथा सो घर जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । २) शंकर प्रसाद शर्माकी छोरी, पद्धमराज उप्रेतीकी बुहारी, प्रकाश उप्रेतीकी पत्नी, सुर्खेत जिल्ला, लाटिकोइली गा.वि.स. वडा नं. ८ स्थायी ठेगाना भई हाल सुर्खेत जिल्ला, वीरेन्द्रनगर न.पा. वडा नं. ९ बस्ने अर्चना उप्रेतीको नाममा मालपोत कार्यालय, सल्यानको लगतमा दर्ता कायम रहेको सल्यान जिल्ला, घाँजरीपिपल गा.वि.स. वडा नं. ९ स्थित कित्ता नं. ६९५, ७०२, १०५५ र १७९४ को क्षेत्रफल कमश: ३-११-०-२, ०-१३-२-३, ०-१४-३-३ र ३-०-०-३ (रोपनी) को जग्गा तथा सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । २) सिद्धि ट्रेडिङको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods and Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।	बिक्रिमा रहेको घर/जग्गाको स्थान पहिचानका लागि Google map
	२) ऋणी फर्म: न्यू सिद्धि स्टोर्स, प्रोप्राईटर तथा जमानीकर्ता: प्रकाश उप्रेती दर्ता नं.: घरेलु तथा साना उद्योग विकास समिति, मुख्य शाखा, कार्यालय सुर्खेतमा प्रा.फ.र.नं. ११८६३/०५९/०६०, दर्ता मिति: २०५९/११/१५, ठेगाना: जिल्ला सुर्खेत, वीरेन्द्रनगर न.पा. वडा नं. ९	
	३) ऋणी फर्म: सिद्धि सप्लायर्स, प्रोप्राईटर तथा जमानीकर्ता: अर्चना उप्रेती दर्ता नं.: घरेलु तथा साना उद्योग विकास समिति, मुख्य शाखा कार्यालय सुर्खेतमा प्रा.फ.र.नं. ४५२/०६४/०६५ दर्ता मिति: २०६४/११/०२, ठेगाना: जिल्ला सुर्खेत, लाटिकोइली गा.वि.स. वडा नं. ८	
	जमानीकर्ताहरु: १) प्रकाश उप्रेती २) नरेश सिंह ३) अर्चना उप्रेती ४) चन्द्रा गिरी	
	धितोको विवरण	
	१) शंकर प्रसाद शर्माकी छोरी, पद्धमराज उप्रेतीकी बुहारी, प्रकाश उप्रेतीकी पत्नी, सुर्खेत जिल्ला, लाटिकोइली गा.वि.स. वडा नं. ८ स्थायी ठेगाना भई हाल सुर्खेत जिल्ला, वीरेन्द्रनगर न.पा. वडा नं. ९ बस्ने अर्चना उप्रेतीको नाममा मालपोत कार्यालय, सल्यानको लगतमा दर्ता कायम रहेको सल्यान जिल्ला, घाँजरीपिपल गा.वि.स. वडा नं. ९ स्थित कित्ता नं. ६९५, ७०२, १०५५ र १७९४ को क्षेत्रफल कमश: ३-११-०-२, ०-१३-२-३, ०-१४-३-३ र ३-०-०-३ (रोपनी) को जग्गा तथा सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । २) न्यू सिद्धि स्टोर्सको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods and Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण । ३) सिद्धि सप्लायर्सको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods and Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।	बिक्रिमा रहेको घर/जग्गाको स्थान पहिचानका लागि Google map
	४) ऋणी: अर्चना उप्रेती स्थायी ठेगाना: सुर्खेत जिल्ला, लाटिकोइली गा.वि.स. वडा नं. ८, हालको ठेगाना: सुर्खेत जिल्ला, वीरेन्द्रनगर न. पा. वडा नं. ९, बाबु: शंकर प्रसाद शर्मा, ससुरा: पदमराज उप्रेती, पति: प्रकाश उप्रेती	
	जमानीकर्ता: प्रकाश उप्रेती	
	धितोको विवरण	
	शंकर प्रसाद शर्माकी छोरी, पद्धमराज उप्रेतीकी बुहारी, प्रकाश उप्रेतीकी पत्नी, सुर्खेत जिल्ला, लाटिकोइली गा.वि.स. वडा नं. ८ स्थायी ठेगाना भई हाल सुर्खेत जिल्ला, वीरेन्द्रनगर न.पा. वडा नं. ९ बस्ने अर्चना उप्रेतीको नाममा मालपोत कार्यालय, सल्यानको लगतमा दर्ता कायम रहेको सल्यान जिल्ला, घाँजरीपिपल गा.वि.स. वडा नं. ९ स्थित कित्ता नं. ६९५, ७०२, १०५५ र १७९४ को क्षेत्रफल कमश: ३-११-०-२, ०-१३-२-३, ०-१४-३-३ र ३-०-०-३ (रोपनी) को जग्गा तथा सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।	बिक्रिमा रहेको घर/जग्गाको स्थान पहिचानका लागि Google map
	५) ऋणी: प्रकाश उप्रेती स्थायी ठेगाना: सुर्खेत जिल्ला, लाटिकोइली गा.वि.स. वडा नं. ८, हालको ठेगाना: सुर्खेत जिल्ला, वीरेन्द्रनगर न. पा. वडा नं. ९, बाबु: पदमराज उप्रेती, बाजे: भूमिदत उप्रेती	
	जमानीकर्ता: अर्चना उप्रेती	
	धितोको विवरण	
	शंकर प्रसाद शर्माकी छोरी, पद्धमराज उप्रेतीकी बुहारी, प्रकाश उप्रेतीकी पत्नी, सुर्खेत जिल्ला, लाटिकोइली गा.वि.स. वडा नं. ८ स्थायी ठेगाना भई हाल सुर्खेत जिल्ला, वीरेन्द्रनगर न.पा. वडा नं. ९ बस्ने अर्चना उप्रेतीको नाममा मालपोत कार्यालय, सल्यानको लगतमा दर्ता कायम रहेको सल्यान जिल्ला, घाँजरीपिपल गा.वि.स. वडा नं. ९ स्थित कित्ता नं. ६९५, ७०२, १०५५ र १७९४ को क्षेत्रफल कमश: ३-११-०-२, ०-१३-२-३, ०-१४-३-३ र ३-०-०-३ (रोपनी) को जग्गा तथा सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।	बिक्रिमा रहेको घर/जग्गाको स्थान पहिचानका लागि Google map

नोट: ऋणी तथा जमानीकर्ता/प्रोप्राइटर बाहेक सूचनामा उल्लेखित अन्य ब्यक्तिका नाम ऋणी तथा जमानीकर्ता/प्रोप्राइटरको नाम परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको ।

लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु:
१) बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको केन्द्रिय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौं वा शाखा कार्यालयबाट रु. १०००।-(रुपैंया एक हजार मात्र) तिरि प्राप्त गर्न सकिनेछ) ।
२) प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण स्वीकार वा अस्वीकार गर्न सक्ने छ । शिलबन्दी बोलपत्रबाट उक्त सम्पति लिलाम बिक्री हुन नसकेमा उक्त सम्पतिको स्वामित्व बैंकले लिन सक्नेछ ।
३) लिलाम हुने सम्पति निरीक्षण अवलोकन गर्नुपरेमा वा धितो लिलाम सम्बन्धी विस्तृत जानकारी आवश्यक भएमा बैंकको केन्द्रिय कार्यालय कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा सम्पर्क राख्नुहोला ।
४) बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट दिनको ३ बजे (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा बोलपत्र खोलिने हुँदा उक्त दिन ऋणी, धितो जमानतकर्ता, इच्छुक बोलपत्रदाता तथा सम्बन्धित सबैलाई उपस्थितिको लागि जानकारी गराईन्छ ।
५) बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन् ।

पुनश्च: ऋणी एवं धितो लेखिदिनेलाई सूचना:
उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र शिघ्र कर्जा भुक्तानी गरी आफ्नो सम्पतिको उचित संरक्षण गर्नु हुन पुन: अनुरोध गरिएको छ । अन्यथा तोकिएको दिन धितोलिलाम बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थित भई लिलामबाट कायम हुने धितो सम्पतिको मुल्य घटि वा बढि हुने प्रकियामा समेत प्रत्यक्ष अवलोकनको लागी सूचित गरिन्छ । उल्लिखित धितो सम्पति लिलाम बिक्री गरि वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्यांकन भन्दा कम मुल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि हाम्रो सम्पतिको उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै उजुर वाजुर गर्न पाउनुहने छैन । उक्त सम्पति लिलाम बिक्री गर्दा वा पुनरमुल्यांकन गरि बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभई बाँकी रहेमा ऋणीको अन्य श्रीसम्पतिहरुबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईएको छ ।

का.नि.द.नं.१२८/७६३/६४, म.क्षे.हु.नि.द.नं. १७/०६९/७७०
शुक्रबार ९ साउन ०८२
www.nayapatrikadaily.com
नयाँ पत्रिका

कतारले ओलम्पिक आयोजनाका लागि दाबी गर्ने

एजेन्सी

फिफा विश्वकप फुटबल प्रतियोगिताको सफल आयोजनापछि कतारले ओलम्पिक खेलकुदका लागि दाबी गर्ने भएको छ। कतार ओलम्पिक कमिटीले सन् २०३६ को ग्रीष्मकालीन तथा पारा ओलम्पिक खेलकुद प्रतियोगिता आयोजनाका लागि दाबी गर्ने जानकारी दिएको छ। सन् २०२२ मा मध्यपूर्वी एसियाकै पहिलो राष्ट्रका रूपमा कतारले फिफा विश्वकप आयोजना गरेको थियो। कतारले सन् २०३६ को ओलम्पिक खेलकुदका लागि आवश्यक भौतिक पूर्वाधार निर्माण कार्यको तयारी सुरु गरिसकेको छ।

कतार ओलम्पिक कमिटीका अनुसार खेलमैदानदेखि अन्य पूर्वाधार निर्माणको कार्य ९५ प्रतिशत पूरा भइसकेको छ। कतारको यस बृहत् योजनाले सामाजिक र आर्थिक वृद्धिमा विकास हुने अपेक्षा छ। अन्तर्राष्ट्रिय ओलम्पिक कमिटी (आइओसी)मा कतारले छिट्टै प्रस्ताव पठाउने अध्यक्ष शेख जोआन बिन हमादले बताएका छन्।

'अहिले ओलम्पिक प्रतियोगितामा दाबी गर्ने उद्देश्यका साथ पूर्वाधार निर्माणको कार्य ९५ प्रतिशत पूरा गरेका छौं,' बिन हमादले भने, 'बाँकी पूर्वाधारका काम प्रस्ताव पठाइसकेपछि हुनेछ।' उनले बाँकी पूर्वाधारका लागि पूर्ण तयारी सुनिश्चित गर्ने राष्ट्रिय योजनासहित अगाडि बढ्ने जनाए। 'कतार ओलम्पिक कमिटी सधैं आइओसीको मुभमेन्टअनुसार चलिरहेको छ। यो कदमले ओलम्पिक र पारा ओलम्पिक आन्दोलनप्रति कतारको दृढ प्रतिबद्धता रहनेछ,' बिन हमादले भने, 'विश्व खेलकुदको प्रवर्द्धनमा सक्रिय भूमिका खेल्ने चाहनालाई स्पष्ट पारेका छौं।'

उनले ओलम्पिक आयोजनाले कतारको योजना सामाजिक, आर्थिक र वातावरणीय दिगोपनामा आधारित दीर्घकालीन दृष्टि भएको बताए। 'ओलम्पिक आयोजनाले हजारौंले रोजगारी पाउनेछन्, साथसाथै आर्थिक अवसर सिर्जना हुने विश्वास छ,' उनले भने। कतारको दोहालाई ओलम्पिक सहर बनाइनेछ। 'दोहामा ओलम्पिक खेलकुद प्रतियोगिताका लागि आवश्यक भौतिक पूर्वाधार बनिरहेका छन्,' बिन हमादले भने, 'सन् २०२२ देखि निर्माण कार्य थालिएको हो।' सन् २०२२ को विश्वकपका लागि बनेको फुटबल रंगशाला सामान्य पुनर्निर्माणले ओलम्पिकका लागि योग्य बन्ने उनले बताए। 'विश्वकप आयोजनाले धेरै सहयोग भएको छ,' उनले भने, 'यसकारण हामी ओलम्पिक आयोजना गर्नतर्फ लागेका हौं।' विश्वकपका लागि कतारले तीन सय बिलियन अमेरिकी डलर खर्चेको थियो। जुन रकम नयाँ मेट्रो स्टेसन, सडक, होटेल तथा रंगशाला बनाउन खर्च भएको थियो।



तीन वर्षअघि फिफा विश्वकप आयोजना गरेको कतारले सन् २०३६ को ग्रीष्मकालीन तथा पारा ओलम्पिक खेलकुदको दाबी गर्ने

अहिलेसम्म चार राष्ट्रको दाबी

अन्तर्राष्ट्रिय ओलम्पिक कमिटी (आइओसी) की नयाँ अध्यक्ष किस्टी कोभेन्ट्रीले अहिलेसम्म सन् २०३६ को ओलम्पिक खेलकुद आयोजना गर्न चार राष्ट्रले दाबी गरेको जानकारी दिएकी छिन्। उनले आगामी जुनमा ओलम्पिक खेलकुद आयोजना चयन प्रक्रियामा पुनरावलोकन हुने बताएकी थिइन्। आइओसी अध्यक्ष कोभेन्ट्रीको निर्णयसँगै कतारले ओलम्पिक आयोजना दाबी गर्नका लागि गृहकार्य सुरु गरेको हो। सन् २०३६ का लागि इस्तानबुल (टर्की), अहमदाबाद (भारत), नुसान्तारा (इन्डोनेसिया) र सान्तियागो (चिली)ले समेत औपचारिक दाबी घोषणा गरिसकेका छन्। यसमा साउदी अरेबिया, दक्षिण कोरिया, इजिप्ट, इटली, जर्मनी, डेनमार्क र क्यानडाले प्रतियोगिताका लागि दाबी गर्ने योजना बनाएका छन्।

दुईपटक असफल

कतारले ओलम्पिक आयोजनाको दाबी पहिलोपटक गर्न लागेको होइन। यसअघि कतारले २०१६ र २०२० ओलम्पिकका लागि दाबी गरेको थियो। सन् २०१६ को ओलम्पिक ब्राजिलको रियो डी जेनेरियो र सन् २०२० मा जापानको टोकियोले आयोजना गरेका थिए।

जापानले आयोजना गरेको ओलम्पिक निर्धारित समयभन्दा एक वर्ष ढिलो भएको थियो। आइओसीले सन् २०२८ को ग्रीष्मकालीन ओलम्पिक अमेरिका (लस एन्जेलस) र सन् २०३२ को ओलम्पिक ब्रिस्बेन (अस्ट्रेलिया)मा हुने घोषणा गरिसकेको छ। कतारले ओलम्पिक मात्र नभएर सन् २०३० मा एसियन खेलकुद प्रतियोगिता आयोजना गर्दै छ।

२०औं एसियाडमा पुरुषमा १० र महिलातर्फ आठ क्रिकेट टोली



टेस्ट मान्यताप्राप्त राष्ट्र सिधै छनोट

आइसिसीको टेस्ट मान्यता प्राप्त राष्ट्र सिधै २०औं एसियाडमा छनोट हुनेछ। त्यसपछि वरीयताका आधारमा थप राष्ट्र छनोट हुनेछन्। भारत, पाकिस्तान, श्रीलंका, बंगलादेश र अफगानिस्तान टेस्ट राष्ट्र हुन्। यी पाँच राष्ट्र एसियाडमा सिधै छनोट हुनेछन्। त्यसपछि एसोसिएट एकदिवसीय राष्ट्र रहनेछन्। आइसिसीको एसोसिएट एकदिवसीय राष्ट्रमा नेपाल, युएई र ओमान पर्छन्।

एसियाडमा यसअघि वरीयता प्रणाली लागू गरिएको थिएन। तर, गत संस्करणमा कमजोर टोलीहरूले खराब प्रदर्शन गरेपछि एसिसीले सन् २०२६ को संस्करणदेखि वरीयता लागू गरेको हो। एकै स्तरका राष्ट्रहरूको सहभागितालाई प्रतिस्पर्धा एकपक्षीय नहुने एसिसीको भनाइ छ। सन् २०१० को ग्वान्झाउ एसियाडमा बंगलादेशले अफगानिस्तानलाई हराउँदै स्वर्ण जितेको थियो। सन् २०१४ को इन्चोनमा श्रीलंकाले अफगानिस्तानमाथि जित निकाली स्वर्ण जित्यो। सन् २०२२ को हाङझाउ एसियाडमा भारतले अफगानिस्तानलाई लिग चरणमा फराकिलो जित अन्तरका आधारमा स्वर्ण जितेको थियो। अफगानिस्तान लगातार तीनपटक स्वर्ण पदकको भिडन्तमा पुगे पनि रजतमै सीमित भएको छ।

नयाँ पत्रिका

जापानले अर्को वर्ष आयोजना गर्ने २०औं एसियन खेलकुद प्रतियोगिताअन्तर्गत क्रिकेटमा सहभागी टोलीको संख्या निर्धारण भएको छ। एसियन क्रिकेट काउन्सिल (एसिसी)ले एसियाडमा पुरुषतर्फ १० र महिलामा आठ टोलीले मात्र प्रतिस्पर्धा गर्ने निर्णय गरेको छ। बंगलादेशको ढाकामा बिहीबार भएको एसिसीको साधारणसभाले कोटा निर्धारण गरेको हो।

भारत र नेपालका प्रतिनिधिले भर्चुअल रूपमा साधारणसभामा उपस्थिति जनाएका थिए। १३ राष्ट्रका प्रतिनिधिबिच भएको साधारणसभाले आगामी एसियाडमा पुरुष तथा महिलातर्फ वरीयता प्राप्त राष्ट्रहरूले मात्र प्रतिस्पर्धा गर्ने निर्णय गरेको छ। जसअनुसार अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिल (आइसिसी)ले जारी गर्ने टी-२० आई वरीयताअनुसारै राष्ट्रहरूको अन्तिम निर्णय हुनेछ। एसियाडअन्तर्गत समावेश क्रिकेट टी-२० फर्म्याटमा हुनेछ। एसियाडमा चौथोपटक क्रिकेट खेल समावेश हुन लागेको हो।

सन् २०१० मा चीनले आयोजना गरेको ग्वान्झाउ एसियाडमा पहिलोपटक क्रिकेट खेल समावेश थियो। इतिहासमै लगातार दोस्रोपटक एसियाडमा यो विधा समावेश भएको हो। तीन वर्षअघि चीनको हाङझाउमै भएको १९औं एसियाडमा क्रिकेट खेल थियो। त्यसवेला पुरुष टोलीले मात्र प्रतिस्पर्धा गरेका थिए। अर्को संस्करणको आयोजक जापानले भने आफ्ना महिलालाई एक्सपोजर गर्न महिला क्रिकेट राखेको हो।

> सन् २०२६ मा जापानले आयोजना गर्ने एसियाडमा पुरुष तथा महिला क्रिकेट टोली आइसिसीको टी-२० आई वरीयताअनुसार निर्धारण गरिने

एसिसीका अनुसार एसियाडअगाडि आइसिसीले पुरुष र महिलातर्फका टी-२० वरीयता सार्वजनिक गर्नेछ। पुरुषतर्फ शीर्ष १० र महिलामा शीर्ष आठ टोलीले मात्र प्रतिस्पर्धा गर्न पाउने प्रावधान बनाइएको एसिसीले जनाएको छ। 'आयोजकको प्रस्तावअनुसारै हामीले क्रिकेटमा वरीयता निर्धारण गरेका छौं, यसैअनुसार राष्ट्रहरूको सहभागिता रहनेछ,' एसिसीले बिहीबार जारी गरेको विज्ञप्तिमा भनिएको छ।

एसिसीले दियो तीन राष्ट्रलाई सदस्यता



उज्वेकिस्तान | मंगोलिया | फिलिपिन्स

ढाकामा भएको एसिसीको साधारणसभाले थप तीन राष्ट्रलाई सदस्यता प्रदान गरेको छ। एसिसीले मंगोलिया, उज्वेकिस्तान र फिलिपिन्सलाई सदस्यता प्रदान गरेको हो। यो निर्णयसँगै एसिसीको सदस्यराष्ट्र ३० पुगेको छ। भारत, पाकिस्तान, श्रीलंका, बंगलादेश र अफगानिस्तान आइसिसीका पूर्ण सदस्य प्राप्त टोली हुन्। एसिया क्षेत्रबाट युएई, नेपाल र ओमानले आइसिसीबाट एकदिवसीय र टी-२० आई सदस्यता प्राप्त गरेका छन्। थप तीनसहित अब आइसिसीमा टी-२० मान्यता प्राप्त राष्ट्रहरूको संख्या २० पुगेको छ। एसिसीले ब्रुनाई र चाइनिज ताइपेईलाई मान्यता दिए पनि आइसीसीबाट भने अझै मान्यता प्राप्त गर्न सकेका छैनन्।

सन् २०२१ मा मंगोलियाले आइसिसीको एसोसिएट राष्ट्रको मान्यता पाएको थियो। उसले पहिलोपटक १९औं एसियाडमा सहभागिता जनायो। मंगोलियाको आफ्नो पहिलो टी-२० आई खेल नै नेपालविरुद्ध थियो। जसमा मंगोलियाले पहिलो टी-२० आईमा खराब हार व्यहोरेको थियो। अहिलेसम्म मंगोलियाले १५ टी-२० आई खेलेको छ। जसमध्ये उसले १४ खेलमा हारको सामना गरेको छ।

एसिसीले पूर्णकालीन सदस्य बनेको फिलिपिन्सले सन् २०१७ मा आइसिसीको एसोसिएट राष्ट्र सदस्यता प्राप्त गरिसकेको थियो। सन् २०१९ मा आइसिसीले फिलिपिन्सलाई टी-२० आईको मान्यता दियो। फिलिपिन्सले सन् २०१९ को २२ मार्चमा पपुवा न्युगिनीसँग पहिलो टी-२० आई खेलेको थियो। फिलिपिन्सले सन् २०२५ को १३ जुलाईमा इन्डोनेसियासँग अन्तिमपटक टी-२० आई खेल खेल्यो। अहिलेसम्म फिलिपिन्सले ३८ टी-२० आई खेलमा १४ जित र २२ खेलमा हार सामना गरेको छ। उज्वेकिस्तान सन् २०१८ मा आइसिसीको टी-२० आई राष्ट्र बन्यो।

काठमाडौंको नयाँ लोगो सार्वजनिक

काठमाडौं/ काठमाडौं गोर्खाजले दोस्रो नेपाल प्रिमियर लिग (एनपिएल)का लागि नयाँ नाम, लोगो र रणनीतिसहित प्रतिस्पर्धा गर्ने घोषणा गरेको छ। नयाँ लोगोले काठमाडौं उपत्यकाको संस्कृति र सम्पदालाई प्रतिनिधित्व गर्ने गोर्खाजले जनाएको छ। नयाँ लोगोमा उपत्यकाका संस्कृति झल्किने डिजाइन छ। जसमा माथिल्लो भागमा भक्तपुरको न्यातपोल, ललितपुरको कृष्ण मन्दिर र काठमाडौंको तलेजु भवानी मन्दिरलाई समेटिएको छ।

पहिलो संस्करणमा काठमाण्डु गुर्खाजको नामबाट टोलीले प्रतिस्पर्धा गरेको थियो। अब काठमाडौं गोर्खाज नामले प्रतिस्पर्धा गर्ने टोलीका सिइओ सुरजसिंह ठकुरीले बताए। टोलीले मोन्टी देसाईलाई मुख्य प्रशिक्षकमा नियुक्त गरिसकेको छ। उनलाई साथ दिन प्रशिक्षक वसन्त शाही, टेक्निकल एनालिस्ट सुरज शाक्य र फिजियो पुरन तिरुवाको निरन्तरता रहनेछ। मार्की खेलाडी करण केसीले मुख्य प्रशिक्षक मोन्टीको प्रशिक्षणमा उपाधि जित्ने लक्ष्य रहेको बताए।

नेपाल क्रिकेट संघ (क्यान)का सचिव पारस खड्काले कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानको काम चाँडो सम्पन्न भए रातको समयमा खेल सञ्चालन गर्ने योजना रहेको बताए। मार्की खेलाडी करण केसीसहित भीम सार्की, शाहब आलम, रसिद खान, दीपेश कँडेल र प्रतीक श्रेष्ठलाई काठमाडौंले रिटेन गरेको छ।

मर्स्याङ्दीले गच्यो सावित्रालाई सम्मानित



लमङजुङको मर्स्याङ्दी गाउँपालिकाले बिहीबार नेपाली राष्ट्रिय महिला फुटबल टोलीकी कप्तान सावित्रा भण्डारीलाई सम्मान गरेको छ। गाउँपालिका अध्यक्ष अर्जुन गुरुङलगायतले फुटबलर भण्डारीलाई फूलमाला, दोसल्लासहित सम्मानित गरेका हुन्। कार्यक्रममा भण्डारीले गाउँपालिका अध्यक्षलाई आफूले लगाउने जर्सी उपहार दिएकी थिइन्। मर्स्याङ्दी गाउँपालिका- ९, सिम्पानी पामचोकमा जन्मिएकी सावित्रा हालै मात्र अस्ट्रेलियाको शीर्ष डिभिजन क्लबसँग आबद्ध भएकी छिन्। एसिया, युरोप तथा अस्ट्रेलियाली क्लबमा आबद्ध हुने उनी पहिलो नेपाली फुटबलर हुन्। तस्बिर : **शान्ता कमली**/नयाँ पत्रिका

खेल संक्षेप

विश्व सेपाकताक्रोमा नेपालले जित्यो स्वर्ण



काठमाडौं/ नेपालले ३८औं आइएसटिएफ विश्व च्याम्पियनसिपमा बिहीबार समान एक स्वर्ण र रजत जितेको छ। नेपालले मिक्स क्वाडमा स्वर्ण र पुरुष रेगुमा रजत जितेको नेपाल सेपाकताक्रो संघका अध्यक्ष नेत्रप्रसाद गुरुङले जानकारी दिएका छन्।

मिक्स क्वाडमा रोशन तामाङ (कप्तान), सुमित्रा डंगोल, निरु थापामगर, पदम ठाडामगर र राजन नेपालीले प्रतिस्पर्धा गरेका थिए। चाइनिज ताइपेईले रजत तथा बंगलादेशले कांस्य जितेका छन्। थाइल्यान्डमा भइरहेको प्रतियोगिताको रेगुमा रोशन, पदम र राजनसहित सुजन थिङ र सनम पुर्जामगरले खेलेका थिए। यस विधामा चाइनिज ताइपेईले स्वर्ण जित्यो।

अन्तिम १६ मा काष्ठमण्डप

काठमाडौं/ काष्ठमण्डप विद्यालय युरोपको प्रतिष्ठित डाना कप अन्तर्राष्ट्रिय युथ फुटबल प्रतियोगिताको प्रिक्वार्टरफाइनलमा पुगेको छ। प्रतियोगिताको समूह चरणको पहिलो खेलमा काष्ठमण्डपले घाना इन्टरनेसनल एकेडेमीलाई ३-४ ले हरायो। दोस्रो खेलमा काष्ठमण्डप प्यालेस्टाइनको राहेल टोलीसँग १४-० ले पराजित भयो। त्यसपछि तेस्रो खेलमा काष्ठमण्डपले उत्कृष्ट प्रदर्शन गरी नर्वेको स्टोर्ड फुटबल टोलीलाई ४-१ ले हरायो। समूह चरणमा दुई खेलमा जित निकालेपछि काष्ठमण्डपले अन्तिम १६ को स्थान रक्षा गरेको हो।

क्यानको बोर्ड बैठक हुँदै

काठमाडौं/ नेपाल क्रिकेट संघ (क्यान)को बोर्ड बैठक १५ साउनमा बस्ने भएको छ। क्यानका अध्यक्ष चतुरबहादुर चन्दले अर्को साताका लागि बोर्ड बैठक डाकेका हुन्। बैठकमा पहिलो संस्करणको नेपाल प्रिमियर लिगको प्रतिवेदनलगायत विविध पक्षमा छलफल हुनेछ।

क्यानभित्रको असन्तुष्ट पक्षले एनपिएलको हिसाबकिताब अहिलेसम्म सार्वजनिक नगरिएको भन्दै नेतृत्वको आलोचना गरिरहेको छ। क्यानले गत वर्ष भव्य रूपमा एनपिएल आयोजना गरेको थियो।

विश्व बुदो मार्सलमा भाग लिँदै नेपाल

काठमाडौं/ नेपालले विश्व बुदो मार्सल आर्टस् च्याम्पियनसिपमा सहभागिता जनाउने भएको छ। च्याम्पियनसिपमा सहभागी हुन सात खेलाडीसहित १३ सदस्यीय नेपाली टोली बिहीबार अजरबैजानको बाकु गएको छ। प्रतियोगिता ८ देखि १२ साउनसम्म हुनेछ।

जसमा नेपालबाट पाँच पुरुष र दुई महिला खेलाडीले प्रतिस्पर्धा गर्नेछन्। पुरुष ७० केजीमा रोचक भट्टराई, ७५ केजीमा विनोद महर्जन, ८५ केजीमा सुदर्शन खतिवडा, ८० केजीमा सागर विष्ट र ६५ केजीमा रमेश खड्गी छन्। महिला ४२ केजीमा पूजा खड्का तथा ५५ केजीमा बबिता कार्कीले खेल्नेछन्। टोलीलाई राष्ट्रिय खेलकुद परिषद्का सदस्यसचिव टंकलाल घिसिङले बिदाइ गरेका छन्।


विश्वचर्चित क्रिकेटरले पारिश्रमिक पाएनन्

केम्यान टी-१० फ्रेन्चाइजमा पारिश्रमिक नपाउँदा डेभिड वार्नर, सकिब अल हसन, एलेक्स हल्स र कार्लोस ब्राथवेट हडतालमा उत्रिँदा पाँच खेल रद्द

एजेन्सी

केम्यान टी-१० फ्रेन्चाइज लिगमा सहभागी विश्वचर्चित खेलाडीले नियमित पारिश्रमिक पाएका छैनन्। डेभिड वार्नर, सकिब अल हसन, एलेक्स हालेस तथा कार्लोस बाथवेटजस्ता खेलाडीले पारिश्रमिक नपाएको एजेन्सीले खुलासा गरेको छ। पारिश्रमिकका लागि खेलाडीहरू हडतालमा उत्रिँदा एकै दिन पाँच खेल रद्द भएका छन्। जसकारण यो प्रतियोगिताको भविष्य नै अनिश्चित बनेको छ।

गत वर्ष म्याक्स ६० क्यारेबियन नामबाट टी-१० लिग सुरु भएको थियो। अहिले दोस्रो संस्करण चलिरहेको छ। टी-१० को व्यवस्थापक र खेलाडीबिचको सम्झौताअनुसार प्रतियोगिता सुरु हुनु एक महिनाअघि नै पारिश्रमिक प्रदान गरिनुपर्ने थियो। तर, अधिकांश खेलाडीले सर्तअनुसार पारिश्रमिक नपाएपछि हडताल गरेका हुन्। खेलाडी मैदानभित्र प्रवेश नगरेकै कारण एकै दिन पाँचवटा खेल रद्द भएको क्लिकइन्फोले जनाएको छ।



● डेभिड वार्नर ● सकिब अल हसन ● एलेक्स हल्स ● कार्लोस ब्राथवेट

'मैदानबाहिरका समस्याले यसको असर सबैमा परेको छ,' क्लिकइन्फोले उल्लेख गरेको छ। खेलाडीहरूको हडताललाई विश्व क्रिकेटर संघले समर्थन गरेको छ। फ्रेन्चाइज लिगमा खेलाडीमाथि खेलबाड भएको भन्दै संघले विरोध जनाएको छ। 'खेलाडीले सम्झौताअनुसार पारिश्रमिक पाउनुपर्छ। उनीहरूले अझैसम्म रकम नपाउँदा हामीलाई दुःख लागेको छ,' संघका प्रमुख कार्यकारी टम मोफटले भने, 'खेलाडीले इमानदारीपूर्वक आफ्नो जिम्मेवारी पूरा गरेका छन्, तर सम्झौताको कुनै पालना भएन।'

दुबईको बिएमपीको लगानी

दुबईको बिएमपी स्पोर्टस् टी-१० फ्रेन्चाइज लिगको आयोजक हो। यो कम्पनीले पछिल्लो समयमा अबुधाबी, जिम्बावे र श्रीलंका टी-१० लिगमा समेत लगानी गरेको छ। बिएमपीले खेलाडीको समस्याबारे केही जवाफ फर्काएको छैन। कम्पनीका पदाधिकारीले खेलाडीलाई छलफलका लागि नबोलाएको संघका अध्यक्ष टमले बताए।

विनापारिश्रमिक खेलाडी मैदानमा नजानु उनीहरूको अधिकार भएको उनले बताए। 'नियमित रूपमा पारिश्रमिक पाउँदा खेलाडीले आफ्नो जिम्मेवारी इमानदारपूर्वक पूरा गर्छन्, जब सम्झौताविपरीत काम हुन्छ, त्यसवेला उनीहरू मैदानमा आएर खेल्छन् भन्ने अपेक्षा गर्नु बेकार हो,' उनले भने। आइसिसीको मान्यताप्राप्त लिगहरूमा फ्रेन्चाइज लिगको व्यवस्थापकको बदनियतपूर्ण कार्यको सबैबाट विरोध हुनुपर्ने उनले बताए। 'आइसिसीबाट मान्यताप्राप्त यस किसिमको प्रतियोगितामा खेलाडीले पारिश्रमिक पाउँदैनन् भने योभन्दा ठूलो हास्यास्पद के हुन सक्छ,' उनले भने, 'समस्याको सरल समाधान छ। केवल सम्बन्धित पक्षले इमानदारिता देखाउनुपर्छ।'

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com